# श्री ५ रणबहादुर शाह
## (व्यक्तित्व र शासन)

चित्तरञ्जन नेपाली

येँ

मेरी राजभण्डारी

विसं २०२०

श्री ५ बड़ामहाराजा पृथ्वीनारायण शाहबाट प्रारम्भ भएको शाहवंशीय जाहरूमा श्री ५ रणबहादुर शाह नै एकमात्र यस्ता राजा थिए जसलाई तहासमा पागल, कामुक, निष्ठूर, नास्तिक आदि विभिन्न अपशब्दका उपाधि डेर तथा विभिन्न हत्याकाण्डको आरोप लगाएर अयोग्य शासक साबीत गर्ने यास यथेष्ट मात्रामा भएको छ। यसर्थ, शुरूदेखि नै यस प्रकार विरोध गरिएका क्तित्वलाई प्रचलित धारणाको विपरीत प्रस्तुत गर्न खोज्नु समसामयिक पत्रादि तिहासिक साधनविना असाध्य छ, र यहाँ जुन प्रयास गरिएको छ, त्यो यसै मग्रीको आधारमा गर्न खोजिएको छ। अतः रणबहादुर शाहसम्बन्धी आजसम्म चलित अधिकांश इतिहासकारहरूको धारणा र यस पुस्तकका लेखकको धारणामा न्नता रहनु स्वाभाविक मात्र हैन, आवश्यक पनि छ भनेमा अत्युक्ति हुने छैन ला। जहाँ अन्य इतिहासकारहरू उनलाई उपर्युक्त अपशब्दका उपाधि जोड़ी योग्य शासक ठान्दछन्, त्यहाँ यो पुस्तकका लेखक उनी परम्पराविरोधी असाधारण र स्वभावका व्यक्ति हुन् तथा उनको प्रत्येक कार्यको सूक्ष्म अध्ययन गरेमा ती सबैमा लसिला, आवश्यक कारण एवं प्रशासकीय कुशलता देखिन आउँछ भन्ने धारणा ख्तछ। यहाँसम्म कि उनको भय, आतुरता एवं भावावेशको प्रतिक्रियास्वरूप हुन को 'बालक बालिकाहरूको निष्कासन' कार्यमा समेत एक किसिमको सिलसिला न गएको छ।

कर्कप्याट्रिक-मिशनको असफलता, रेजिडेन्ट नाक्सको फिर्ता एवं लार्ड वेलेज्लीको त्र-भंगको घोषणा आदिका कारण बनेका रणबहादुरको अभ्युदयमा केपुचिन पादरी- सित सम्बन्ध जोडी बृटिश शक्तिसित संझौता गर्ने बहादुर शाहको अवसान हुनु र शक्तिसित संधि गरी उनलाई बनारसमा नजरबन्द गर्न खोज्ने तथा कैद गर्नको नेलसहित थानकोट पुग्ने दामोदर पाँडेको हत्या हुनु कुनै अप्रसांगिक

थिएन, नत प्रशासकीय अयोग्यता नै थियो । अनि आफू नेपाल फर्कने पृष्ठभूमि तयार गर्नको निम्ति पठाइएकी महोरानी राजेश्वरीदेवी उल्टो उनलाई बनारसमै राख्ने षडयन्त्रमा लाग्छिन्‌भने उनको प्रत्यागमनको पश्चात् उनीले निर्वासनको सजाय पाउनु कुनै ठूलो सजाय थिएन ।

यसरी राजनैतिक एवं प्रशासकीय क्षेत्रमा उनको व्यक्तित्व कुनै हदसम्म कठोर देखिन्छ, त संत शशिधरको संगत, विभिन्न धार्मिक पुस्तकहरूको अध्ययन, पालुवा जन्तु 'साँढे' प्रतिको ममता—आदिबाट उनको कोमल व्यक्तित्व पनि प्रदर्शित हुन आउँछ ।

यिनै विभिन्न कार्यहरूले गर्दा लेखकलाई रणबहादुर शाहमाथि केही लेख्ने साहस मिल्यो । अतः लेखक सबैसित अनुरोध गर्दछ, कि सयौं वर्षदेखि प्रचलित भएको रणबहादुर-विरोधी भावनाले मात्र प्रेरित ( Bias ) भएर यस पुस्तकको उपेक्षा नगरियोस् ।

यसै सिलसिलामा लेखक, यस पुस्तक निर्माण कार्यको सम्बन्धमा प्राप्त प्रोत्साहन एवं सद्‌भावनाको निम्ति सर्वप्रथम राष्ट्रनायक **श्री ५ महेन्द्रवीरविक्रम शाहदेवका** जुनाफमा हार्दिक कृतज्ञता अर्पण गर्दछ, कि मौसूफबाट रणबहादुर शाहबारे देखाइ-बक्सेको उत्सुकता नै यस पुस्तक निर्माणको प्रेरणा बन्न गएको थियो ।

त्यसपछि सर्वश्री मातृकाप्रसाद कोइराला ( भू० पू० प्रधान मन्त्री ), टंकप्रसाद आचार्य ( भू. पू. प्रधान मंत्री ) बालचन्द्र शर्मा ( भाइस चान्सलर, रायल नेपाल एकेडमी ), शैलेन्द्रकुमार उपाध्याय ( माननीय सहायक मन्त्री ), चूडाप्रसाद शर्मा ( भूतपूर्व परराष्ट्रमन्त्री ) हिज हाइनेस् केसर शमशेर जंगबहादुर राणा, नरप्रताप थापा ( स्व० शाही नेपाली राजदूत ) बाबुराम आचार्य ( इतिहास-शिरोमणि ), सर्दार नगेन्द्रमान सिंह ( भूतपूर्व अध्यक्ष, लोक सेवा आयोग ), दामोदरशमशेर जं. ब. रा. ( माननीय सदस्य, राष्ट्रिय पंचायत ) विनोदप्रसाद धिताल ( सह-सचिव, कानून मंत्रालय ), डा० गोकुलचन्द्र मलहोत्रा ( प्राध्यापक, त्रिभुवन विश्वविद्यालय ) आदि सज्जनवर्गमा एवं सर्वश्री नारायणप्रसाद बाँसकोटा ( डाइरेक्टर, प्रचार तथा प्रसार विभाग ), प्रोफेसर गोविन्द ...ानन्धर ( प्राध्यापक, त्रिभुवन विश्वविद्यालय ), जनकलाल शर्मा ( एक्स्क्या

भेटर, पुरातत्व विभाग), जगतमोहन अधिकारी ( प्रिन्सिपल, डी० डी० कालेज ), गोविन्दबहादुर मल्ल, रमेश धिताल, श्यामदास वैष्णव, विजयबहादुर मल्ल, हरिहरराज जोशी, धनुषचन्द्र गौतम, ईश्वरमान, रत्नप्रसाद श्रेष्ठ ( प्रो०-रत्न-पुस्तक भण्डार ) आदि मित्रवर्गमा लेखक आफूलाई प्राप्त भएको पुस्तक आदिको पैंचो लगायत विभिन्न सहयोगको निम्ति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। साथै, लेखक आफ्ना पूज्य पिताज्यू सर्दार मेदिनीप्रसाद राजभण्डारी ( सल्लाहकार, परराष्ट्र मन्त्रालय ) बाट आफूलाई प्राप्त भएको रणबहादुर शाहको धार्मिक मनोवृत्ति एवं दार्शनिक विचारसम्बन्धी ज्ञानको पितृ-ऋणस्वरूप यो पुस्तक साकार भएको छ भन्ने पनि ठान्दछ।

र अन्तमा, यस पुस्तकको प्रूफ संशोधनसहित भाषा शुद्ध गर्ने कार्यमा श्री सागरमणि आ. दी. मुद्रणसम्बन्धी कार्यमा शीघ्रता ल्याउनमा श्री रत्नप्रसाद श्रेष्ठ तथा यसको प्रकाशनसम्बन्धी अभिभारा उठाउने कार्यमा श्रीमती मेरी राजभण्डारी—हरूबाट सक्रियात्मक सहयोग नपाएको भए यो पुस्तक यति छिटो न प्रकाशित नै हुने थियो, न त यसको भाषा यति शुद्ध नै हुने थियो। अतः लेखक उहाँहरूप्रति विशेष आभार व्यक्त गर्दछ।

संवत् २०२० साल

११/८८३ त्यौडटोल, काठमाडौं —चित्तरञ्जन नेपाली

नेपाल।

"देश बढ्न्या, आम्दानी हुन्या, बढिया बन्या कुरा गर्न्या साना जातिको पनि कुरा सुन्नू।"

—श्री ५ रणबहादुर शाह ।

# विषय-सूची


| अध्याय | पृष्ठ |
|---|---|
| एक – बाल्य-काल (संवत् १८३२—५१) | १ |
| दो—शासन-संचालन एवं राज्यत्याग (संवत् १८५१—५५) | २२ |
| तीन—त्रयी शासन (संवत् १८५६—५७) | ३४ |
| चार—प्रत्यागमन तथा मुख्तियारी (संवत् १८६०—६३) | ५७ |
| पाँच—नेपाल चीन युद्ध (संवत् १८४८—४९) | ८५ |
| छ—उपसंहार, परिशिष्ट एवं सहायक ग्रंथादि | १०५ |

# अनुरोध

एकाध स्थानमा हुन गएको मुद्रणसम्बन्धी साधारण गल्तीहरू आफैं सच्याउनुहुन पाठकवर्गसित अनुरोध गर्दछु, तथा पृष्ठ ६० मा पादटिप्पणी छापिन छूट हुन गएकोले यहाँ दिइएको छ:—

"१. इतिहास प्रकाश—अंक १ पृष्ठ ४१"

—लेखक।

# बाल्य काल

( सम्बत् १८३२–५१ )

नेपाल अधिराज्यका शाहवंशीय राजाहरूमध्ये तृतीय राजा श्री ५ रणबहादुर शाहको विरोधमा आजसम्म जति कुरा नेपालको इतिहासमा लेखिएको छ, त्यति कुरा शायदै अरू कुनै नेपाली राजाको विरुद्ध लेखिएको होला। उनले आफ्नो शासनको छोटो अवधिमा देश, नरेश र जनताको लागि जे जति महानतम्, तर क्रान्तिकारी एवं परंपराविरोधी कार्यहरू गरेका थिए, त्यसको मूल्यांकन शुरूदेखि नै विरोधी तर्कद्वारा गरिन थालेको थियो र यो विरोध एक शताब्दीभन्दा पनि बढ़ी व्यापक रह्यो। यसरी उनी इतिहासमा पागल, निठूर र अयोग्य शासकको रूपमा देखा परे, तथा उनले उठाएका बिर्ताहरण, भैरवीचक्र, अंग्रेजसितको सम्बन्ध विच्छेद, आदि राष्ट्रवादका महानतम् योगदानहरू—सबै नै उनको पागलपन वा कठोरताको परिणाम जस्तो मात्र देखिन थाल्यो। उनको विषयमा अंग्रेज इतिहासकारहरूले जोडेको कतिपय झूठो कुरा पनि सय वर्षसम्म सत्य झैं रहन गयो।

तिनै राजा रणबहादुर शाहको जन्म विक्रम सम्वत् १८३२ साल आषाढ़ वदि ११ को दिन महारानी राजेन्द्रलक्ष्मीको कोखबाट भएको थियो। आफ्ना पिता श्री ५ प्रतापसिंह शाहको अल्प समयमै मृत्यु भएकोले उनी संवत् १८३४ मार्ग वदि ३ का दिन नेपालको राजसिंहासनमा बसे। यसरी अढाई वर्ष पनि पूरा नहुँदैमा उनी राजा भएका थिए। तरपनि संवत् १८५१ सालदेखिन् मात्र उनले वास्तविक रूपमा शासन चलाउन पाए। त्यसभन्दा

अगाडिसम्म उनी नामका राजा थिए, तथा उनकी आमा महारानी राजेन्द्र लक्ष्मी र काका चौतरिया बहादुर शाहले क्रमशः राजाका नायब (Regent) भएर उनको नाममा शासन संचालन गरेका थिए।

अढाई वर्षका बालक राजा रणबहादुर शाहलाई काखमा राखी महारानी राजेन्द्रलक्ष्मीले शासन चलाइन्। राजाका नायब भै शासन संचालन गर्ने महारानीहरूमा उनी योग्य एवं प्रतिभाशाली थिइन्। उनीले आफ्नु नायबी कालमा केही राज्य रजौटाहरूलाई नेपाल राज्यमा गाभेर आफ्ना ससुरा श्री ५ पृथ्वीनारायण शाहबाट शुरू भएको 'विशाल नेपाल राज्यको संस्थापन' कार्यको गारोमा ईंट थपिन्।

महारानी राजेन्द्रलक्ष्मीले धेरै वर्षसम्म नायबी चलाउन पाइनन्। आठ वर्षको नायबी कालमा पनि उनीलाई आफ्ना देवर चौतरिया बहादुर शाहसित नायबीको निमित्त संघर्ष गर्नुपर्‍यो। यही देवर भाउज्यूको आपसी कलहको मौका पारी केही बाइसे राज्यहरूले नेपाल राज्यको विरुद्धमा शिर उठाउने साहस पनि गरेका थिए।

श्री ५ प्रतापसिंह शाहको मृत्युपछि विदेशमा निर्वासित उनका भाइ चौतरिया बहादुर शाह नेपाल आए। शुरूदेखि नै महात्वाकांक्षी एवं शक्तिका उपासक हुँदा भतिजा राजाको नायबी हातमा लिई शासन संचालन गर्न उनी नेपाल आए। तर राजेन्द्रलक्ष्मी मात्र साधारण स्त्री थिइनन्। उनी आफ्ना देवरको इच्छा र मुराद बुझ्दथिन्। साथै आफ्ना पतिको राज्यकालमा उनले गरेको षड्यन्त्रलाई पनि उनीले बिर्सेकी थिइनन्। चौतरिया बहादुर शाहले आफ्ना दाज्यू श्री ५ प्रतापसिंह शाहको शासनकालमा दाज्यूको विरोधमा चौतरिया दलमर्दन शाह (ललितपुर राज्यका भूतपूर्व राजा) सित मिलेर षडयन्त्र गरेका थिए। तर राजालाई षडयन्त्रको सूचना अगावै प्राप्त भएबाट सो सफल हुन नपाउँदै बहादुर शाह बन्धनमा परे। त्यसपछि राजगुरु गजराज मिश्रको विशेष आग्रहमा कैदी बहादुर शाहलाई नेपाल बाहिर कतै गएर बस्ने अनुमति दिइयो। उनी बेतियामा गै बसे, जहाँ श्री ५ पृथ्वी

नारायण शाहद्वारा निष्कासित केपुचिन पादरीहरू बस्तथे। प्रतापसिंहको शासनभर उनले बेतियामा नै बिताए।[१]

यिनै निर्वासित चौतरिया बहादुर शाह आफ्ना दाज्यू प्रतापसिंह शाहको मृत्युपछि नेपाल आई भतिजा राजा रणबहादुर शाहका नायब बने। यस कुराको सूचना उनले राजाको नामबाट पत्र लेखाई गराए।[२] तर पनि महारानी राजेन्द्रलक्ष्मी उनका विरोधी भएकी हुँदा नायबी निमित्त देवर भाउज्यूमा खटपट पर्नु स्वाभाविकै थियो, र पऱ्यो पनि। महारानीले नायब बहादुर शाहलाई कैद गरिन्। तर यसपाला पनि उनलाई बचाउन तथा बन्धन मुक्त गराउन राजगुरु गजराज मिश्र नै अगाडि सरे। राजगुरुको प्रार्थनामा उनी बन्धनबाट मुक्त गराइएपछि उनले महारानी राजेन्द्र लक्ष्मीलाई अनैनिकताको दोषारोपण गरी कैद गरे तथा आफू नायब भै शासन हातमा लिए। तर उनको यो नायबी धेरै दिन टिक्न सकेन। राज्यका अधिकांश शक्तिशाली भारादारहरू महारानीका पक्षमा थिए। महारानीमाथि लगाइएको अनैतिकताको आरोप साबीत हुन सकेन र उनी निर्दोष भै जेलबाट मुक्त भइन्। त्यसपछि महारानीको व्यक्तित्वको सामुन्ने आफ्नो केही नलाग्ने देखी बहादुर शाह पुनः बिदेशिए। यसपाला पनि उनी बेतियामा गै बसे, र कहिलेकाहीं पटनामा पनि रहन थाले। महारानी राजेन्द्रलक्ष्मीको नायबी कालभर भने जस्तै नै उनी भारत मै रहे।[3]

---

१—( i ) Kirkpatrick—Account of Nepaul-pp 271-72

( ii ) Hamilton—Account of Nepal—pp 247

( iii ) Oldfield—Sketches of Nipal—p 279

( iv ) बालचन्द्र शर्मा—नेपालको ऐतिहासिक रूपरेखा—पृष्ठ २३१

२—पत्रको नकल परिशिष्ट नं १ मा।

३—(i) Kirkpatrick—Nepaul—p 273.

(ii) बालचन्द्र शर्मा—नेपालको ऐतिहासिक रूपरेखा—पृ० २३२.

नायब महारानी राजेन्द्रलक्ष्मी र चौतरिया बहादुर शाहको बीचको नायबी निमित्तको यस झगडालाई ऐतिहासिक विश्लेषण गरी हेरेमा स्पष्ट हुनेछ कि यस झगड़ा उठ्नुमा सैद्धान्तिक कारण थियो ।

श्री ५ पृथ्वीनारायण शाहका द्वितीय पुत्र चौतरिया बहादुर शाहको जन्म विक्रम सम्वत् १८१४ आषाढ़ महीनामा भएको थियो । उनको जन्म यसरी गोर्खा र कान्तिपुर राज्यको युद्धको समयमा हुन गएको थियो । हर क्षेत्रको युद्धमा आफ्ना पिता विजयी हुँदै गएबाट यी घटनाहरूको सफलताको असर स्वरूप विस्तार विस्तार उनमा महत्वाकांक्षा एवं शक्तिप्रतिको लालच बढ्दै गयो, जुन स्वाभाविक पनि थियो । तरपनि बाबुका शेष पछि आफू राजा हुन नपाइने भएबाट उनी स्वतः विरोधी गूटमा पर्न गए । आफ्नो महत्वाकांक्षालाई पूरा गर्न उनले आफ्नो नीति एवं कार्यपद्धतिलाई बद्ल्नुपर्‍यो, र परराष्ट्रसम्बन्धी कार्यमा उनको र श्री ५ पृथ्वीनारायण शाहको नीति र विचार फरक हुन गयो । उनले आफूलाई आफ्ना बाबुले जस्तै ईसाई पादरी केपुचिनहरूको विरोधी बनाएनन्, कि आफ्ना बाबुले निष्कासन गरेका केपुचिनहरूसित उनले बाचुन्जेल मित्रता कायम गरे । जब जब उनी नेपालमा बस्न नसकी भागेर निर्वासित भए, केपुचिनहरू रहेको ठाउँ बेतियामा गएर बसे, तथा उनीहरूसित मित्रता कायम गरी उनीहरू मार्फत बृटिश कंपनी सरकारसित सम्पर्क राखे । उनले पटनामा केपुचिन पादरीहरूले बनाएको गिर्जाघरमा आफ्नो चिह्नस्वरूप एउटा घण्टा पनि प्रदान गरेका थिए ।[१] साथै, पछि आफू नेपाल नरेश रणबहादुर शाहका नायब भएपछि पनि उनले आफ्नो तरफबाट बेतियामा रहेका निर्वासित केपुचिनहरूलाई सौगत पठाउने गरेका थिए ।[२]

यसरी श्री ५ पृथ्वीनारायण शाहको परराष्ट्र नीति, अझ विशेषतः बृटिश-प्रतिको नीति र बहादुर शाहको नीतिमा सैद्धान्तिक मतभेद थियो, तथा उनी

---

१. र २—सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा—पृष्ठ १७०

ब्रिटिश शक्तिका समर्थक थिए भन्ने साबीत हुन्छ। तर नायब महारानी राजेन्द्रलक्ष्मी एवं अन्य भारादारहरूमा अधिकांश फिरंगी विरोधी नै थिए। यसै कारण, राजेन्द्रलक्ष्मी र चौतरिया बहादुर शाहको बीच नायबीको निमित्त झगड़ा उठ्नु अस्वाभाविक थिएन। आफ्ना विदेशी साथीको आड्मा दाज्यूका विरुद्ध समेत षडयन्त्र गर्न सक्ने बहादुर शाहले आफू नायब हुन पाएमा कतै बालक राजामाथि समेत कुदृष्टि नराखून् भन्ने आशंकाबाटै महारानीले उनलाई नायबी पत्याउन नसकेकी हुन सक्छ।

यसरी चौतरिया बहादुर शाहको, आफ्ना दाज्यू श्री ५ प्रतापसिंह शाह बाचुन्जेल दाज्यूसित, तथा दाज्यूको मृत्युपछि भाउज्यूसित प्रशासन सम्बन्धी कार्यमा खटपट शुरू भएको थियो, र यो झगड़ा उनी बाचुन्जेल नै रह्यो पनि। अझ उनकी भाउज्यू राजेन्द्रलक्ष्मीको मृत्युपछि पनि उनको रणबहादुर शाहसित खटपट हुनगयो, र अन्त्यमा यसै खटपटको फल स्वरूप नै उनको मृत्यु पनि भयो। यसरी चौ० बहादुर शाहको राजापक्षसित कहिल्यै मेल हुन सकेन, र यस झगडामा सैद्धान्तिक कारण हुनुको साथै उनको 'विरोधी गूट' को मनोवृत्तिले पनि कार्य गरेको थियो भन्ने सिद्ध हुन्छ।

तर, महारानी राजेन्द्रलक्ष्मी र चौतरिया बहादुर शाहको विषयमा इतिहासकार ह्यामिल्टनले नेपालसम्बन्धो आफ्नु पुस्तकमा यो दुइको बीच गुप्त यौन सम्बन्ध थियो तथा बिहेसम्मको कुरा पनि चलेको थियो, भनी लेखेका छन्।[१] यो कुरा उनले पाल्पाका जनताको भनाइबाट सुनिएको भनी लेखेका थिए। यस घटनासम्बन्धी कुरा केवल ह्यामिल्टनको पुस्तकमा मात्र लेखेको देखिएको छ। अरू कुनै इतिहासकारले यस घटनाको उल्लेख गरेको देखिंदैन। बहादुर शाहका समयमै नेपाल आएर नेपालसम्बन्धी पुस्तक लेख्ने विलियम कर्कप्याट्रिक ( कर्नल )ले पनि यस घटनाको उल्लेख

---

१. F. Hamilton--Nepal-P. 247.

गरेका छैनन्, नत वंशावलीमा पनि यस बारे कुनै उल्लेख भएको पाइन्छ। यसकारण, केवल ह्यामिल्टनको यस भनाइ, जुन उनले पाल्पाका जनताको भनाइबाट सुनेको भनी लेखिएको छ, त्यसबाट मात्र यस घटनालाई सत्य थियो भनी मान्न अप्ठ्यारो हुन्छ। उसमाथि, राजनैतिक एवं प्रशासन सम्बन्धी कार्यमा राजेन्द्रलक्ष्मी र बहादुर शाह एक दोस्रोका विरोधी थिए, तथा बाँचुन्जेल यी दुइको बीच राजनैतिक झगड़ा रहेकै थियो। यसो हुँदा यी दुइको बीच यस प्रकारको गुप्त यौन सम्बन्ध हुन सक्छ भन्ने कुरा नत राजनैतिक दृष्टिकोणबाट सम्भव देखिन आउँछ नत नैतिक दृष्टिकोणबाट नै। निःसन्देह शाही घरानाप्रति यसप्रकारको लांछना लगाउन खोज्नुमा ह्यामिल्टनको राजनैतिक धूर्तता देखिन्छ।

महारानी राजेन्द्रलक्ष्मीका नायबी कालमा पश्चिमतिरका केही रजौटाहरूलाई नेपाल-राज्यमा मिलाउने कार्य भयो। कास्की, लमजुंग, नुवाकोट (प. ४ नं) आदि स्थानहरूलाई विशाल नेपाल राज्यमा सम्मिलित गराएर उनीले श्री ५ पृथ्वीनारायण शाहको राज्य-विस्तारको कार्यलाई अझ विस्तृत गरिन्। उनीको नायबीकाल विशेषतः राज्य-विस्तारको युग हुँदा, उनीले शासन व्यवस्थाको सुधार कार्यतर्फभन्दा विशेष ध्यान सेना संगठन गर्नमा लगाइन्।[१] यसपछि सम्वत् १८४२ सालको श्रावण महीनामा उनीको मृत्यु भयो।[२]

नायब महारानी राजेन्द्रलक्ष्मीको मृत्युबाद बेतियामा निर्वासित भएका चौतरिया बहादुर शाहले आफ्ना दश वर्षका भतिजा राजा रणबहादुर शाहको नायब भै शासन संचालन गर्न थाले।

चौ० बहादुर शाहको नायबी कालमा पनि पश्चिम नेपालका राज्य रजौटाहरूलाई नेपाल राज्यमा मिलाएर राज्य-विस्तारको कार्य गरिएको थियो।

---

१. Kirkpatrick—Nepaul—p. 73.

२. एक तिथ्यावलीको आधारमा।

पाल्पा राज्यको विरोधबाट बहादुर शाहको पश्चिमी राज्यको विजय अभियानमा वाधा पर्ने देखिएको हुँदा, उनले तत्कालीन पाल्पाली राज्यका राजा महादत्त सेनको छोरीसित विहे गरी[1] त्यस राज्यसित वैवाहिक सम्बन्ध कायम गरे, तथा मित्र राज्य बनाए। उनको बिहे सम्वत् १८४२ सालको माघ महीनामा भएको थियो।[2]

त्यसपछि आफ्नो पश्चिम विजय अभियानको सिलसिलामा चौ० बहादुर शाहले आफ्ना सेनापतिहरू पठाई गुल्मी राज्यमाथि हमला गर्न पठाए। यस आक्रमण कार्यमा मुख्य भारादारहरूको रूपमा काजी जीव शाह, काजी शिवनारायण खत्री, सर्दार अम्बरसिंह थापाहरू गएका थिए। यी भारादारहरूको नेतृत्वमा गएको शाही फौज कार्कीकोटको बाटो हुँदै काली नदी तरेर गुल्मी राज्य पुग्यो। गुल्मीका राजा भागे, र त्यो राज्य नेपाल राज्यमा सम्मिलित भयो।

गुल्मी राज्यलाई जितिसकेपछि, नेपाली फौज तीन विभाजनमा बाँडिएर अगाडि बढ्यो। सर्दार अम्बरसिंह दुइ कंपनी फौज लिएर चन्द्रकोट तथा सुब्बा जोगनारायण मल्ल खाँची नामक स्थानमा पुगे। काजी जीव शाह र सर्दार पारथ भँडारीहरू अर्जुंगा र रेसुंगातर्फ आक्रमण गर्न पुगे। यसै बखत पर्वत राज्यका फौजले सल्यानी कुर्थामा हमला गर्‍यो। मद्दतको निमित्त गएको शाही फौज त्यहाँ पुग्नु अगावै त्यस स्थानका द्वारे सबल शाही डराएर भागेकोले सो भूमिमा पर्वत राज्यको फौजले कब्जा गर्‍यो। यो ठाउँलाई दखल गरिसकेपछि पर्वत राज्यका फौजले अर्घा भन्ने ठाउँमा रहेको नेपाली फौजमाथि हमला गर्न पुग्यो। भीषण युद्ध चल्यो, र अन्तमा नेपालीहरू विजयी भए। अर्घा शहर नेपाल राज्यमा गाभियो।

---

१. Hamilton—Nepal—p. 27.

२. एक तिथ्यावलीको आधारमा।

यसपछि, दुइ कम्पनी फौज साथमा लिई चन्द्रकोट पुगेका सर्दार अम्बरसिंह थापा र, खाँचो पुगेका सुब्बा जोगनारायण मल्लले संयुक्त भै बाग्लुंग राज्यमाथि कब्जा गरे। अनि काजी दामोदर पाँडे, काजी जगजित पाँडेहरूको नेतृत्वमा विजय यात्रा शुरू गर्दै गएको नेपाली फौजले प्यूठान, दांग र जाहारिटारसम्म जितेर ती स्थानहरूलाई नेपाल राज्यमा सम्मिलित गराएर फर्क्यो। काजी शिवनारायण, सर्दार प्रबल - रानाहरूले मुक्तिनाथको हिउँले ढाकिएको दुर्गम बाटोबाट गएर जुम्ला राज्यलाई नेपालमा मिलाए। त्यसैताका, सर्दार कालु पाँडे, सर्दार शत्रुसाल आदि सेनापतिहरूले आफ्नो अभियानको सिलासिलामा सुर्खेत र दैलेखलाई पनि नेपालमा गाभे। कप्तान नरवीर खत्रीको नेतृत्वमा बढ्दै गएको फौजले अछाम र डोटी माथि कब्जा गर्‍यो।

यसरी विभिन्न स्थानहरूमा विजयी हुँदै शाही फौज कुमाउँनेरको धौली नामक जग्गामा गएर मोर्चाबन्दी गरी बस्यो। यसैताका, गगौली भन्ने स्थानमा महीन्द्रचन्द्रको फौजसित नेपालीहरूको युद्ध भयो। यस लड़ाइँमा नेपालीहरू पराजित भए। तर अम्बरसिंह थापाले गै पुनः युद्ध गरेर त्यो ठाउँ जिते र यसरी अल्मोड़ासम्म नेपाल राज्य फैलियो।

अल्मोड़ाबाट पनि अगाड़ि बढ्दै शाही फौज अलकनन्दा वारि पुग्यो। त्यहाँसम्म नेपालीहरूले राम्ररी लड़नु नै परेन, तथा बाटामा परेका भूमि माथि सजिलैसंग कब्जा गर्दै नेपालीहरू अगाडि बढे। प्रतिमन शाहीको नेतृत्वमा अगाडि बढेको नेपाली फौजले श्रीनगर पुगी त्यहाँको रक्षार्थ काल्ठू खवासलाई छोडी लिग्लिग्भन्दा पर गै जन्नरखालमा मोर्चा कसी बस्यो। यता अम्बरसिंह थापा पाल्पाबाट थुम्कामा आएर बसे। यसै बखत ललांगढ़ीबाट चढाइ गरेर शत्रुको फौजले नेपालीहरूमाथि हमला गर्‍यो र, त्यहीं युद्ध भयो। अनि कोशा नामक स्थानमा पनि शत्रु आइपुग्दा अम्बरसिंह थापा र भक्ति थापाले गएर हराए। यसै समयमा भेरीपारि तथा महाकाली वारि तर्फबाट शत्रुले हमला गर्दा श्रीनगरस्थित नेपाली सैनिकको आफ्नो

गूटसित सम्बन्ध छुट्न गै हा: हा: पर्न गयो । पछि कालु पाँडे तथा जगजित पाँडेले गै बहादुरीसाथ लडी शत्रुलाई हराए, तथा श्रीनगरस्थित आफ्नो फौजसित गै मिले ।

यसताका नेपालीहरूलाई उत्तरतिरबाट तिब्बतको सहायतार्थ अगाडि बढ्दै आएको असंख्य चीनिया फौजको पनि सामना गर्नुपरेको थियो । चीनियाहरू बढ्दै धेरै वर आइपुगेका थिए। यसरी एकसाथ दुइ शक्तिसित युद्ध पर्न गएबाट नेपालीहरूलाई साह्रै मुश्किल पर्न गयो । चीनिया फौजसितको भीषण संघर्षमा नेपालीहरूले धेरै पटक विभिन्न मोर्चाहरूमा पराजयको सामना गर्नुपर्‍यो । आखिरमा चीनिया सैनिक नेपालको पश्चिम १ नम्बर जिल्लाअन्तर्गत धैबुंग भन्ने स्थानसम्म पनि आइपुग्यो। चीनियाहरू राजधानीबाट केवल २।३ दिनको बाटोमा आइपुगेबाट नेपालले ठाउँ ठाउँमा लड्न गैराखेका नेपाली सैनिकहरूलाई एकत्रित गर्न थाल्यो । यसै बखत अलकनन्दातिरको युद्धमा लडिरहेका अमरसिंह थापाहरूलाई बोलावटको आदेश जारी भएको लाल मोहरको नकल यस प्रकार छः—

### श्री दुर्गासहाय

"स्वस्तिश्री मन्महाराजाधिराज कस्य रुक्का ........

आगे अमर सिंह थापा दसरथ षत्री सुबेदार प्रति चिनियाँ भोट्या धैवुंग सम्म आयो तसअर्थ २ जनाले कुम्पनी सामेल गरी बहुतै तद्बिरि संग रात-दिन गरि चांडै हजूरमा आइ पुग सर्वथा इति सम्बत् १८४६ साल श्रावण सुदि १३ रोज २ मुकाम कान्तिपुर शुभम्—"

चीनिया फौज धैबुंगसम्म पुगेको समाचार प्राप्त भएबाट नेपाली सैनिकहरूले सुदूर पश्चिमतिर भै राखेको युद्ध बन्द गरी फर्कन बाध्य हुनु पर्‍यो । उनीहरू गढ़वाल राज्यसित संधि गरी फर्कन बाध्य भए । तर फेरि चीनिया फौजसित बेत्रावतीमा सुलह भै युद्ध बन्द भएको समाचार प्राप्त भएकोले कप्तान कालू पांडे र सुबेदार नरू साही त्यहीं बसे, बाँको सेनापति-हरू राजधानी फर्के ।

चौतरिया बहा शाहको नायबी कालको अवधिमा नेपालले दुइ पटक तिब्बतसित हतियार उचाल्नुपरेको थियो। सम्वत् १८३२ सालमा श्री ५ प्रतापसिंह शाहको समयमा भएको तिब्बतसितको संधिमा[१] खलल उत्पन्न हुन गएकोले यो युद्ध हुन गएको थियो। संवत् १८४६ सालमा शुरू भएको नेपाल-तिब्बत युद्धको प्रथम अध्याय वर्ष दिन पनि लम्बिएन र केरूंगमा संझौता भै टुंगियो। केरूंगमा भएको यस संझौतामा चीनिया अम्बाहरूले पनि मध्यस्थको रूपमा भाग लिएका थिए। यसो हुँदा यस घटनाबाट धेरै शताब्दी देखिन् रोकिन गएको नेपाल र चीनको आपसी सम्बन्ध पुनः खुल्न गयो। नेपालले पेकिङ्सम्म आफ्नो प्रतिनिधि पठाई चीन सम्राट समक्ष सौगात पठायो। यस प्रतिनिधिमण्डलको नेतृत्व काजी हरि साहीले गरेका थिए। चीन बादशाहले पनि नेपाल नरेश रणबहादुर शाहलाई 'वाङ्' र नायब चौतरिया बहादुर शाहलाई 'घुङ्' को उपाधि प्रदान गरी सौगात पठाए।

तर यस संझौताबाद नेपाल र तिब्बतको सम्बन्ध पाँच वर्ष पनि शान्तिपूर्ण वातावरणमा कायम रहन सकेन। करीव ३ वर्षपश्चात नै यी २ राज्यहरूको बीच पुनः युद्ध शुरू हुन गयो। यस पटकको लड़ाइँमा नेपालले केवल तिब्बतसित मात्र लडेर पुगेन कि तिब्बतलाई सहायता गर्न आएको असंख्य चीनिया फौजसित पनि लड़नुपरेको थियो। हुनत अघिल्लो लड़ाइँमा पनि नेपालको विरुद्ध तिब्बतलाई सहायता गर्न सेनापति च्यान् चुन्को नेतृत्वमा चीनिया फौज ल्हासा आइपुगेको थियो तापनि चीनिया फौज ल्हासा पुगुन्जेलसम्ममा नेपाल र तिब्बतका बीच युद्धबन्दीको कुरा चलौ केरूंगमा संझौता वार्ता चल्न ठीक भै सकेको हुँदा चीनिया फौजले हतियार उठाउनुपरेको थिएन। तर पछिल्लो युद्धमा भने चीनिया सैनिक र नेपाली सैनिकको बीच भीषण लड़ाइँ हुन गयो। यो लड़ाइँ सम्वत् १८४८ सालमा

---

१. लेखक—नेपाल र तिब्बत ( अप्रकाशित )—पुस्तकमा।

कुतीबाट शुरू भै करीब वर्ष दिनपछि संवत् १८४९ सालमा बेत्रावतीमा आई टुंगियो।[1]

चीनसित हुन गएको यस लड़ाइँमा सहायतार्थ राजाका नायब भै शासन चलाउने चौतरिया बहादुर शाहले भारतका राज्यहरू कब्जा गरी बसेको बृटिश कम्पनी सरकारसित फौजी मदत मागेका थिए। तर बृटिश कम्पनी सरकारबाट नेपाललाई फौजी सहायता प्राप्त भएन। बृटिश भारत सरकारका गवर्नर जनरल लार्ड कर्नवालिसले चीनको विरुद्धमा नेपाललाई फौजी सहायता गरेर चीनसितको व्यापारमा धक्का पुऱ्याउन चाहेनन्।[2] तर, कप्तान किनलोकको हारको समयदेखि नै नेपालभित्र हात हाल्ने आफ्नो औपनिवेशिक कार्रवाईको निमित्त उपयुक्त हुन आएको यस समयलाई चूप लागेर त्यसै गुमाउन पनि गवर्नर जनरलले उचित ठानेनन्। त्यसो हुँदा तुरून्तै फौजी सहायता नदीकन केवल युद्धको स्थितिको अध्ययन गर्नको निमित्त मात्र भनी उनले कर्नल विलियम कर्कप्याट्रिकको नेतृत्वमा एक फौजी मण्डल नेपाल पठाए। यो बृटिश फौजी मण्डलले सन् १७९३ मार्च ३ तारेखको दिन ( तदनुसार विक्रम सम्वत् १८४९ साल फागुनमा। ) नेपाल काठमाडौंमा प्रवेश गऱ्यो।

तर, यो फौजी मण्डलले नेपाल राजधानीमा पाइला टेक्नु अगावै बेत्रावतीमा नेपाली सेनापति र चीनिया सेनापतिको बीच युद्धविराम संझौताको वार्ता चलिसकेको हुँदा तथा यस फौजी मण्डलप्रति नेपालका तत्कालीन भारादारहरूले उत्सुकतासमेत नदेखाएको हुँदा यसले नेपाल राजधानीमा प्रवेश गरेको २४ औं दिनमा असफल भै फर्कनुपऱ्यो।

नेपाल चीन युद्धको स्थिति अध्ययन गर्नको निम्ति कर्नल विलियम कर्कप्याट्रिकको नेतृत्वमा आएको यस बृटिश फौजी मण्डलले नेपाल प्रवेश

---

१. युद्धको विस्तृत विवरण—यसै पुस्तकको पाँचौं अध्यायमा दिइएको छ।

२. बालचन्द्र शर्मा—नेपालको ऐतिहासिक रूपरेखा—पृ० २४२।

गर्नु भन्दा ठीक वर्ष दिनअगाडि नेपाल र बृटिश कंपनी सरकारको बीच एक व्यापारिक संझौता पनि भएको थियो। संवत् १८४६ सालमा भएको नेपाल तिब्बत युद्धको प्रतिक्रियाबाट उत्पन्न परिस्थितिको अध्ययन गरी निकट भविष्यमा पुनः उत्तरीय राज्यसित खटपट पर्न गएमा फौजी सहायता माग्न सजिलो गर्नको निमित्त चौतरिया बहादुर शाहले बृटिश कंपनी सरकार सित व्यापारिक संझौता गरेको हुनुपर्छ, किनभने त्यसबखत सम्ममा संवत् १८४६ सालको केरुङ् संझौतामा तिब्बत सरकारबाट पूर्ण असन्तोषको प्रतिक्रिया दर्शाइसकेको थियो। श्री ५ पृथ्वीनारायण शाहद्वारा निष्कासित आफ्ना मित्र केपुचीन पादरीहरूको सल्लाहअनुसार नेपालमा आफ्नो पदको सुरक्षा निमित्त पनि उनले बृटिश कंपनी सरकारसित सम्बन्ध राख्न चाहेको हुन सक्छ कारण विदेशी शक्तिको भरमा आफ्नो पद र शक्तिको सुरक्षा गर्ने दाउ नेपालमा पछिसम्म पनि देखिन गएको थियो। बहादुर शाहले अंग्रेजसित गरेको संधिमा उनको बृटिशप्रतिको उदार नीतिको काफी प्रभाव थियो। नेपाल र बृटिश कंपनी सरकारको बीच भएको यो व्यापारिक संझौता सन् १७९२ मार्च १ तारेखका दिन ( तदनुसार संवत् १८४८ साल फागुन सुदी ७ ) मा भएको थियो। यस संझौतामा नेपालको तर्फबाट चौतरिया बहादुर शाहले तथा बृटिश कंपनी सरकारको तर्फबाट बनारसस्थित कंपनी सरकारका प्रतिनिधि मि० जोनाथन डन्कनले सही गरेका थिए।[1] तर यो संझौताप्रति तत्कालीन राजा एवं भारादारहरूको संतोषपूर्ण रूख नभएबाट राम्ररी चालू नै हुन नपाई यो त्यसै निष्क्रिय हुन गयो। बहादुर शाहको अवसानपछि त त्यो संझौता लागु हुने कुरामा कम विश्वास हुन गै कंपनी सरकारले यसबारे अध्ययन एवं परीक्षा गर्न अब्दुल कादर खाँलाई नेपाल पठाउन चाहेको पनि थियो।[2]

१. Aitchison–Treaties, Sanads & Engagements—vol II No. XXII p. 103–5

२. D. C. Ganguly—Secret Documents—P. 134–35

कुनै इतिहासमा नेपाल र बृटिश कंपनी सरकारको बीच यो संझौता हुनुमा बहादुर शाहको होइन कि उनका विरोधीहरूको हात थियो भन्ने लेखिएको छ । 'नेपालको ऐतिहासिक विवेचना' का लेखक प्रो० ढुण्डिराज भण्डारीले यस संदर्भमा बहादुर शाहलाई अंग्रेजहरूका कट्टर विरोधी जताएका छन् तथा उनको अवसानमा अंग्रेजहरू पूर्ण प्रयत्नशील थिए भनी लेखेका छन्[१] । साथै बृटिश कंपनीसितको संझौताबारे उक्त पुस्तकमा लेखिएको छ—"...वाराणसीस्थित जॉन्थन डंकनद्वारा सप्तसूत्री व्यावसायिक संधिको प्रस्ताव नेपालमा पठायो । दरबारभित्र विरोधी गूटको प्रबलता भएको हुनाले र साथै किशोर रणबहादुर शाहले पनि उनीहरूको पक्षमा नै आफ्नो विचार धारा प्रकट गरेको हुनाले नेपालले यस व्यावसायिक संधि प्रस्तावलाई स्वीकार गऱ्यो ।......दरबारभित्रको कुचक्रले गर्दा नेपाल र कंपनी सरकारको बीच......संधि कायम भए तापनि बहादुर शाह भित्रभित्रै कूटनीतिको अर्कै गोटी चालिरहेका थिए...।"[२]

यसरी प्रो० ढुंडिराजले बहादुरशाह लाई अंग्रेज विरोधी भन्ने साबीत गर्न खोजेका छन् , तथापि यस सम्बन्धी ऐतिहासिक तथ्यले भण्डारीजोको उक्त भनाइको समर्थन गर्दैन । प्रथमतः श्री ५ पृथ्वीनारायण शाहद्वारा निष्कासित केपुचिन पादरीहरूसित उनको मित्रता, एवं उनीहरूलाई गरिएको सौगात को प्रदान[3] बाटै उनी अंग्रेज विरोधी थिएनन् भन्ने स्पष्ट हुन्छ । उसमाथि स्वयं कर्कप्याट्रिकले यो स्पष्टतया मंजूर गरेका छन् कि सिवाय बहादुर शाह, राजा एवं अन्य भारादारहरू कर्कप्याट्रिकको नेपालमा रहनुका विरोधी थिए । यसबाहेक, नेपालसित गरिएको व्यापारिक संधिको बारे नेपालले कस्तो रूख अपनाउँछ भन्ने जाँच्न निमित्त अब्दुल कादर खाँलाई

१. ढुण्डिराज भण्डारी—नेपालको ऐ. विवेचना—पृ० १६६.

२. ढुण्डिराज भंडारी—नेपालको ऐ० विवेचना—पृष्ठ २०७

३. हेर्नोस्—यसैको पृष्ठ ५

नेपालमा पठाई व्यापार गराउनेबारे बृटिश कंपनी सरकारका तत्कालीन बोर्डको मिटिङ्को निर्णयबाट समेत यो स्पष्ट हुन गएको छ कि बहादुर शाहको अवसानपछि उनीहरूलाई नेपालमा व्यापार चालू गर्ने हौसला गुम हुनगयो। बोर्डको मिटिङ्मा तत्कालीन बृटिश गवर्नर जनरलले यस विषय आफ्नो विचार धारा यसप्रकार व्यक्त गरेका थिए,—"नेपाली वकील दीनानाथ उपाध्याय, जो कि प्रत्येक विदेशी वकीलहरूसरह यो सरकारका पेन्सनर हुन्, उनीबाट पनि व्यापारिक दृष्टिकोणका बढावा निमित्त कुनै सहायता होला भन्ने आशा गर्न सकिन्न······तथा राजाका काका बहादुर शाह जो यस वाणिज्यको लाभ विषय दरबारका अरू व्यक्तिहरूभन्दा बढी उदार एवं व्यापक दृष्टिकोण राख्तछन्, उनले केही महीनाअगाडि राजीनामा गरिसके······। अबलाई नेपालका राजामाथि प्रभाव पार्न सकिन्छ कि भनी आशा गर्न सकिने एउटै स्रोत गजराज नासर (मिश्र) नामका ब्राह्मण मात्र छन् जसले सधैं हाम्रो विचारलाई बढाउनामा सहायता गरेकाछन्।"[१] गजराज मिश्र एवं बहादुर शाहको गाढा मित्रताबाट पनि उनी अंग्रेज विरोधी थिएनन् बल्कि समर्थक थिए भन्ने प्रमाणित हुन्छ।

त्यसपछि, अर्थात् नेपाल चीन युद्धबाद चौतरिया बहादुर शाहको अवसान शुरू भयो। रणबहादुर शाहले उमेर चढ्दै आएपछि राज्यको शासन अभिभारा स्वयं उठाउने विचार गरे। काकाको संरक्षणमा नाममात्रको राजा भएर बसिरहन युवक राजालाई मन परेन। हुन पनि रणबहादुर शाह जस्ता तीव्र एवं क्रान्तिकारी स्वभावका व्यक्तिको निमित्त कसैको संरक्षणमा रही कार्य गर्न मनपराउन, स्वाभाविक पनि थिएन। उसमाथि बहादुर शाहले अपनाएको बृटिश कंपनी सरकारप्रतिको मैत्री पूर्ण व्यवहारको नीतिले गर्दा अधिकांश भारादारहरू उनका विरोधी पनि बनेका थिए। भारादारहरूको यस विरोधी रूखबाट पनि उनको अवसानलाई वर सारिदियोभने

---

१. D. C.-Ganguly—Secret Documents—p. 134.

हुन्छ । नायब चौतरिया बहादुर शाहले आफ्ना बाबु श्री ५ पृथ्वीनारायण शाहले औंल्याई गएको परराष्ट्र नीतिलाई पछ्याएनन् । उनले आफ्नु 'दिव्य उपदेश' मा तत्कालीन नेपालले अपनाउन योग्य परराष्ट्रनीतिको स्पष्ट उल्लेख गरेका थिए । उनले आफ्नु 'दिव्य उपदेश' मा भनेका थिए—"...... चीनका बातुसाह सित दोस्ती घा राषनु, दक्षिणका समुन्द्रका बात्साहसित घा ता राषनु तर त्यो महा चतुर छ हिन्दुस्तान दबाइ राष्या को छ......।"[1] यसको साथै उनले नेपालबाट केपुचिनहरूलाई निष्कासित गरी तथा तिब्बतबाट समेत निष्कासन गर्ने सल्लाह दी· आफ्नु परराष्ट्रनीति स्पष्ट गरेका थिए । तर बहादुर शाहले आफ्ना बाबुको यस नीतिको विपरीत कार्य गरे । श्री ५ पृथ्वीनारायण शाहद्वारा निष्कासित केपुचिन पादरीहरूसंग उनले आफ्नो पालोभर मित्रता कायम गरे तथा भारतस्थित कंपनी सरकारसित व्यापारिक संझौता गरेर तथा बृटिश फौजी मण्डललाई बोलाएर बृटिश शक्तिसित विशेष संपर्क कायम राखे । यिनकै नायबी कालमा चीन तिब्बतसित दुइ पटक युद्ध पनि हुन गयो । तर बहादुर शाहको यस अंग्रेज समर्थक नीतिलाई नेपालका तत्कालीन भारादारहरूले स्वागत गरेनन् । अनि राजाको उमेर चढ्दै गएपछि राजाले स्वयं शासन संचालन गर्ने इच्छा गरेको बुझिएरै बहादुर शाहले आफ्नु शक्ति सुरक्षाको निमित्त बृटिश शक्तिसित ज्यादा मित्रता राखेको हुनुपर्छ । यिनोपछिका मुख्तियार प्रधान मंत्रीहरूमा पनि धेरै जनाले आफ्नु शक्ति र पदको सुरक्षा निमित्त आफू माथि कुनै संकटकालीन अवस्था आउनासाथ झटपट अंग्रेज शक्तिको मित्रता रोज्ने नीति लिएका थिए । अझ जंगबहादुरको प्रादुर्भावपछि त राणा सरकारले १०५ वर्षसम्म भारतस्थित बृटिश शक्तिकै आड़मा राजा एवं जनतामाथि निरंकुश शासन चलायो ।

चौतरिया बहादुर शाहले अपनाएको यस बृटिश समर्थक नीतिको नेपाल

---

१. पृ. ज. स.—श्री ५ पृथ्वीनारायण शाहको दिव्य उपदेश—पृष्ठ १५

दरबारभित्र प्रशस्त मात्रामा विरोध भएको थियो भन्ने कुरा नेपाल चीन युद्धको स्थिति अध्ययन गर्न भनी बृटिश फौजी मण्डलको नेतृत्व गरी आएका कर्नल कर्कप्याट्रिक स्वयंले स्वीकार गरेकाछन्। आफ्नो नेपाल यात्रा सम्बन्धी रिपोर्ट विषयमा आफ्ना गवर्नर-जनरल लार्ड कर्नवालिस-लाई लेखेको एक पत्रमा उनले यस तथ्यको स्पष्ट उल्लेख गरेका छन् कि राजाका नायब चौतरिया बहादुर शाहद्वारा उनी (याने बृटिश फौजी मण्डल) नेपालमा डाकिएकोमा एवं बृटिश कंपनी सरकारसित सम्बन्ध स्थापित हुनुमा कृष्ण शाहलगायत अधिकांश भारादारहरूले मन्जूर गरेका थिंएनन्।[1]

कर्नल कर्कप्याट्रिकले यसै पत्रद्वारा गवर्नर-जनरललाई यो कुरा पनि सूचित गरेका थिए, कि यस किसिमको परिस्थितिमा उनको काठमाडौंमा रहनु पनि भारादारहरूको निमित्त सह्य कुरा थिएन, तथा राजाका नायब आफैले राजाको विचार भनी केही भन्नुसिवाय उनीसितको वार्तामा राजाले विशेष उत्सुकतासम्म पनि दर्शाएका थिएनन्।[2]

यसप्रकार स्वयं कर्कप्याट्रिकको लेखाइबाट समेत यो स्पष्ट हुन आउँछ कि बहादुर शाहले केवल आफ्नै प्रेरणामा बृटिश कंपनी सरकारसंग सम्बन्ध स्थापनको कार्य गरेका थिए, तथा युवक राजा रणबहादुर शाह लगायत तत्कालीन उच्च भारादारहरू यस कार्यका पक्षमा थिएनन्। भर्खर भर्खर मात्र राष्ट्रिय एकताको भावनाले साकार रूप लिन लागेको त्यस जमानामा समस्त संसारमा आफ्नो उपनिवेश फैलाउने सपना लिएर अगाडि बढेको अंग्रेजी शक्तिसित सम्पर्क राख्न पनि शायद उनीहरूले खतरापूर्ण ठाने होलान्। शुरूमा धर्म प्रचार गर्ने बहाना एवं व्यापार गर्ने

---

१. Kirkpatrick–Account of Nepaul—App. No II p. 359.

२. Ibid

निहुँबाट पाइला टेकेपछि समस्त राज्यलाई नै उपनिवेश बनाउने नीति लिएका अंग्रेजी शक्तिसित व्यापारिक संझौता गर्न पनि उनीहरूले उचित ठानेनन् होला। उसमाथि फौजी मण्डलकै रूपमा मात्र भए तापनि विदेशी फौजलाई देशको छातीबाट कूच गर्न दिनु त निश्चय पनि अति खतरनाक कुरा नै भयो। यी सब कारणबाट राजा एवं भारादारहरूले विरोध गरेका हुन्।

राजा रणबहादुर शाह एवं तत्कालीन भारादारहरूको अनिच्छा एवं विरोधको फलस्वरूप नेपाल-चीन युद्धको स्थिति अध्ययन गर्न आएको बृटिश फौजी मण्डलले काठमाडौंमा प्रवेश गरेको चौबीसौं दिनमा फर्कन पर्‍यो। त्यतिवेला नेपाल चीन युद्ध बेत्रावतीको सुलह वार्ताद्वारा बन्द भै-सकेकोले पनि फौजी मण्डललाई फर्कन बाध्य गरायो, किनकि युद्ध नै बन्द भै सकेपछि अध्ययन गर्ने कुरै क्यै रहेन, तथा उनीहरूले आफ्नो अवधि लम्ब्याउन पाएनन्। राजा एवं भारादारहरूको विरोधको फलस्वरूप केवल बृटिश फौजी मण्डल मात्र फर्किनुपरेन कि संवत् १८४८ सालमा भएको बृटिश कंपनी सरकारसितको व्यापारिक संझौता पनि निष्क्रिय भै स्वत: भंग हुन गयो। हुनत चौतरिया बहादुर शाहले नेपालबाट फर्कन लागेको बृटिश फौजी मण्डलका नेता कर्नल कर्कप्याट्रिकलाई हालै स्थापित गरिएको सम्बन्धलाई सुचारुरूपले स्थायी बनाउन अनुकूल परिस्थिति तयार पार्ने भरोसा दिएका थिए।[१]

यसै वेलादेखि राजा रणबहादुर र नायब बहादुर शाहको बीच मनो-मालिन्य शुरू हुन गयो। यसरी आफूलाई विदेशी शक्तिको आड़मा राखी आफ्नो पद र शक्तिको सुरक्षा गर्ने विचार बहादुर शाहको बुझिएकोले, तथा आफ्नु उमेर पनि बढिसकेको हुँदा राजाले उनीलाई नै संपूर्ण राज्यको हालीमुहाली याने अभिभारा सुम्पी राख्न शायद उचित ठानेनन् होला। र

१. Kirkpatrick—Nepal—App. No ii p. 368

संवत् १८५१ सालको वैशाख[१] महीनादेखि राजाले आफ्ना काका बहादुर शाहलाई पन्छाई आफैले शासन संचालन गर्न थाले।

यसरी आफ्नो हातबाट शासन छुट्न गएपछि चौतरिया बहादुर शाहले चीन सम्राटछेउ एउटा व्यक्तिगत पत्र पठाउनको निमित्त ल्हासास्थित चीन सम्राटका प्रतिनिधि अम्बाछेउ लेखी पठाए। उक्त पत्रमा बहादुर शाहले, "......भतिजा (याने रणबहादुर) ले रजाञि आफ्नो हातमा लिए, म चाहिं पाठ पूजामा लागेको छु..." भनी लेखेका रहेछन्। यस कुराको सूचना चीनियाँ अम्बाले नेपाल नरेशलाई दिंदै काका भतिजा मेलमिलाप साथ बस्नको निम्ति सल्लाह पनि पठाएका थिए। चीनिया अम्बाले लेखेका थिए—"......आफू वाङ्का काकाले हामी हुकूम अम्बालाई चिठि पठाइ दियाछन् भतीज राजाले रजाञीको काजकाम सब हात ली काज गर्नु भयो म भन्या देउताका थानमा बसी पाठ पूजा गरी बस्याको छु......तेसमा तिमीहरु आपस्त घरानाको कुरालाई भन्या हामिले विचार गर्नु पर्न्यात होइन तरपनि आफू वाङ्र काका माथि श्री ५ ( चीन ) बादशाहको ठुलो मेहर बान्नी भयाकोमा आफूहरू काका भतीज प्रेम प्रीति गरि एकचित गरि बस्याहो।"[२]

चीनिया अम्बाको यस पत्रबाट रणबहादुर शाहले प्रशासन कार्य आफ्नो हातमा लिनासाथै चौतरिया बहादुर शाहलाई बन्धनमा हालेका थिएनन् भन्ने बुझिन्छ। तर यसबारे कुनै इतिहासकारहरूको भनाइ बहादुर शाह तत्कालै कैद गरिए भन्ने रहेछ[३]। यसपछि बहादुर शाहले पुनः चीन बादशाहको दर्शन गर्न चीन जाने आशय प्रकट गर्दै ल्हासास्थित चीनिया

१. तिथ्यावलीबाट

२. संपूर्ण पत्र परिशिष्ट नं० २ मा

३. (i) Oldfield—Nepal—vol I p. 284

( ii) Landon—Nepal—vol I p. 70

अम्बालाई पत्र पठाए। शायद, बहादुर शाहले लेखेको अघिल्लो पत्रको सूचना अम्बामार्फत पाएपछि नेपालमा सरकारद्वारा उनीमाथि कडा नियन्त्रण राखियो होला र उनले नेपालबाट निस्कन चीन जाने इच्छा प्रकट गरे। तर नेपाल सरकारको स्वीकृतिविना उनलाई चीन आउन दिनमा चीनिया अम्बाले मन्जूर गरेनन्, तथा यस प्रकारको गुप्त पत्र लेख्ने चलनलाई उचित पनि मानेनन्। साथै उनले बहादुर शाहको चीन आगमन विषय नेपाल नरेशको राय मागी पठाए।[1]

चौ० बहादुर शाहले आफू र राजाको बीच भएको मनोमालिन्य विषय चीनिया बादशाह छेउसम्म पुऱ्याउने उद्दश्यले चीनिया अम्बालाई गुप्तरूप बाट व्यक्तिगत पत्र लेखेकोले यसविषय चीन सम्राटप्रति कुनै अर्को धारणा नहोस् भन्ने विचारबाट होला रणबहादुर शाहले संवत् १८५४ साल वैशाखमा चीन र तिब्बतसम्बन्धी काम गर्ने काजी सर्वजीत पाँडेको नेतृत्वमा एक प्रतिनिधि मण्डल चीन पठाए। यस प्रतिनिधि मण्डलको साथमा चीन बादशाहछेउ देखाउनको निमित्त भनी एउटा लाल-मोहर पत्र पनि पठाइयो, जुन बहादुर शाहले गरेको बिराउँको बारेमा लेखिएको थियो।[2] त्यसपछि संवत् १८५४ आषाढ महीनामा चौतरिया बहादुर शाहको मृत्यु भयो।[3] उनको मृत्युको बारेमा कसैको भनाइ उनी मारिए भन्ने छ, तथा कोही आफ्नै कालले मरे भन्छन् भनी उनका सम-कालीन इतिहासकार फ्रान्सिस् ह्यामिल्टनले लेखेका छन्।[4]

चौ० बहादुर शाहको नायबी कालमा राज्य विस्तार, चीन र तिब्बतसितको युद्ध, बृटिश कम्पनी सरकारसितको संझौता र सम्बन्ध आदि उपर्युक्त

---

१. पत्रको नकल परिशिष्ट नं ३ मा।

२. लालमोहरको नकल परिशिष्ट नं ४ मा।

३. तिथ्यावलीबाट।

४. Hamilton—Nepal—p. 250।

उल्लेखित कार्यको अतिरिक्त शासन व्यवस्थातर्फ सुधारको कार्य पनि भएको थियो। उनले प्रशासनको दैनिक कार्य सुचारुरूपले संचालन गर्नको खातिर प्रचलित नियमहरूमा केही सुधार गरे, तथा आवश्यक नियम उप-नियमहरू बनाइदिए। सबभन्दा पहिले राज्यको भूमिको नापी गरी तथ्यांक संकलन गर्ने कार्य उनकै नायबी कालमा भएको थियो। यस कार्यको निमित्त उनले रामदास पंत, नारायण अर्ज्यालसमेत ७ व्यक्तिहरूलाई पूर्वी पहाड़को जग्गाको नापी गरी जाँचपड़ताल गर्न पठाए। उनले जाँच निमित्त खटिएका व्यक्तिहरूको नाममा आदेशको लालमोहर गरिदिएका थिए,[१] जसमा विभिन्न सवालको बन्देज गरिएको थियो। राज्यमा पहिलो पटक जस्तो शुरू गरी चलनमा ल्याइएको भूमिको नापी गर्न उक्त लालमोहरमा बाँधिएको सवाल शुरूआतको कार्य हुँदा दोषपूर्ण भन्न सकिदैन।

चौ० बहादुर शाहले किसानहरूको मोहियानी हकसम्बन्धी कार्यमा पनि सुधारवादी कदम उठाएका थिए। संवत् १८४६ साल श्रावण वदि ९ को दिन एउटा लालमोहर गरी उनले कीर्तिपुरका किसानहरूको मोहियानी हक सुरक्षित गराइदिएका थिए। यस लालमोहरबाट त्यस ठाउँका किसान खेतीवालहरूले तिरो तिरुन्जेल मनपरी ढंगबाट उनीहरूको पजनी हुनसक्तैन भन्ने आदेश जारी भएको थियो। लालमोहरको नकल यस प्रकार छः—

"स्वस्तिश्री मन्महाराजाधिराज कस्यरुक्का—

आगे कीर्तिपुऱ्या प्रजाप्रति तीम्रा सेवा वोर्ता अधिया तिलंगाले नषोसनु अधिया परापूर्वको दै दस्तूर तीर्नु दै दस्तूर न तिऱ्या तलसिं नमांन्यालाई तिलंगाले षेत षोसनु, दैं दस्तूर तिऱ्या पछि तिलंगाले षेत नषोसनु गरि बक्स्यौं षातिर्ज्मा संग आफ्ना थीतिसंग प्रजाले वनो वाला तिलंगाले धनी वाली भोग्यगर इति संवत्……शुभम्।"

१. लालमोहरको नकल परिशिष्ट नं ५ मा।

यसबाहेक चौ० बहादुर शाहले फौजतर्फ पनि सुधारको कदम चालेका थिए । देशका फौजी जवानलाई आधुनिक ढंगमा तालीम दिन तथा सामरिक हातहतियार बनाउने मेग्जिनलाई सुचारुरूपमा राम्ररी चलाउनको निम्ति उनले आफ्नु नायबी कालको आखिरी समयमा विदेश बाट विशेषज्ञ झिकाएका थिए। उनले विदेशबाट मगाइएका विशेषज्ञलाई 'सर्दारी' मान पनि प्रदान गरेका थिए। उनलाई सर्दारी मान प्रदान गरेको लालमोहर प्राचीन हिन्दीमा लेखिएको थियो ।[1] साथै विशेषज्ञ सर्दारको मातहतमा बसी काम गर्ने कालिगढहरूका नाममा भएको विभिन्न समयको बिदाको सम्बन्धमा भै राखेको लालमोहर पनि हिन्दी मिश्रित नेपाली भाषामा भएको थियो ।[2]

---

१. लालमोहरको नकल परिशिष्ट नं ६ मा ।

२. लालमोहरको नकल परिशिष्ट नं ७ मा ।

# शासन संचालन एवं राज्य त्याग

( सम्वत् १८५१—५५ )

सम्वत् १८५१ साल वैशाख महीनादेखि श्री ५ रणबहादुर शाहले चौतरिया बहादुर शाहलाई नायबीबाट हटाएर राज्यको संपूर्ण प्रशासन आफ्नो हातमा लिए। त्यसपछि मुख्य चौतरिया रणोद्योत शाह भए र चौतरियाको काम शेरबहादुर शाह एवं विदुर शाहीले गर्न थाले। त्यस बखत प्रशासन व्यवस्थामा मुख्य चौतरियाको ठूलो स्थान थियो। मन्त्री-मण्डलीय व्यवस्थामा प्रधान मन्त्रीले गर्ने कार्य उस बखत मुख्य चौतरियाले गर्दथे, जो राजाको नजीकको नातेदार मध्येका हुन्थे। यसमनि चारजना काजीहरूको एक परिषद् थियो, जसले प्रशासनमा चौतरियालाई सहायता गर्दथ्यो। काजी-परिषद्का काजीहरूबाहेक अन्य काजीहरू पनि हुन्थे तथापि मर्यादाक्रममा उनीहरूको स्थान तल हुन्थ्यो, तथा उनीहरू खास एक विभागको निमित्त मात्र जिम्मेदार हुन्थे।

उपर्युक्त चार काजीको परिषद्को मुख्य काम प्रशासनमा चौतरियालाई सहायतासम्म गर्नु हो, तथापि राज्यको संपूर्ण व्यवस्थामा यसको ठूलो प्रभाव हुन्थ्यो। त्यसबखत यस परिषद्का ४ काजीहरूमा विशेष प्रभावकारी एवं ख्यातिप्राप्त काजी दामोदर पाँडे थिए। तरपनि पद-स्थानको दृष्टि-कोणबाट मूल काजी उनी थिएनन् कि कीर्तिमान बस्नेत थिए। त्यस बखत सम्म एउटै व्यक्तिलाई अधिकार सुम्पी मुख्तियार ( अर्थात् प्रधान मन्त्री ) बनाएर शासन संचालन गर्ने प्रचलन चलिसकेको थिएन। राजाका भाइ वा राजाका छोराहरूमा गद्दीका हकवाला युवराजाधिराजबाहेक दोस्रोलाई

मुख्य चौतरियाको पद दिइन्थ्यो, र प्रधान मन्त्रीले वर्तमान अवस्थामा गर्ने कार्य त्यस बखत साधारणतया मुख्य चौतरियाको नामबाट चल्थ्यो। पछि रणबहादुर शाह स्वामी भै पुनः शासन ग्रहण गर्न काशीबाट फर्की मुख्तियार भएपछि मात्र नेपालमा मुख्तियारी पदको प्रचलनको प्रारम्भ हुन गयो,[१] जुन पछि क्रमशः प्रधानमन्त्री पदमा परिणत हुन गयो। यसर्थ आधुनिक नेपालमा दामोदर पाँडेको प्रादुर्भावबाट 'प्रधानमन्त्री' पदको जन्म भै आधुनिक ढंगको शासनव्यवस्थाको शुरूआत भयो भन्ने कुनै इतिहासकारको भनाइ[२] सत्य ठहरिन आउँदैन।

सम्वत् १८५१ साल वैशाखदेखि रणबहादुर शाहले आफैले शासन संचालन गर्न थालेपछि पनि धेरै वर्ष शान्तिपूर्ण ढंगबाट शासन चलाउन पाएनन्। उनले शासनभार आफ्नो हातमा लिएको केही वर्षबाद नै राजा र भारादारहरूको बीच संघर्ष शुरू हुन गयो। राज्यको शासन संचालन गर्न शुरू गरेपछि उनले अपनाएको धार्मिक परम्पराविरोधी एवं सामाजिक बन्धनलाई तोड्न खोजेको तीव्र एवं साहसपूर्ण कदमले गर्दा तत्कालीन कट्टर समाजमा उनको विरोध हुन थाल्यो। राजाको विरुद्ध फैलिएको यो सामाजिक विरोधबाट राजनैतिक फायदा लिन तत्कालीन भारादारहरूले विचार गर्न थाले तथा सोहीमुताबिक कार्य गर्न थाले। राजा र भारादारहरूको बीचको यो झगड़ाले यति भयानक रूप धारण गऱ्यो कि अन्तमा राजा रणबहादुर शाहले गद्दी छोड़ी संन्यास ग्रहण गर्नु पऱ्यो।

तत्कालीन कट्टर समाजका व्यक्तिहरू युवक राजाको विरोधमा लाग्नुको मुख्य कारण थियो—राजाको ब्राह्मणपुत्री कान्तिवतीसितको विवाह। रणबहादुर शाहको पहिलो विवाह सम्वत् १८४६ सालमा महारानी

१. प्रमाणको निम्ति यसै पुस्तकको 'चतुर्थ अध्याय'।

२. बालचन्द्र शर्मा—नेपालको ऐ० रूपरेखा–पृ० २४७।

राजेश्वरीदेवीसित सम्पन्न भएको थियो। यिनीबाट राजालाई कुनै सन्तान प्राप्त भएन। राजाकी द्वितीय महारानी सुवर्णप्रभा थिइन् र यिनीबाट एउटा छोरो जन्मेको थियो—रणोद्योत शाह। उनी गद्दीका हकदार घोषित गरिएनन्, तथा पछि श्री ५ गीर्वाणयुद्ध विक्रम राजा हुँदा उनले मुख्य चौतरियाको दर्जा पाए, र पछिसम्मै चौतरिया भएर रहे। रानी सुवर्ण प्रभाको विषयमा विभिन्न इतिहासकारको विभिन्न मत देखिएको छ। कसैको भनाइ, सुवर्णप्रभा श्री ५ रणबहादुर शाहकी विवाहिता रानी थिइन्, तरपनि उनी क्षत्रीय कुलकी हुँदा उनीका छोरा गद्दीका हकदार घोषित गरिएन। अनि कसैको भनाइमा रणोद्योत शाह (दासीपुत्र) भएबाट गद्दीका हकदार घोषित नभएका हुन्।[१] तर नेपाल काठमाडौंको हनुमानढोका दरबार नेरको ठूलो घण्टा, जुन रणबहादुर शाहले प्रतिस्थापन गरेका थिए, त्यसमा रणबहादुर शाहकी रानीहरूको विवरणमा सुवर्णप्रभालाई 'भोग्या रानी'[२] भन्ने स्पष्ट लेखिएबाट मतभेद हट्न गएको छ।

यसबाहेक रणबहादुर शाहको बिहे अर्की एक रानीसित भएको थियो, र ती हुन्—कान्तिवती। यिनी मिश्र ब्राह्मणकी छोरी थिइन् र यिनीसित राजाको प्रेम पर्न गै बिहा हुन गएको थियो। यिनै ब्राह्मणपुत्री कान्तिवतीतर्फबाट श्री ५ रणबहादुर शाहलाई सम्वत् १८५४ आश्विन सुदि १२ रोज १ का दिन एक पुत्र प्राप्त भयो। त्यस बालकको नाम गीर्वाणयुद्धविक्रम शाह राखियो र गद्दीका हकदार पनि घोषित गरिए।

श्री ५ गीर्वाणयुद्धको जन्मको विषयमा यिनी कान्तिवतीका छोरा हैनन् भनी कुनै इतिहासकारले एउटा अनौठो मनगढन्त कथा जोड़िदिएको पनि पाइन्छ। त्यसबाट यो सिद्ध गर्न खोजिएको छ कि श्री ५ गीर्वाण-

---

१. Hamilton—Nepal—p. 20।

२. यस घण्टामा लेखिएको विवरणको नकल 'इतिहास—प्रकाश' (प्रथम भाग) पृष्ठ ६४ मा।

युद्ध कान्तिवतीका छोरा होइनन् कि अर्कै एक चौतरियाका छोरा थिए तथा सुसारेको चलाकीबाट बच्चा साटिएको थियो ।[१] तर यो कुरा लेख्ने इतिहासकारले केवल सुनिएको भन्नेसिवाय यसबारे कुनै ठोस प्रमाण दिन सकेका छैनन्, जसबाट यो कथा सृजना गर्ने लेखकमा युवक राजा रण बहादुर शाहको क्रान्तिकारी एवं प्रगतिशील विचारधाराको स्वागत गर्ने क्षमता र सहिष्णुता थिएन भन्न सकिन्छ । स्वयं श्री ५ रणबहादुर शाहले श्री ५ गीर्वाणयुद्धलाई राजगद्दी सुम्पदा गरिदिएको तांबापत्रमा स्पष्टसंग 'कान्छा रानीका पुत्र' भन्ने लेखी कान्तिवतीका छोरा हुन् भनी मानेका छन् ।[२] साथै श्री ५ गीर्वाणयुद्धले आफैले लेखेको 'सत्कर्म रत्नावली'[३] नामक पुस्तकमा उनले आफूलाई कान्तिवतीका पुत्र भनी घोषित गरेका छन्, अतः यसविषय मनगढन्त कथाको कुनै अस्तित्व नै रहदैन ।

रणबहादुर शाहले उठाएको यो कदम—ब्राह्मणपुत्री कान्तिवतीसितको विवाह नेपालको तत्कालीन कट्टर समाजको निमित्त भीषण असह्यको कार्य थियो तथा प्रचलित संस्कार एवं धार्मिकपरंपराको विपरीत थियो । एक त क्षत्रिय व्यक्ति र ब्राह्मणपुत्री को संसर्ग हुनु नै अनर्थ तथा भ्रष्ट मानिने समाज थियो, भने झन् त्यसै संसर्गबाट पैदा भएको बालक नै गद्दीका हकदार घोषित हुँदा कट्टरपन्थीहरू विरोधमा जानु त स्वाभाविक नै थियो ।

---

१. ( i ) काशीप्रसाद श्रीवास्तव—नेपालकी कहानी—पृ० ३८ ।
   ( ii ) रामजी उपाध्याय—नेपालको इतिहास अर्थात् दिग्दर्शन—पृ० १८१ ।

२. ताँबापत्रको नकल परिशिष्ट नं० ६ मा ।

३. उक्त पुस्तकको पंक्ति यस प्रकार छ :—

"माता कान्तवतो पिता रण बहादूरः सुतं भूपति
गिर्वाण युद्ध-विक्रम नृपं प्रासूत यम्भू भृतम्······"

—इतिहास प्रकाश ( प्रथम भाग पृ० ६३ ) बाट ।

तरपनि खुलेर विरोध कसैले गर्न सकेको थिएन । केवल राजा बहुलायो भन्ने प्रचार गरी राजाबाट उठाइएको यस परंपराविरोधी कार्यलाई केवल पागलपन र अन्ध कामवासनाको प्रतिक्रिया मात्र हो भनी प्रचार गर्न थाले । उनीहरूको यस प्रकारको विरोधी प्रचारले यति व्यापक रूप धारण गऱ्यो कि सयौं वर्षसम्म रणबहादुर शाहको नाममा इतिहासमा पागलको उपाधि जोडियो तथा उनका कार्यहरूलाई पागलपनको प्रतिक्रिया मात्र भनेर मान्यता दिइयो ।

तर रणबहादुर शाहको प्रत्येक कार्यको सूक्ष्म अध्ययन गरेमा यसमा केवल पागलपन वा अन्ध कामवासना थिएन भन्ने स्पष्ट संकेत हुनआउँछ । उनले संवत् १८५३ साल फागुनमा काठमाडौंको दक्षिणछेउमा 'जगन्नाथ' को एउटा मन्दिर बनाउन लगाई भैरवीचक्रको निर्माण गर्नलगाए । यस मन्दिरको निर्माण गरी जगन्नाथपुरीको इलाकामा जस्तै उनले यहाँ पनि जाति विभेदको प्रचलनलाई हटाउन खोजेका थिए । हुन पनि जगन्नाथको मंदिर खड़ा गराई भैरवीचक्रको निर्माण गराउन खोज्नुर "प्रवृत्ते भैरवी चक्रे सर्वे वर्णा द्विजातयः" भन्ने भैरवीचक्रको सूत्र हुनुबाट यो सत्य थिएन भनी भन्न गाह्रो हुन्छ । उसमाथि ब्राह्मणपुत्री कान्तिवतीसित बिहे गरी तिनीबाट जन्मेका छोरालाई राजगद्दी सुम्पनसक्ने उनको क्षमताबाट पनि उनको जातिभेदप्रतिको विद्रोह स्पष्ट हुन आउँछ । तर तत्कालीन समाजले मान्यता नदिनु बेग्लै कुरा भयो ।

श्री ५ रणबहादुर शाहले शुरू गरेको यो परंपराविरोधी कार्यको विभिन्न रूपमा विरोध हुन थाल्यो । त्यस बतखका ब्राह्मण ज्योतिषीहरूले राजा र कान्तिवतीको बिहेमा भविष्यवाणी गर्न थाले कि—यो अनैतिक सम्बन्ध धेरै दिन टिक्ने छैन तथा राजा र रानीमध्ये एकको शीघ्र मृत्यु हुनेछ ।[१] साथै गीर्वाणयुद्धविक्रमको मृत्यु पनि बिफरबाट हुनेछ भनी

१. Landon—Nepal—vol I p. 70

हल्ला मचाउन थाले। अनि भारादारहरूले यस विरोधमा राजनैतिक दाउ रच्न थाले तथा राजालाई राज्य-त्याग गर्न जोड गर्न थाले।

चारैतिरबाट उग्र विरोध फैलिन गएबाट राजा रणबहादुर शाह भीषण संकटमा पर्न थाले। त्यस बखत उनलाई साहस र धैर्य दिलाउन पनि उनको साथमा कोही विशेष सल्लाहकार थिएन। भीमसेन थापाको त्यस बखतसम्म राजनैतिक जीवन शुरू नै भैसकेको थिएन, तथा राजाको यस संकटको वेला उनी काठमाडौंमा पनि थिएनन्, पूर्वी पहाडमा थिए। रंगनाथ गुरूज्यू, जो पछि रणबहादुर शाहका समर्थकको रूपमा देखा परेका थिए, उनी पनि त्यस बखत काठमाडौंमा थिएनन्। उनी बहादुर शाहद्वारा निष्कासित आफ्ना पिताका साथ काशीमा थिए। यस्तो अवस्थामा राजालाई टिकिरहन पनि मुश्किल पर्न थाल्यो। अनि, आफ्ना शेषपछि युवराज श्री ५ गीर्वाणयुद्धविक्रम नै राजसिंहासनमा आसीन होऊन्‌भन्ने उनको जुन इच्छा र उद्देश्य थियो, त्यो पनि यस प्रकारको तिक्त वातावरण धेरै दिन लम्बिन गएमा सफलीभूत हुन असम्भव जस्तो लाग्नु पनि अस्वाभाविक थिएन। यसो हुँदा उनले आफ्नो जीवित अवस्थामै छोरालाई राजतिलक दिलाउनु उचित संझन थाले। उनका सहयोगी (दुइ चार जना जति थिए) हरूले पनि उनलाई पदत्याग गर्ने सल्लाह दिएका थिए।[१]

यसरी श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई राजगद्दी सुम्पने निर्णय गरेपछि रणबहादुर शाहले यस कार्यको निमित्त आवश्यक प्रबन्ध गर्न थाले। डेढ़ वर्षका बालक छोरालाई राजा बनाई आफू अलग्गिएपछि भविष्यमा कतै बालक राजाको वैधतामाथि विरोधी तत्वले गोलमाल गर्न नसकून्, तथा छिमेकी राजा रजौटाहरूले पनि यसमा कुनै आपत्ति गर्न नसकून् भन्ने

---

१. Hamilton—Nepal—p 251

विचारबाट उनले आफ्ना छोराको राजतिलक लगाउने काम छिमेकी राज्य-रजौटाहरूमा सबभन्दा शक्तिशाली पाल्पाका राजा पृथ्वीपाल सेनको हातबाट गराउने विचार गरी उनलाई नेपाल झिकाए । आफ्ना विरोधी काका बहादुर शाहका ससुराली राज्य पाल्पाका नरेशबाट श्री ५ गीर्वाणयुद्धलाई राज-तिलक लगाउन दिनमा पनि उनको कूटनीति स्पष्ट हुन्छ ।

श्री ५ गीर्वाणयुद्धविक्रमलाई राजगद्दी सुम्पँदा रणबहादुर शाहले पाल्पाको राजा पृथ्वीपाल सेनको हातबाट तिलक लगाउन दिई उनलाई राजाको रजाइँमाथि स्वीकृति दिन नैतिक बन्धनमा पार्नुको अतिरिक्त आफ्ना भारादारहरूलाई पनि पारेका थिए । उनले त्यस बखत काठमाडौं राजधानीमा उपस्थित समस्त भारादारहरूबाट श्री ५ गीर्वाणयुद्ध विक्रमलाई राजा मान्नेछौं तथा श्री ५ रणबहादुर शाहले गरिदिएको ताँबा पत्रमा रुजु रहनेछौं भनी धर्म भाकलको तामापत्र गराएका थिए, र यसरी बालक राजालाई मान्नमा सबैलाई नैतिक रूपमा मजबूर गरेका थिए भारादारहरूले गरिदिएको तामापत्रको नकल यस प्रकार छः—

श्री दुर्गासहाय :—

श्री ३ इष्ट देवता, श्री पसुपति, श्री गुह्यकाली, श्री पांचायन देवता ।

३

श्री महाराजा रणबहादुर शाहले श्री गिर्वाणयुद्धविक्रमशाह ।

१

श्री महाराजा गिर्वाणयुद्धविक्रमशाह ।

५

"लिषितं ( भारादारको नाम ) आगे···१······लाई रजाइ गादि बक्सँदा गरिबकस्याको बन्दोवस्तका मोहोर तावापत्र बमोजीमका करार बन्धेज मैले नरह्या विमनु भया वषेडा गर्नामा पस्या····३···का कोप कुद्दष्टिले म र मेरा अघिका पुस्ता ७ सात औ एस वंषेजमा नरहन्या छोरा नातिको क्षय

भै कोटि जन्म गुहुको किरा भै नरक भोग गर्न परोस्....५...ले ठुलो भै काजकाम गर्न लाग्या पछि अन्याय अनुराहासँग दवाइ गर्दाको विमनाङ वाहिक हजूरबाट गरिबक्स्याको बन्धेजमा रहनाको कबुल गरि धर्म करारको तावापत्र लेषि चह्राञ्यां हजुरबाट गरिबक्स्याका बन्धेजमा रहनामा पसुंत मेरा सन्तान पर्यन्तको...३....का सुद्दष्टिले उत्तरोत्तर वृद्धि हुँदै जावस् इति सम्वत् १८५५ साल माघ सुदि १५ रोज ४ शुभम्—"

यस प्रकारको करारनामाको तामापत्र चौतरिया शेरबहादुर शाह, काजी दामोदर पांडेलगायत समस्त चौतरिया, काजी, सरदार एवं फौजी कम्पनीका अधिकारीहरू सबैले गरेका थिए।[१] भारादारहरूमा केवल राजगुरु गजराज मिश्रले करारको तामापत्र गरिदिएका थिएनन्।[२] यसरी समस्त भारादारहरू-बाट श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई राजा मान्नेछौं भन्ने तामापत्र गराइसके पछि सम्वत् १८५५ साल फागुन सुदि २ रोज ६ का दिन राजा रणबहादुर शाहले एउटा तामापत्र गरी आफ्ना १७ महीनाका छोरा गीर्वाणयुद्धलाई गद्दी सुम्पी आफूले संन्यास लिए। उनले यस तामापत्रमा गीर्वाणयुद्धलाई गद्दी सुम्पेको घोषणा गर्नुको साथै बालक राजाको नायबी गर्ने अख्तियार देखिन् अन्य शासनसम्बन्धी समस्त कार्यविधि एवं शाही महलका मानिस-हरूले गर्ने कामकुरा आदि पनि स्पष्ट गरिदिएका थिए। राजाको नायबी सुम्पिएको विषय उनले गरिदिएको तामापत्रमा यसप्रकार लेखिएको छ—
"......यो (बालक राजा श्री ५ गीर्वाणयुद्धविक्रम) जांन्या बुझन्या नहुंज्याल सम्म कांछा महारानिले राज श्री गिर्वाण युद्ध विक्रम शाहलाई काषमा राषि नायबि गर्नाको अषतियार बक्सयौं...... ।"[३]

---

१. तामापत्र गरिदिने भारादारहरूको नामावली परिशिष्ट नं ८ मा।

२. इतिहास प्रकाश—अंक १ पृ० २१।

३. तामापत्रको नकल परिशिष्ट नं० ९ मा।

यस प्रकार रणबहादुर शाहले युवराज गीर्वाणयुद्धलाई राजगद्दी सुम्पे। समस्त भारादारहरूले कान्तिवतीको छोरा भए पनि गीर्वाणयुद्ध-लाई राजा मान्न तयार भएको केवल अर्ध पागल ( ? ) राजाबाट छुट्कारा पाउनानिमित्त हो भनी कुनै कुनै इतिहासकारहरूद्वारा तर्क पेश गरिएको छ।[१] अनि कुनै इतिहासज्ञहरूले यस तर्कलाई अतिरंजनका साथ पेश गरी यस घटनालाई राजशक्तिको विरुद्ध संगठित जनशक्तिको विजय'[२] भन्ने संज्ञा दिएर ऐतिहासिक तथ्यलाई बंग्याउनुको साथै 'राजा र जनता' को बीचको ऐतिहासिक सम्बन्धमा खलल गर्ने कोशिश पनि गरेका छन् भनेमा शायद अत्युक्ति हुनेछैन।

श्री ५ रणबहादुर शाहले आफ्ना छोरा श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई गद्दी सुम्पंदा जुन प्रकारको व्यवस्था कूटनैतिकतापूर्ण ढंगबाट गरेका थिए, तथा उनको सामाजिक रूढिवादविरोधी गतिविधिमा जुन प्रकारको सिलसिला एवं सामञ्जस्य देखिन गएको थियो—त्यसबाट उनलाई कुनै अवस्थामा पनि अर्ध-पागल भन्न सकिनेछैन। सारा भारादारहरूबाट श्री ५ गीर्वाणलाई राजा मानी बस्छौं भन्ने अग्रिम कागत गराउनु एवं प्रशासनव्यवस्थाको व्यापक निर्देशनयुक्त तामापत्र गरिदिनु आदिबाट उनको राजनैतिक कुशलता स्पष्ट हुन्छ।

अनि यस घटनालाई 'राजशक्तिको विरुद्ध जनशक्तिको विजय' भनी लेख्नु पनि इतिहासकारहरूको अतिशयोक्ति मात्र होइन अपितु अतिरंजन नै भन्न सकिन्छ। प्रथमतः यस घटनाको मूल्यांकन वर्तमानयुगीन राजनैतिक विचारधाराअनुसार नभै तत्कालीन युगानुसार हुनुपर्नेछ, तथा तत्कालीन युगमा संगठनात्मक जनशक्तिको कल्पना गर्ने पनि

---

१. (i) बालचन्द्र शर्मा—नेपालको ऐ० रूपरेखा—पृ० २४४

(ii) सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा—पृ० १६

२. काशीप्रसाद श्रीवास्तव—नेपालकी कहानी—पृ० ३८

गाह्रो हुनेछ होला, जबकि त्यस घटनाको आधा शताब्दीपछि छिमेकी राज्यमा विदेशी तत्वको विरुद्ध सल्किएको 'सिपाही विद्रोह' त संगठनात्मक संग्राम थिएन भन्ने प्रमाणित हुन लागिसकेको छ। अनि, यस भनाइको सूत्रपात बृटिश शक्तिद्वारा हुनगएको हुनाले पनि यसको सत्यताप्रति शंका गर्ने प्रशस्त ठाउँ रहन्छ, किनभने त्यस शक्तिले रणबहादुर शाह र उनको कार्यप्रति कहिल्यै निष्पक्षता त के सहिष्णुतासम्म पनि दर्शाएको पाइँदैन।

सन् १८३७ साल (तदनुसार संवत् १८९४) जुलाई २४ मा तत्कालीन बृटिश रेजिडेन्टका कार्यवाहक असिस्टेन्ट (डा० ए० क्याम्बेल) ले मि॰ ह्या उसनको निर्देशानुसार बृटिशसरकार समक्ष पेश गरेको भीमसेन थापाको अवसानसम्बन्धी विस्तृत रिपोर्टमा सैंतीस वर्षअगाडि मारिएका रणबहादुर शाहको विरुद्ध उक्त घटनाको चर्चा गरिएको थियो। उक्त रिपोर्टमा रानी (अर्थात् कान्तिवतीको) मृत्युबाट मानसिक कष्ट पाएका, तथा जनताका विरोधबाट करलगाइएका उनले (अर्थात् रणबहादुर शाहले) सन् १८०२ मा छोरालाई गद्दी सुम्पेका थिए, भन्ने लेखिएको रहेछ[1] र बृटिश रेजिडेन्टको यसै भनाइलाई क्षणिक परिवर्तित गरो 'नेपाल की कहानी' का लेखकले यस घटनालाई सन् १८०० मा अर्थात् वि० सं० १८५७ तिर घटेको भनी प्रस्तुत गरेका छन्।[2]

प्रथमतः श्री ५ रणबहादुरले सं० १८५५ साल (तदनुसार सन् १७९८) मा छोरालाई राजगद्दी सुम्पेका थिए। अनि महारानी कान्तिवतीको मृत्यु त्यस घटनाको करीब वर्ष दिनपछि संवत् १८५६ सालमा भएको थियो। यसकारण, उनले रानीको मृत्युबाट मानसिक संकट पाएर, तथा त्यस कष्टबाट पागल भै गरेको कुकृत्यको फलस्वरूप जनताको करबाट, अथवा संगठनात्मक

---

१. W. Hunter—Life of Hodgson—p. 91

२. काशीप्रसाद श्रीवास्तव—नेपाल की कहानी—पृ० ३८

जनशक्तिको विजयको कारण राज्यच्युत हुनुपरेको भन्ने कुरामा ऐतिहासिक सत्यताको सर्वथा अभाव रहन गएको छ ।

बरू, राज्यच्युत भएका रणबहादुर शाह ( स्वामी निर्वाणानन्द ) लाई जनताको काफी समर्थन प्राप्त थियो भन्ने कुरा उनले पाटनमा बसी भारादारहरूको विरुद्ध गरेको तयारी एवं त्यसबाट दामोदर पाँडे जस्ता वीर भारादारहरूसमेत विचलित हुन परेको तथ्यबाट स्पष्ट हुन्छ[1] । कान्तिवतीसितको बिहेमा उनलाई नास्तिक वा कामी वा पागल देख्नेहरू थिए तापनि, उनलाई सजिलैसित स्वीकार गरी गृहयुद्धको निम्ति आवश्यक परेमा साथ दिने जनताको पनि कमी थिएन । वाह्य रूपमा नसही आगम भित्र भए पनि चक्रपूजा गरी आफ्ना स्वजातीय गुरु वा पुजारीपरिवारसित सबै प्रकारको सामाजिक सम्बन्ध राखिआएका नेपाली जनताले रणबहादुर शाहलाई सजिलैसित अपनाएकोमा कुनै आश्चर्य नै थिएन । उसमाथि स्वामी भै सकेपछि पनि उनले राजनीतिमा सक्रियात्मक रूपमा लाग्नुपरेको एक मात्र कारण कतै तामापत्रमा सहि नगरेका भारादाराहरूले बृटिश शक्तिको आडमा नाबालक राजाको नाममा कुनै किसिमको राष्ट्रविरोधी कार्य नगरून् , भन्ने भएको हुनाले उनले यस कार्यको निम्ति जनताको समर्थन पाउनु स्वाभाविक थियो ।

यसकारण यस घटनालाई इतिहासमा उपर्युक्त किसिमबाट कोरिनुको सट्टा यस प्रकार लेखिएको भए तर्कपूर्ण मात्र होइन तथ्यपूर्ण पनि हुने थियो कि विदेशी तत्वका आडमा आफ्नो पद सुरक्षित बनाउन चाहने शक्तिशाली भारादारहरूको षड्यंत्रबाट गद्दीच्युत हुन करपरेका रणबहादुर शाहले जनशक्तिकै समर्थनमा आफू शहीद भएर पनि देश र नरेशको सार्भौमिकवं सुरक्षा गर्ने आफ्नो उद्देश्यलाई सफल बनाउन सके, तथा जनशक्ति र राजशक्तिको संयुक्त कायको सामु दरबारी षडयंत्रमा विश्वास राख्ने तत्वको हार हुन गयो ।

१. हेर्नोस् अध्याय तीन ।

अनि यसै गरी 'नेपालकी कहानी' का लेखकको यो भनाइ कि रणबहादुर शाहले आफ्नो रानीको मृत्युको झोंकमा आफ्नी बड़ामहारानीतर्फका छोरा रणोद्दीप शाह (शायद रणोद्योत शाह) को हत्या गरे[1] भन्ने पनि सत्य थिएन, उनको बदनाम गर्न सयौं वर्षअगाडिदेखि बृटिशशक्तिले रचेको जालको अर्को एक रूप मात्र थियो, कारण रणबहादुर शाहको हत्याकाण्डको समय र त्यसभन्दापछि पनि रणोद्योत शाह जीवित नै रहेको पाइन्छ।

श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई नेपालको राजगद्दी सुम्पेपछि, रणबहादुर शाहले संन्यास ग्रहण गरे, तथा दरबार छोडी देवपाटन गै बसे। त्यहाँ उनको साथमा दुइ महारानीहरू थिए। संन्यास ग्रहण गरेपछि रण बहादुर शाहले आफ्नो नाम, प्रशस्ति एवं छापको रंग र आकारसमेत बदले। नाम थियो निर्वाणानन्द,[2] छापको रंग–केशरी रंग र आकार चतुष्कोण तथा प्रशस्ति यस प्रकार थियो :—

स्वस्तिश्री समस्त योगकलाकोविद योगीन्द्रगण चिन्तनीय सच्चिदानंद स्वरूप परिपूर्ण परब्रह्मानुचिंतनतदेकताधिगमैकलालस सांसारिक सकल विषयाविनिर्मुक्त मानसेत्यादि विविध लोकोत्तर गुणग्रामाभिराम श्रीमाह्ना निर्वाणानन्द स्वामिनां सदा सत्कर्मशालिनाम्—"

छोटकरीमा लेख्दा उनलाई 'स्वामीज्यू' वा 'स्वामी महाराज' भनेर पनि लेख्ने चलन थियो।

—०—

१. काशीप्रसाद श्रीवास्तव—नेपाल की कहानी—पृष्ठ ३८

२. कुनै कुनै इतिहासमा यिनको नाम 'निर्गुणानन्द' भनी लेखेको छ
(i) D. Wright—History of Nepal–p 272
(ii) रामजी उपाध्याय—नेपालको दिग्दर्शन—पृष्ठ १६०
(iii) काशीप्रसाद श्रीवास्तव—नेपाल की कहानी—पृष्ठ ३८
(iv) बालचन्द्र शर्मा—नेपालको ऐ. रूपरेखा—पृ० २४४

# त्रयी शासन

( संवत् १८५६—५७ )

संवत् १८५५ साल फागुन सुदि २ रोज ६ का दिन श्री ५ रणबहादुर शाहले राज्यत्याग गरी संन्यास ग्रहण गरेपछि श्री ५ गीर्वाणयुद्धविक्रम शाहको नामबाट नेपालको शासन चल्न थाल्यो। त्यस बखत पनि प्रशासकीय उच्चस्थ पदाधिकारीहरू ती व्यक्तिहरू नै थिए, जो अगाडि रणबहादुर शाहको समयमा थिए। मुख्य चौतरिया एवं चौतरियाहरू उनै थिए, तथा काजी परिषद्मा पनि ती नै काजीहरू—मूल काजी कीर्तिमान बस्नेत, काजी दामोदर पाँडे, काजी त्रिभुवन षवास, र काजी नरसिंह गुरुङ— थिए। यस बाहेक रणबहादुर शाहले राज्यत्यागको समयमा सर्वजीत पाँडेलाई चीन र तिब्बतसम्बन्धी कार्य गर्ने काजीको पद प्रदान गरेका थिए। त्यस बखत नेपालको परराष्ट्रसम्बन्ध भन्नु नै विशेष चीन र तिब्बतसित मात्र थियो। भारतस्थित बृटिशकंपनीसरकारसितको सम्बन्धको नाममा कलकत्तामा नेपाली प्रतिनिधिस्वरूप वकील रहन्थ्यो तथा तिनैमार्फत साधारण लेखापढीसम्म हुन्थ्यो। तथापि संवत् १८४८ सालको बृटिशकंपनी सरकारसितको व्यापारिक संझौता त्यस बखतसम्म निष्क्रिय भैसकेको हुनाले त्यस सरकारसित विशेष सम्बन्ध बाँकी रहेको थिएन। हुनत रणबहादुर शाहले गद्दीत्यागको[1] तथा गीर्वाणयुद्धविक्रम शाहले गद्दी आरोहणको[2] सूचना दिई कलकत्तास्थित ले. ज. अल्फ्रेडलाई लेखेको

---

१. पत्रको नकल परिशिष्ट नं १० मा

२. पत्रको नकल परिशिष्ट नं ११ मा

पत्रमा मित्रताको जिकिर गरिएको थियो तापनि नेपालको विशेष सम्बन्ध उत्तरसित मात्र थियो। यसकारण चीन र तिब्बतसम्बन्धी मात्र कार्य गरिने भए तापनि सर्वजीत पाँडेलाई तत्कालीन परराष्ट्रमंत्री भन्न सकिन्छ। उनलाई यो ओहदा सुम्पिएको सूचना चीन र तिब्बतमा पनि पठाइएको थियो, जसको प्रत्युत्तरमा ल्हासास्थित चीनिया अम्बाले उनलाई बधाइ-पत्र पनि पठाएका थिए।[१]

यसरी विभिन्न व्यवस्थासहित बालक राजाको नाममा शासन चल्दै थियो। गद्दी छोड़ी स्वामी रणबहादुर शाह (उर्फ निर्वाणानन्द) आफ्ना रानीका साथ देवपाटनमा बसेका थिए। संन्यास गहण गरे तापनि उनले आफूलाई राजनीति एवं शासन संचालनको गतिविधिबाट अलग गरेका थिएनन्। उनको ध्यान यसैतर्फ थियो। वास्तवमा रणबहादुरले बाँकी जीवन केवल भजन आदिमा व्यतोत गर्नको निमित्त भनी राज्यत्याग गरी संन्यास ग्रहण गरेका थिएनन् कि यो एउटा उनको राजनैतिक दाउ मात्र थियो। यो कुरा उनले गद्दी छोड्नको निमित्त गरेको प्रबन्ध एवं गद्दी छोडिसके पछि अपनाएको राजनैतिक कार्यको अध्ययनबाट स्पष्ट हुनआउँछ।

गीर्वाणयुद्धलाई राजगद्दी सुम्पेर संन्यास ग्रहण गरिसकेका रण-बहादुर शाहले पुनः राजनीतिमा सक्रियता दर्शाएबाट उनले आफ्नु मृत्यु बाद शायद भारादाराहरूले गीर्वाणयुद्धलाई राजा बनाउनेछैनन् कि भन्ने शंकाबाट मात्र आफू ज्यूँदैमा उनलाई राजा बनाएका हुन् भन्ने स्पष्ट हुन आउँछ। अनि भारादारहरूकै भरमा मात्र संपूर्णतया विश्वास गर्न नसकी उनले गद्दी त्याग गर्दा गरिदिएको तामापत्रमा शासन व्यवस्थाको निमित्त जुन प्रबन्ध गरेका थिए त्यसबाट पनि उनको शंकालाई स्पष्ट गर्दछ। उनले गरिदिएको तामापत्र र भारादारहरूले त्यस ताँबापत्रमा रुजु रही गीर्वाणयुद्धविक्रमलाई राजा मान्छौं भनी गरिदिएको ताँबापत्रमा

१. पत्रको नकल परिशिष्ट नं १२ मा

जुन प्रकारले मिति फरक हुन आएको छ, त्यसबाट पनि रणबहादुर शाहले भारादारहरूप्रति पूर्णतया विश्वास गर्न सकेका थिएनन् भन्ने थाहा हुन्छ ।

सामान्यतः यस्तो हुनुपर्ने थियो, राजाले कुनै निश्चित दिनमा गद्दी छोड़ने भएपछि राजाले सोही मितिबाट त्यागपत्र जारी गरी आफ्नो छोरालाई गद्दी सुम्पेको घोषणा गर्नुपर्दछ, र त्यसपछि राजाको सो त्यागपत्रको मितिबमोजिमको घोषणा मानी काम गर्न भारादारहरूको कबुलियतननामा हुनुपर्दछ ! हुनत गद्दीको परंपराबमोजिम नै राजाले गद्दी छोडेपछि वा राजाको मृत्यु भएपछि युवराजाधिराज स्वतः राजा हुने हो र यसमा भारादारहरूको लिखित कबुलियतनामाको आवश्यकता पर्दैनथ्यो । यदि भारादारहरूबाट लिखित कबुलियतनामा लिन आवश्यक नै भए पनि साधारणतया भारादारहरूको कबुलियतनामा या त त्यही दिन मात्र हुन्छ सक्छ, जुन दिन राजाले गद्दी छोडी आफ्ना छोरालाई सुम्पेको घोषणा गरेको हुन्छ, या त्यसको एक दुइ दिनपछि । रणबहादुर शाहले गीर्वाणयुद्धविक्रम शाहलाई गद्दी सुम्पंदा गरिदिएको तामापत्रको मिति र त्यस तामापत्रमा रुजु रही गीर्वाणयुद्धलाई राजा मानी बस्छौं भन्ने भारादारहरूको कबुलियतनामाको तामापत्रको मितिमा असाधारण किसिम बाट फरक हुन गएको छ । रणबहादुरले गद्दी छोड्दा गरिदिएको ताँबापत्रको मिति थियो—सं० १८५५ साल फागुन सुदी २ रोज ६[1] अर्थात् त्यस मितिमा मात्र उनले गीर्वाणयुद्धविक्रम शाहलाई गद्दी सुम्पेका थिए । तर राजाको यसै तामापत्रबमोजिम कार्य गर्छौं भन्ने भारादारहरूको तामापत्रको मिति थियो—सं० १८५५ साल माघ सुदि १४ रोज ४[2] अर्थात् राजाले राज्यत्याग गर्नुभन्दा १७ दिनअगाडि यो कबुलियतनामा भएको थियो ।

---

१. तामापत्रको नकल परिशिष्ट नं ६ मा

२. हेर्नुहोस् यसै पुस्तकको पृष्ठ २८ मा.

यसरी राजाले गद्दी छोडेको मितिभन्दा १७ दिन अगावै भारादारहरूबाट यस प्रकारको कबुलियतनामा गराइलिनुबाट स्पष्ट हुन्छ कि राजाले भारादारहरूलाई संपूर्णतया विश्वास गर्न सकेका थिएनन्। आफूले गद्दी छोडिसकेपछि कतै भारादारहरूले यस प्रकारको कबुलियतनामा गरि दिनमा बाधा नहाल्नून् भनेरै यस प्रकारको पूर्ण प्रबन्ध गरिएको हुनुपर्छ जसबाट पनि रणबहादुरको राज्यत्यागमा राजनैतिक गन्ध थियो भन्ने संकेत गर्दछ।

रणबहादुर शाहले गद्दीत्यागको घोषणा गरेको तामापत्रमा शासन संचालननिमित्त विभिन्न अधिकारीहरूले गर्ने कामको अख्तियारी विषय स्पष्टरूपमा किटिदिएका छन्। त्यस तामापत्रमा—"चौतराले गर्न्या काज, काजिहरूको जागिर बहालि गर्दा जौना काजिले घा घरसार न्या कटक बिगार्छ उसैलाई श्री राजाका हजूरमा विंति गरि हुकुम ली षोसनु······चार काजिले गर्न्या काज चौतरालाई मतोमा राषि ४ काजिले घा घरसार न्या कटक ज्या परि आउँछन् नीमक र आफुले लेष्याको तावा पत्र संझी ढुंगाको बन्न्या सप्रन्या सत्यकाम सल्लाह सित काज गर्न्या रानिछेउ बिन्ति गरि गर्नु" साथै "······अरू केही नव्या ठुलाकाज परि आउँदा गादिको वंन्या सप्रन्या पगरिलाई जस हुन्या भाराका सम्मतले रानिका हुकुम ली आँटि गर्नु··· ।" आदि लेखिएको छ।[१]

यसबाट पनि यो स्पष्ट हुन्छ कि रणबहादुर शाहले भारादारहरू प्रति पूर्णतया विश्वास गर्न सकेका थिएनन्। यसकारण उनले राज्य त्यागेर स्वामी निर्वाणानन्द भै सकेपछि पनि आफूलाई राजनैतिक गतिविधि बाट बिलकूल पृथक् गर्न सकेनन्। उनी यस कुरामा सतर्क थिए कि, बालक राजा गीर्वाणयुद्धविक्रम शाहलाई भारादारहरूले पदच्युत नगरून्, अथवा गोर्खा निष्कासित नगरून्। बनारसमा गै सकेपछि उनी यसै

१. संपूर्ण नकल परिशिष्ट नं ६ मा

कुराप्रति सचेत थिए। बनारसबाट नेपालतर्फ प्रस्थान गर्दा उनले बीच बीचबाट नेपालमा रहेका आफ्ना भाइ शेरबहादुर शाहलाई लेखेको विभिन्न पत्रहरूमा यस कुराको उल्लेख गरिएको थियो कि भारादारहरूले राजामाथि कुनै खराबी गर्न नपाउन्। बनारसबाट फर्कन लाग्दाको शेरबहादुर शाहलाई लेखेको एउटा पत्रमा उनले लेखेका थिए—"......श्री ५ को ताहाँ संभार हुन्या गरी ताहाँ राषना मानिस ताहाँ राषि आफुले भला भनि जाँच्याका मानिस पाव रोषालि गर्न पठाइ दे दुष्ट जनहरूश्री ५ लाई गोर्षा तिर चलाउन खोजनन् त्यो नपुग्या भाग्न षोजनन्, गोर्षा चलाउन पनि दिनु छैन भाग्न पनि दिनु छैन...... ।[१]

यस प्रकार जुन भारादारहरूको जिम्मामा आफूले राजा गीर्वाण युद्धलाई छोडेका हुन्, उनीहरू प्रति नै आफ्नु पूर्ण विश्वास नरहन गएबाट स्वामी रणबहादुर शाहलाई राजनीतिमा हस्तक्षेप गर्न स्वभावतः कर लाग्न गयो। तरपनि उनले संवत् १८५६ को आधा आधीसम्म शासन व्यवस्थातर्फ हात हालेका थिएनन्। त्यस बखत उनी आफ्ना महरानीको साथमा देउपाटनमा नै थिए। उनी त्यहाँ रहँदै राजमाता कान्तिवतीलाई शीतला रोगले आक्रमण गर्‍यो। रानीको रोग शान्त गराउन रणबहादुर शाहले अनेक प्रयत्न गरे। अनेक देवदेवताका पूजापाठ गरे। ब्राह्मण ज्योतिषीहरूको कथनानुसार यज्ञ-दानादि पनि गरे। यस कार्यमा करीब एक लाख रुपियाँ खर्च भएको थियो भनी फ्रान्सिस ह्यामिल्टनले अन्द्राज लगाएका छन्।[२] तर रानीको रोग शान्त हुन सकेन, र अन्तमा संवत् १८५६ साल कार्तिक सुदि ४ मा उनको मृत्यु भयो। यस प्रकार शीतला रोगबाट रानी कान्तिवतीको मृत्यु भएपछि स्वामी रणबहादुर शाहको निराशा चरम सीमामा पुगी प्रतिक्रिया हुन थाल्यो। जुन देवदेवताप्रति

---

१. लेखक—जनरल भीमसेन थापा र तत्कालीन नेपाल—पृष्ठ १०

२. Hamilton—Account of Nepal p. 257

आशा गरी उनले पूजा दानादि गरेका थिए, आखिर त्यसबाट केही लाभ नभएबाट देवदेवताप्रतिको उनको सद्भावना घृणामा परिणत हुन गयो र यसैको प्रतिक्रियास्वरूप उनले राजधानीका अधिकांश मंदिर र देवताको मूर्ति नष्ट गर्न थाले। उनले गुह्येश्वरीमा बाँस गाडन लगाए, तलेजुको मूर्तिलाई मुर्दा झैं बाजा बजाएर लगी करबीर मशानमा मुख्य पुजारीद्वारा दागवत्ती गर्न लगाई पोलिदिए र हारतीमाईलाई टुक्रा टुक्रा गरी फोडिदिए भन्ने किंवदन्ती छ।

महारानी कान्तिवतीको मृत्युको प्रतिक्रियास्वरूप कुपित भएर स्वामी महाराज रणबहादुर शाहले देवदेवताहरूको मूर्ति तोडेकोमा धार्मिक समाजले अचाक्ली मान्नु अस्वाभाविक थिएन तथा यसलाई उनको पागलपन पनि भन्न नसकिने होइन। तरपनि यसरी आफूले गरेको पूजापाठ तथा दानादिबाट आफ्नो मनोकामना पूरा भएन भन्दैमा देवदेवतालाई नै नष्ट गर्न सक्ने शक्ति आउनुमा या त उनी निश्चय पनि बहुलाएको हुनुपर्छ, या उनलाई अर्कै कुनै शक्तिबाट प्रेरणा मिलेको हुनुपर्दछ। आजसम्मको इतिहासमा उनले बहुलाएरै सब क्रिया गरेका हुन् भनी आरोप लगाई उनलाई पागल भनी लेखेको कुरालाई सही मान्ने हो भने त उनको मूर्ति तोडनुमा पनि यही कारण लागु हुन सक्तछ। तर उनले अपनाएको विभिन्न राजनैतिक सिलसिलापूर्ण कार्यबाट एवं तत्सम्बन्धी उनका पत्रहरूबाट उनलाई पागल भनी भन्न मुश्किल पर्दछ। अनि पागलै भए तापनि सांस्कारिक गुणलाई एकै चोटि त्याग्न सम्भवको कुरा पनि थिएन। यसकारण उनको यस कार्यको निम्ति उनलाई कुनै अन्य शक्तिद्वारा प्रेरित गरेको हुनुपर्दछ भन्ने शंका उठ्नु स्वाभाविक छ। यसविषय एक जना नेपाली विद्वानले हालै एउटा निबन्ध प्रकाशित गरेबाट यसबारे केही आलोकित हुन गएको छ। त्यस बखत नेपालमा 'जोसमणि मत' केही जोगीहरूको बीच फैलिएको थियो, तथा त्यस मतका प्रवर्तक सन्त शशिधर

थिए। यिनै शशिधर रणबहादुर शाहका सम-सामयिक व्यक्ति थिए तथा यिनैका सल्लाहअनुसार राज्य त्यागपछि रणबहादुर स्वामी निर्वाणानन्द भएका हुन्।[१] सन्त शशिधरद्वारा चलाइएको यो जोसमणि मत[२] मूर्ति पूजाको विरोधी थियो भन्ने कुरा उनीद्वारा लिखित निम्न पंक्तिहरूबाट स्पष्ट हुन्छ, जुन उनको अप्रकाशित "पाखण्ड खण्ड अखण्ड शब्द" नामक पुस्तिकाबाट उद्धृत गरिएको हो।

"केते पाषाणलि पूजै केते फिरै मौनि देवानि।
केते गिरि गव्हर बैठे केते षावै धुम्र पानि ॥१०॥[3]

र त्यसरी नै शशिधरका पनाति चेलो ज्ञानदिलद्वारा लिखित "उदय लहरी" नामक पुस्तकमा पनि मूर्तिपूजाको विरोध गरिएको छ।[४]

यस प्रकार "जोसमणि मत" मूर्तिपूजाका विरोधी भएको हुनाले यसै मतका प्रवर्तक शशिधरको संगतबाट स्वामी भएका रणबहादुर शाहलाई पनि मूर्ति तोड्नमा प्रेरणा एवं शक्ति मिलेको हुनुपर्छ।

मूर्ति तोड्ने कार्य पश्चात् रणबहादुर शाहको क्रोध गएर बज्रिन पुग्यो—बिफर नआएका कलिला बच्चाहरूमाथि। उनले आफ्नै प्रेरणामा शहरका समस्त कलिला बच्चाहरू जसलाई एकचोटि पनि बिफरको रोग लागेको थिएन, काठमाडौं उपत्यकाबाट निष्कासन गर्न लगाए। शहर भरी हाहाकार मच्चिन थाल्यो। बिफर नआएका आफ्ना बालबच्चाहरू

---

१. जनकलाल शर्मा—नेपाली चिंतन (प्रेसमा)

२. "जोसमणि मत" यो मत विहारप्रान्त शाहबाद जिल्लाअन्तर्गत धर्कन्दा गाउँमा मुसलमान साधु दरिया साहेबले चलाएको 'दरिया मत' जस्तै किसिमको थियो।

३. श्री जनकलाल शर्माको सौजन्यबाट

४. देवी माइ पत्थर पूजि पशु मारी खान्छन्
चोला छाडि त्यस्ता प्राणी कहुँ कहा जान्छन् ॥१४॥
—श्री जनकलाल शर्माको सौजन्यबाटै।

बोक्दै उनीहरूका आमाबाबुहरू शहर छोड्दै जान थाले। यसरी जाँदा उनीहरूले गीत गाउँदै गएका थिए, जुन अत्यन्त मार्मिक थियो, तथा लोक-गीतको रूपमा आजसम्म पनि प्रचलित छ।

यस प्रकार क्षणिक क्रोधको झोंकमा राजधानीका निरपराध बालक बालिकाहरूलाई निकाला गर्नु निश्चय पनि उनको भयानक कार्य थियो। यो कार्य स्वामी रणबहादुर शाहको व्यक्तित्वको निमित्त सुहाउँदो थिएन। तर यस्तो भीषण कठोर कार्य गर्नमा उनी विवश भएको हुनुपर्छ। महारानी कान्तिवतीको मृत्यु अल्प समयमै बिफरबाट हुन गएकोले यसबाट उनको मस्तिष्कमा यो प्रभाव पर्न गयो होला कि अगाडि गीर्वाणयुद्धविक्रम जन्मेको समयमा ब्राह्मण ज्योतिषीहरूले भविष्यवाणी गरे[1] जस्तै कतै बालक राजा माथि पनि शीतला रोगले आक्रमण नगरोस्, किनकि यस्तै भविष्यवाणीको अनुरूप झैं महारानीको स्वल्पायुमै मृत्यु हुन गयो। यसै भविष्यवाणीको कारणले गर्दा दूधले पोलेको बिरालो मही देख्ता तर्सन्छ भने झैं उनले पनि आत्तिएर राजाको बचावटको निम्ति यस निष्कासनको कार्य गरेका होलान्। हुनपनि खोपाउने प्रथा चलि नसकेको त्यस जमानामा बालक राजालाई शीतला-रोगबाट बचाउने उपाय कोमल बालकहरूको निर्वासन सिवाय उनले अरू केही पाएनन् होला। तरपनि उनको मानसिक भयको कारणबाट मात्र त्यतिका बालक बालिकाहरूको बिचल्ली हुने कार्य गर्नु उनी जस्ता महान् व्यक्तित्वको कमजोरी नै मान्नुपर्छ। उनको यस कार्य-बाट उनी काठमाडौंका जनताको बीच अप्रिय हुनजानु अस्वाभाविक थिएन, र उनले आफ्नो भावी राजनैतिक गतिविधिको सफलताको निमित्त यस प्रकार जनतालाई चिढाउनु उनको दूरदर्शिता थिएन। यसपछि उनी महारानी राजेश्वरीदेवीका साथ पाटनतर्फ गए तथा केही महीना त्यहाँ रहे[2]

१ हेर्नुहोस् यसै पुस्तकको पृष्ठ २६ मा।

२. कुनै वंशावलीमा बालक बालिकाहरूको निर्वासन सं० १८६१।६२ तिर भएको भनी लेखिएको छ।

स्वामी रणबहादुर शाह ( उर्फ निर्वाणानन्द ) ले महारानी कान्तिवतीको मृत्युको प्रतिक्रियास्वरूप गरेको उक्त मूर्तितोड एवं कलिला बच्चाहरूको निर्वासन कार्यबाट राज्यमा द्वैध शासनको प्रारम्भ हुन गयो। रणबहादुरले यस प्रकार देवीदेवताहरूको मूर्ति तोड्नाले, तथा आफ्नै प्रेरणामा विफर न आइसकेका साना बच्चाहरूलाई निष्कासन गर्नाले प्रशासनको एक अंग आफ्नो हात लिएको जस्तो हुनजानु स्वाभाविक थियो, तथा यसमा वैध सरकारबाट विरोध हुनु अस्वाभाविक पनि थिएन। उनी पाटन गएर बस्न थालेपछि त उनको क्रोध र आवेगले पूरा राजनैतिक रूप नै धारण गऱ्यो। उनले स्पष्ट रूपमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहका भारादारहरूको विरोध गर्न थाले तथा तिनीहरूको विरुद्ध संगठित हुन जनताको नाममा आदेशहरू दिन थाले।

पाटन आएर बसेपछि रणबहादुर शाहले भारादारहरूको विरुद्धमा ठोस कार्य गर्ने तयारी गर्न थाले। उनले त्यहाँका जनतालाई आफ्नो पक्षमा संगठित गर्न थाले। काठमाडौंका केही प्रतिशत तथा पाटनका अधिकांश जनताले उनको साथ दिए पनि। उनले पाटनस्थित तलेजूको मन्दिरको पुरोहित्याँइको कार्य पं० अमृतानन्द पाध्यालाई दिलाए जो त्यहींका स्थानीय व्यक्ति थिए। यो पुरोहित्याइँको कार्य ललितपुरमा श्री ५ पृथ्वीनारायण शाहको शासन स्थापना भएदेखि पं० अमृतानन्दको पुर्खाबाट खोसिएको थियो।[1] यसरी स्थानीय व्यक्तिहरूलाई उनीहरूको पैतृक अधिकार पुनः दिएर रणबहादुरले पाटनका अधिकांश जनता आफ्ना पक्षमा गराए। यसबाहेक उनले लुभु, दहचोक, थानकोट आदि स्थानका जनताहरूलाई पनि आफ्ना भएका सरजाम लिई पाटनमा आउने आदेशहरू पठाए। उनले जारी गरेको आदेश पत्रको नकल यस प्रकार छ :—

१. एक वंशावलीबाट

"स्वस्तिश्री ………………पत्रम्

आगे तिमीहरू अम्बलका जागिन्या ढाक्रया सिपाहीके ढाल, तरवार, बन्दूक, पेच हतियार ली सिपाही बाहेक ब्राह्मण, प्रजा, योगी, संन्यासी चारवर्ण छत्तीस जातले कोदाला बंचरा ली वैशाखका १६ दिन जाँदा सहर पाटनमा आइपुग्नु न आया अप्सरिया हौला इति संवत् १८५७ साल वैशाख सुदि १ रोज ५ शुभम्…… ।" यसबाट द्वैध शासनको रूप स्पष्ट हुन गयो ।

राजधानीमा यस प्रकारको परिस्थिति हुँदा भारादारहरूले राजा गीर्वाण-युद्धविक्रमलाई प १ नं० नुवाकोट लगे र तहाँबाटै स्वामी रणबहादुरको विरुद्ध कार्यसंचालन गर्न थाले। यसरी रणबहादुरले पाटनबाट तथा गीर्वाण युद्धविक्रम शाहले नुवाकोटबाट एकसाथ शासन संचालन गर्न थाले। रणबहादुर शाहले नुवाकोटस्थित राजामाथि खराब मति भएका भारादार-हरूले बिगार गर्न नपाउन् तथा राजाको राम्रो हेर—विचार गर्नू भनी उच्चपदाधिकारी भारादारहरूको विरुद्धमा खुलेआम फौजलाई आदेश दिन थाले। स्वामी रणबहादुर शाहले श्रीनाथ कम्पनीका फौजी जवानहरू-लाई श्री ५ गीर्वाणको राम्रो रक्षा गर्नू, भारादारहरू पापी छन्, तिमीहरूलाई अन्त पठाएर राजालाई बिगार्न खोज्लान्, त्यसो हुन नदिन्, कतै नजानू" भनी जारी गरेको आदेश यस प्रकार छ :—

श्री

श्री ५ महाराजा

| |
|---|
| निर्वाणानन्द को केशरी छाप |

"स्वस्ति श्री स्वामिज्यूकस्य आज्ञा पत्रम्—

आगे पुराना श्रीनाथका ज्मादार गैरह सिपाहीके आशीष उप्रांत वैषाकका

दिन २० जाँदा साइत ताहाँ म छदा पनि वढिया ठहरायाको हो मलाई ताहाबाट जैसिहरूले ठहराया भनी कीर्तिमानले २।३ पल्ट कागत पनि लेषि पठायाथ्यो कुदिनमा ल्याउन आट्याछन् दिन न पुगी चलाउनु ठीक छैन·········लाई बिंना दिनमा ल्याउन दिया निमष हराम भयो·········का साई धुवा भयौ, हिजो पनि लेषि पठायाको हो आज पनि लेषि पठाव्याैं तिमिहरूलाई अरु केहि काजमा अंत पठाइ ताहाँ·········लाई विगार्नमा पसनन् कतै पठाया पनि जानु छैन. ढोकैमा सामेल भै रहनु भारादारहेरू पापि छन्, अनेक तरह सित तिमिहरूलाई टाढा पारी·······लाई बिगार्नन् बिगार्न नपाउन विस् दिनको साइत् छोड़ी घटिया साइत्मा हिंडाइ हाल्याको भया पनि फिराइ लै जानु त्यति काम गऱ्यौ भन्या·········को सपाऱ्यौ म पनि षुसि हुँला·········को सह्यारै गरौला भनि तिम्हेरू माथि सुबेदार न हाल्याको हो भारादारहरूले अऱ्हायामा जाहाँ ताहाँ डुलौला भनि होइन निमक का सोझा छौं भन्या चल्यायाको भया पनि फिर्ता गरि लैजाउ चलाउन लाग्याका भया अवश्य थामनु इति सम्वत् १८५७ साल वैशाक वदि ११ रो. ७ शुभम्—"

यसरी रणबहादुर शाहले भारादारहरूको विरोधमा आदेश जारी गरी शासनको अंग आफ्नो हातमा लिन थालेपछि राजधानीको परिस्थिति गम्भोर हुनगयो। यसको साथै उनले केही फौज एवं पाटनका जनतालाई आफ्नो पक्षमा बनाएबाट स्थिति झन् गम्भीर हुन थाल्यो तथा देशको अवस्था संकटकालीन मानिन थाल्यो। यस संकटकालीन परिस्थितिको सामना गर्न नुवाकोटबाट श्री ५ गीर्वाणयुद्धविक्रम, जसको उमेर त्यस बखत ३ वर्ष ७ महीनाको थियो, तिनको नामबाट भारादारहरूले कार्य गर्न थाले। सर्वप्रथम उनीहरूले फौजी जवानहरूलाई एकत्रित गर्न थाले। रणबहादुर शाह ( उर्फ स्वामी निर्वाणानन्द ) ले पाटनमा बसी केवल जनतालाई मात्र आफ्नु पक्षमा गराएका थिएनन्, कि फौजी कंपनीका जवानहरूलाई पनि हातमा लिई आफ्नु पक्षका बनाएका थिए। यसो हुँदा काजी भारादारहरूले

त्यस बखत राजधानीमा रहेका फौजी कम्पनींका जवानहरूलाई राजा म बसेको स्थान नुवाकोट (प० १ नं०) मा आउनको निमित्त आदेश जारी गरे, जसमा विद्रोहको उल्लेख गरी तामापत्रको जिकिर गरिएको छ। लाल-मोहरको नकल यस प्रकार छ :—

श्री दुर्गासहाय

| छाप |
|---|

"स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का———— —

आगे सवुज कंपनीका हुँदा सिपाही गैरह प्रति कौन चाही पोलाहाको नहुँदो नहुँदो कुरा सुनी तिमिहरू आफु आफुमा बुझ नमिलाइ मेरो गोराउन विराउ गर्नमा नपस धर्म तावा पत्रको सही त थाम्नु छ भन्या वितौल नपारी सबजनाले मन मिलाई मिल हुन्या काम गर यति कुराको षलासा नगरि तकरार बढाउनामा पसौला सो तावापत्रको वन्धेज नाघन्या र निमक हौला षायल थामिन्यै छ निमक समझि काम गर क्या बुझि आँटि राष्या छौ निमकका भाउँदामा छौ भन्या कम्पनी डक्को चांडो आउ सम्वत् १८५७ साल मिति वैसाष वदि १३ रोज २ शुभम्।"

यही व्यहोराको आदेशका लालमोहरहरू सर्वश्री जंग कंपनी, नया श्री नाथ कंपनी, गोरख कंपनी, कालीदत्त कंपनी, आदि फौजी कम्पनीका जवानका नाममा पनि गरिएको थियो। उपर्युक्त कंपनीका नाममा जारी भएको लालमोहरहरूबाट यी कम्पनीका फौजी जवानहरू केही विचलित सम्म भएका थिए, तर संपूर्णतया रणबहादुर शाहकै पक्षमा लागिसकेका थिएनन् भन्ने थाहा हुन्छ। यसकारण उनीहरूलाई नुवाकोटमा डाकिएको होला। तर तारादल कंपनी, रणसेर कंपनी, रणभीम

कंपनी र देवीदत्त कंपनी—यी ४ कंपनीका जवानहरूका नाममा भएको यसै बखतको लालमोहरको व्यहोराबाट उनीहरू रणबहादुर शाहको पक्षमा गै सकेका थिए भन्ने बुझिन्छ । यिनीहरूले स्वामी महाराजको पक्षमा लागी दामोदर पाँडेहरूको विरुद्ध लड्न तयार भै सकेका थिए। यस कारण यी चारकंपनीका फौजी जवानको नाममा भएको लालमोहरमा उनीहरू लाई केवल संझाउनेसम्म प्रयत्न गरिएको छ, तर नुवाकोट आउन लेखिएको छैन । यस लालमोहरको व्यहोरा यस प्रकार छ :—

"स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का—

आगे (१) कंपनी का ज्मादार मेजर कोत्या अजिटन् हुदा सिपाही गैह्र सब लाजिमा प्रति बलभद्र साहिले कुराको तोफावत श्री वुवाज्यूका हजूर महा पारि दिंदा तिमिहरूलाइ एकोहरो कुरा सुनाउँदा तिमीहरूले पनि एस्कुराको क्या वेहोरा हो भनो विंती गर्न पनि आयेनउ मुर्चा वंदि गर्‍याको क्या अर्थले कस्माथी हो येकोहरो कुरामा तसो गरेउ तपनी अव व्यहोरा पार्‍या· लाई आफालनु र मिलाप गराउनमा जो पसौला तावापत्रको धर्म गरो थामेउ हाम्रा निमकको सोझो पनी गरेउ निमकमा सधा ठहरियौला झगरै बढाउन्या काम गर्‍यौ भन्या धर्म छादेउ निमक हराम ठहरियौला निमक समझ इति संवत् १८५७ साल मिती वैसाख वदि १४ रोज ३ मुकाम नुवाकोट शुभम्"—

राजधानी काठमाडौंमा उत्पन्न यस संकटकालीन परिस्थितिको सामना गर्नको निमित्त श्री गीर्वाणयुद्धविक्रम शाहका साथ रहेका भारादारहरूले केवल काठमांडौंस्थित फौजी जवानलाई मात्र नुवाकोट डाकेका थिएनन् कि राजधानीबाट बाहिर रहेका फौजो कंपनीका जवानहरूलाई पनि नुवाकोटमा आउन आदेश जारी गरेका थिए। रणभीम, तारादल आदि पल्टनका फौजी जवान स्वामी रणबहादुरपक्षबाट लड्न तयार भै सकेको तथा अन्य

---

१. तारादल, रणसेर, रणभीम र देवीदत्तको नाम ।

कंपनीका जवानहरू पनि पूर्णतया आफ्नु पक्षमा न भै धर्मेर स्थितिमा रहेबाट तिनीहरूको भरमा मात्र रणबहादुरसित लड्न मुश्किल पर्ने हुँदा अन्य फौजी जवानलाई पनि नुवाकोट डाकेको हुनुपर्छ। अनि राजधानीभन्दा बाहिर गढी गौंडाको सुरक्षा गरी बसेका फौजी जवानलाई नुवाकोटमा बोलाउँदा पनि भारादारहरूले पूरा कूटनैतिकपूर्ण आदेश पठाएका थिए। उनीहरूलाई बोलाइएको आदेशको लालमोहरमा स्वामी रणबहादुर शाहको कार्यबाट यस्तो स्थिति पैदा हुन गयो भन्ने राजधानीको स्थितिबारे कुनै किसिमको उल्लेख गरिएको थिएन। केवल जरूरी मात्र भनी बोलाइएको थियो। अनि यस लालमोहरमा स्पष्टसंग यो पनि लेखिएको छ कि नुवाकोट आउँदा काठमाडौं नगै पहाडै पहाडको बाटोबाट आउनू। शायद काठमाडौंको स्थितिबारे क्यै उल्लेख गरेमा तथा उनीहरू काठमाडौंबाट आएमा त्यहाँको परिस्थितिबाट कतै यिनीहरूको मनमा पनि द्विविधा नपरोस् वा यिनीहरू रणबहादुर शाहतिर नलागुन् भनेरै यस्तो आदेश दिइएको होला। त्यस लालमोहरको नकल यस प्रकार छ :—

"स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का—

आगे भैरव कंपनि जमादार सिपाही गैरह औ वटुक दल कंपनिका सुबेदार कृष्णानन्द जमादार गैरह सब सिपाही प्रति केही काज ज्याहा जरूरत पर्न आयो तसर्थ भैरव कंपनीले कुन्हुवा उमराव समेत् ताहा वसी गढि किलाको सह्यार गरि षवर्दारी संग रहनु, तिमिले आफनु कंपनी सराजाम समेत ली मोहर देषत रातदीन गरी चितलाङ् कुह्यारीको बाटो नुवाकोट हाम्रा हजुर आइ पुग ढिल गऱ्या निमक हराम ठहरौला इति संवत् १८५७ बैशाख वदि १० रोज ६ शुभम्—"

यस्तै गरी पूर्वतिर रहेका फौजी जवानलाई पनि काठमाडौं नगै सोधा नुवाकोट आउन आदेश जारी गरिएको थियो।

यसरी देशको विभिन्न भागबाट अत्यन्त जरूरी बताई सारा फौजी जवानलाई नुवाकोटमा उपस्थित हुन आदेश पठाउनुबाट राजधानीको

स्थिति अत्यन्त संकटकालीन एवं गंभीर थियो भन्ने स्पष्ट हुन्छ। यस स्थितिको प्रभाव राजधानीबाहिर पनि फैलिन जाने संभावना भएबाट भारादार काजीहरूले यसको पनि बचावट गर्ने प्रबन्ध गरे। रणबहादुर शाहका पक्षका मानिसहरूले कुनै किसिमको चिठीपत्र कागत ली आएमा पक्री सीधा नुवाकोट पठाउनू भन्ने तथा गढी गौंडाहरूको पूरा सुरक्षा गर्नू भन्ने आदेशहरू जारी गरिए। यसको साथै जिल्ला जिल्लाबाट आएका फौजी जवानहरूलाई काठमाडौंबाट मानिसहरूले आई (अर्थात् रणबहादुर शाहका पक्षका मानिसहरूले आई) लैजान खोज्लान्, त्यसो गर्न नपाइने गरी सीधा नुवाकोट पठाउनू भन्ने आदेश पनि पठाए। यसविषय पूर्व सिंधुली गढीमा कडा पहरा गर्नको निमित्त सर्दार चामु भंडारीलाई दिइएको आदेशको नकल यस प्रकार छ :—

"स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का—-

आगे सर्दार चामू भंडारी सुवेदार कासिनाथ प्रति यकाद मानिसले कुराको तल बीच पार्दा नाहकमा कल उठावन्या डवल हुन लाग्यो कल उठाउन जोग्ये छैन साम्य गर्न पर्‍यो तसर्थ षेत विग्हाउन्या काजलाइ अरु मानिसकन अग्हाइ पग्हाइ तिमि दुइजना मोहर पुगन सिधुलि पौवा गढिमा आइ बस देस देसावरको षैषवर बुझि गढि किल्ला वलियो गरि तपसिल बमोजिमका मानिस सित सल्लाह गरी परि आयाको काज गर्नु वोलावटको लाल मोहर नपुगी तिमिहरुले सिंधुलि छाडि आया निमक हराम होला—

तपसिल

अघिका मोहर बमोजिम महाजन वेपारि चिन्ही आउन जान दिनु— १

सिंधुली गढ़ी कुह्रन्या उमरावहरुसित सल्लाह गरी काम गर्नु— २

देसवाट चिठि पत्र सौगात उकिल आया तिनलाई मानीस साथ लाइ नुवाकोट हाम्रा हजुर पठाइ दिनु— ३

काठमाडौं पाटनबाट चिठिपत्र लैगयाको चिठि र मानिस स्मेत कन पक्री मानिस हाम्रा हजूर पठाइ दिनु— ४

पुर्वबाट कंपनि झाराको लस्कर झिकाइ पठायाको छ नेपालबाट फुल्याइ लिन जानन् नेपालतिर जान नदिनु वाटैबाट मानिस साथलाई ह्राम्रा हजूर पठाइ दिनु— ५

ताम्रापत्रको धर्म र निमक समझी तपसिल बमोजिमको कामकाज रात-दिन षवरदार भैकन गर्नु— ६

माझ किरातका २०० नाल सीधुलि गढिमा थामनु— ७

सय नाल पैवा गढिमा राषनु पल्लो किरात नाल नेपाल नपुगि नुवाकोट आइपुगन्या गरि पठाउनु— ८

ढुंगो सप्रन्या आफुलाइ दाग नलागन्या काम गर्नु— ९

इति सम्बत् १८५७ साल मिति वैशाष सुदि १ रोज ५ शुभम्—"

सर्दार चामू भंडारीको नाममा भएको उपर्युक्त आदेशको लालमोहरबाट भारादारहरूले रणबहादुर शाहको विरुद्ध संघर्ष गर्ने पूरा तयारी गरेका थिए भन्ने स्पष्ट हुन्छ, तथा यसनिम्ति सुदूर पूर्वबाट समेत फौज झिकाएका थिए। साथै काठमाडौंको गोलमाल परिस्थितिको प्रभाव राजधानीबाहिर नजावस् भन्ने कुराप्रति पनि पूरा सचेत भएको देखिन्छ। यसै गरी सिंधुलिगढीबाहेक अन्य स्थानमा पनि लालमोहरको[1] आदेश पठाइएको थियो, जसमा गौंडाको रक्षा गर्ने कड़ा आदेश दिइएको छ।

यस प्रकार पाटनमा बसी स्वामी महाराज रणबहादुर शाह उर्फ निर्वाणानन्दले फौज संगठन गरी भारादारहरूको विरुद्ध संघर्ष गर्ने तयारी गरेबाट उत्पन्न हुन गएको गंभीर परिस्थितिको सामना गर्ने श्री ५ गीर्वाणयुद्धका साथमा रहेका भारदारहरूले नुवाकोटमा बसी देशको कुनाकुनाबाट फौज संगठन गर्नुको साथै राजधानीको परिस्थिति देशको अन्य भागमा नपुगोस् भन्ने बचावट पनि गरेका थिए। यसबाहेक भारादारहरूले काठमाडौं उपत्यकाका गैरसैनिक जनतालाई पनि संझाउनाको निमित्त श्री ५ गीर्वाण

१. लालमोहरको नकल परिशिष्ट नं० १३ मा

युद्धविक्रमको नामबाट अपीलको लालमोहर जारी गरे। काठमाडौं, पाटन, भादगाउँ तथा आसपासका लुभु, थानकोट आदि स्थानका समस्त जनताको नाममा छुट्टा छुट्टै आदेश जारी गरे। यसरी विभिन्न स्थानका जनतालाई गोलमालमा नपर्ने गरिएको अपीलको आदेशको मसौदा गर्नमा पनि भारादारहरूले पूरा बुद्धि पुऱ्याएको देखिन्छ। त्यस बखत पाटन शहरका अधिकांश जनता रणबहादुर शाहको पक्षमा भएको हुनाले तिनीहरुको नाममा जारी भएको लालमोहरको व्यहोरा, र स्वामी महाराजका पक्षमा नरहेका भादगाउँका जनताका नाममा भएको लालमोहरको व्यहोरामा धेरै नै फरक गरिएको छ र त्यसरी नै काठमाडौंका जनताको नाममा गरिएको लालमोहरको व्यहोरा पनि। काठमाडौं र पाटनका अधिकांश जनता स्वामी महाराजको पक्षमा भै तिनीहरूकै भरमा उनले पाटन पुलचोक र काठमाडौं पकनाजोलमा किल्लासमेत बाँधेर लड्न तयार भै सकेको हुँदा ती स्थानहरूका जनताको नाममा गरिएको लालमोहरमा बडो नम्र भै रणबहादुर शाहप्रति सम्मान व्यक्त गरी सबै जनतालाई शान्तिसित रहनको निमित्त अपील गरिएको छ। तर भक्तपुरका जनताको नाममा गरिएको लालमोहरमा भने रणबहादुर शाहको पूरा बदनाम गर्ने कोशिश गरिएको छ, तथा बाबु भए पनि उनीसित लड्न तयारी गरिएको छ भनी जनतासित सहायता मागिएको छ। अध्ययनार्थ ती तीन स्थानका जनताका नाममा गरिएको लालमोहरको नकल प्रस्तुत गरिएको छ।

**श्री दुर्गा सहायः**

श्री बुवाज्यू

श्री स्वामि

| छाप |
|---|

स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का—

आगे शहर पाटंका अमालिदार ब्राह्मण सिपाही मर्महाजन प्रजा प्रानि नेवार गैह्रके प्रति पोलाहा निमक हराम तावापत्रको धर्म नाघन्या र आफुले गऱ्याको धर्म छोडन्याले आफनु वना निमित्त नभयाको कुरा जोरी मेरो र······को चित्त फारि कटक गराउनामा लागि रह्याका छन् उनै मानिसका मंत्रनामा पसि निमक छोडि तिमी हरू सबै लड्न तयार भै रह्याका छौ भन्दा सुनिन्छ ताहाँका प्रजा पनि मेरै हो ऱ्याहाका पनि मेरै हुन् दोहरै घट्या बढ्याको मेरै हो । अर्काको घट्न्या बढ्न्या होइन······मेरा वावा हुन् म उनको पुत्र हुँ तिमीहरू लड्न तयार भयाका कस्का हुकुमले कस्माथि हो निमक समझि मेरा सोझमा रहु मेरा हुकुम माफिक गर तम्रा आधा पोता माफ गरि वक्सौंला अब उप्रांत कसैलाइ बेजाइं हुन पावैन सबैको थिति विति थामि वक्सौंला जो लेषा माफिक गरैन तस्का जिय धनमा पर्ला इति सम्वत् १८५७ वैषाख वदि १२ रोज १ मोकाम नुवाकोट शुभम् ।"

यो थियो पाटनका जनताको नामका भएको आदेश त्यसै बेला काठमाडौं (नेपाल खाल्डा) का जनताका नाममा भएको लालमोहर यस प्रकार छ—

"स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का :—

आगे नेपाल षाल्डामा रहन्या सब भारादार पंच प्रति पोलाहाले दुइचार कुराको तलविच पाऱ्या तपनि तिमिहरू जस्ता पुरानीऱ्या भला मानिस छौ ता पोलाहालाई फाली आपसमा मिली सलुक गरी वंन्या सप्रन्या काज गरौंला भनि चित्तले देष्याको छ धर्मतावा पत्र निमक समझि हरोपले छिद्र नपाई चाडो सलुक गर्न्या दिन एहि छ तिमिहरूको बुद्धि प्रकट गर्न्या धर्म निमक समझन्या दिन यही हो इति संवत १८५७ साल वैशाक वदि १४ रोज ३ शुभम् ।"

माथि उल्लेखित यो लालमोहरहरूमा कहीं पनि स्वामी महाराज रणबहादुर शाहको बदनाम गर्ने कोशिश गरिएको छैन, न त उनीसित लडने

नै हाँक दिइएको छ। पाटनका जनतालाई आधा पोत माफी दिनेछु तथा अब उप्रान्त बेजाइ हुने छैन भनी आफ्नु पक्ष बनाउने कोशिश गरिएको छ। काठमाडौंका जनतालाई बुद्धिमान भनी प्रशंसा गरी पक्षमा लिने कोशिश गरिएको छ। तर त्यसै बखत भादगाउँका जनताको नाममा जारी गरिएको लालमोहरमा रणबहादुर शाहसंग युद्ध गर्ने धम्की दिइएको छ। त्यस लालमोहरको नकल यस प्रकार छ :—

श्री दुर्गा

धर्म
३

देव दवता
४।६

श्री वुवाज्यू
२

छाप

स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुका :—

आगे सहर भादगाउँका सव पंच महाजन प्रजा गैह्र प्रति……२……ले मलाइ राज्याभिषेक दि……३……पत्र तावापत्र गरि रजाइँ बक्सि आफु पर सऱ्या पछि फेरि मनोग्य गरि ढेरै……४……पनि फोर्नु विगार्नु भयो गो ब्राह्मन समेत सवै प्रजा प्राणिले वहुतै दुष् पाउंदा स्वामी भै अन्याय संग सबैलाइ दुष् दिन हुँदैन……६……विगार्न पनि हुँदैन भनी कुरा गर्दा मसित लडन्या सराजाम गर्नु भएछ तसर्थ वावु भया पनि अन्याय र ( अनरी ) त गर्न दिनु छैन। एतावाट पनि भारा पाँच आउँछन् तिमीहरू पनि सव सामेल भै भारादारले अह्रायाको काम गर तिमीहरूको पुरानु थिति थामि बक्सौंला षातिर्ज्मासंग रहू इति संवत १८५७ साल वैसाख वदि ६ रोज ५ शुभम्।"

विभिन्न स्थानका जनतालाई विभिन्न किसिमबाट आदेश जारी गर्नुमा श्री ५ गीर्वाणयुद्धविक्रमका साथमा रहेका भारादारहरूको बुद्धिको चतुराइँ स्पष्ट हुन्छ। यसै गरी लुभु, दहचोक, फर्पिङ आदि काठमाडौं उपत्यकाका अन्य गाउँका जनताका नाममा पनि यसै बखत आदेश जारी गरिएको थियो। तर उनीहरूको नाममा जारी गरिएको लालमोहरमा काठमाडौंको स्थितिविषय केही उल्लेख भएको छैन, तथा केवल नुवाकोट आउनको निमित्त मात्र आदेश गरिएको थियो, जस्तो कि उपत्यका बाहिरका फौजी कम्पनीका जवानका नाममा नुवाकोट आउन आदेश जारी भएको थियो। लुभुका जनताको नाममा भएको आदेशको लालमोहरको नकल यस प्रकार छ :—

"स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का—

आगे अम्बर सिं राना मोहरिया लुभु छापका अम्बालिदार द्वान्या जेठा बुढा जागीऱ्या ढाक्र्या चार वर्ण छतिस जात प्रति जति सिपाही छौ तितिले आफनु हात हतियार लि विर्तवार ब्राह्मणले विसामुरि लि प्रजाले गोल लि सार्किले छाला ली कर्मिले आफनु कमाउन्या सराजाम लि जति सक्या चाँडो चाँडो आऊ नुवाकोट नआइ अनेत्र गया ढिल गऱ्या धन डण्ड जिउ सासना होला कम्पनीका सिपाही केही काजले ताहाँ आयाको भया पनि चाँडो एहां पठाउ एस्कुराको ठेगाना भया पछि तिमिहरू सबैको थिति रिति गरि वक्सौंला इति सम्वत् १८५७ साल मिति वैसाष सुदि ११ रोज ५ शुभम्—"[१]

यसरी श्री ५ गीर्वाणयुद्धविक्रम शाहका नामबाट भारादारहरूले विभिन्न लालमोहरहरू जारी गरा फौज एवं जनतालाई नुवाकोटमा एकत्रित गर्ने तयारी गरेबाट स्पष्ट हुन्छ कि त्यसबखत काठमाडौं स्थिति ज्यादै गम्भीर थियो, तथा गृहयुद्धको सम्भावनाले जग बसाइसकेको थियो। काठमाडौं र पाटनका जनताहरू एवं केही दलका फौजी जवानलाई संगठित

---

१–फर्पिङ, थानकोट आदि स्थानका जनताका नाममा भएको लालमोहरको नकल परिशिष्ट नं० १४ मा

गरी तथा लुभु थानकोट आदि अन्य स्थानका जनतालाई पाटनमा डाकी रणबहादुर शाह युद्धको निमित्त तयार थिए, जसको निमित्त उनले पुल-चोक र पकनाजोलमा मोर्चाबन्दी पनि गरिसकेका थिए। यस प्रकारको स्थितिबाट स्पष्ट जाहेर हुन्छ कि त्यसबखत राजधानीमा एक प्रकारको द्वैध शासन चल्न गएको थियो। हुनत रणबहादुर शाहको आदेशमा केवल भारादारहरूसित मात्र लड्ने निधो गरिएको छ, तथा श्री ५ गीर्वाणयुद्धको विरोधमा केही लेखिएको छैन, तथापि तिनको त्यस कार्यबाट वैधानिक सरकारको विरोध हुन गएको छ। अनि उनले वैधानिक सरकारको विरुद्ध संगठित हुन फौजी जवान एवं जनतालाई आव्हान गर्नुबाट राजधानीमा दुइ सर्कार स्थापना हुन गै द्वैध शासन चल्न गएको थाहा हुन्छ।

यसै बखत अर्थात्, राजधानीको यस संकटकालीन अवस्थामा केवल रणबहादुर शाह र श्री ५ गीर्वाणयुद्धको मात्र आदेशहरू जारी भएको थिएन कि श्री ५ जेठा महारानी राजेश्वरीदेवीले समेत यसै संघर्षको सिल-सिलामा फौजलाई भारादारको विरुद्ध आफ्नो साथ दिन आव्हान गरेकी थिइन्। उनीले गुरुबक्स कम्पनीका फौजी जवानका नाममा जारी गरेको आदेश यस प्रकार छ :—

श्री दुर्गा

श्री ५ गिर्वान जुध विक्रम साहलाइ राजा

श्री स्वामिञ्यू

छाप

स्वस्ति श्री पट्ट राशि जेठा महारानो कस्य रुक्का——

आगे गुरुवक्स कंपनिका जमादार, हवालदार, अम्बलदार, कोत्या मेजर अजिटन सिपाहि गैह्रके आसिष उप्रान्त··········मान्यौको छ······

"......को र हाम्रो भलो चिताउन्या छौ त हाम्रा रुक्का देषत् सामील हुन आउ............पोछि षेडि कुल्याहो भारालाइ तिम्रा कम्पनीका सुबेदारलाइ राजा मानिन्छू भन्छौ त हाँक पारि पठाउ इति सम्वत् १८५७ साल वैसाष वदि १३ रोज २ मोकाम पाटन शुभम् ।"

महारानी राजेश्वरीदेवीले गुरुवक्स कम्पनीका फौजी जवानका नाममा जारी गरेको उपर्युक्त आदेश पनि श्री ५ गीर्वाणयुद्धको भलाइको निमित्त नै थियो तापनि यसलाई वैधानिक सरकारको विरुद्धको आदेश भनी मान्नुपर्दछ । फौजी जवानलाई भारादारहरू एवं आफ्ना कमाण्डर सुबेदार-को विरोधमा स्पष्ट रूपमा आज्ञापालन नगर्ने आदेश दिइएको छ । यसकारण महारानीको यस आदेशलाई पनि अवैध सरकारले गर्ने कार्य हो भनी भन्नुपर्दछ ।

महारानी राजेश्वरीको उपर्युक्त आदेशबाट यो स्पष्ट हुन्छ कि त्यसबखत राजधानीमा केवल स्वामी रणबहादुर शाह र गीर्वाणयुद्धविक्रमको मात्र अलग अलग आदेश जारी भएको थिएन कि महारानीको पनि आदेश चल्दथ्यो । यस प्रकार त्यस बखत नेपालमा द्वैध शासन मात्र चलेको थिएन कि एक प्रकारले त्रयी शासन नै चलेको थियो भने पनि हुन्छ ।

राजधानीको यो गंभीर स्थिति धेरै दिनसम्म लम्बिएन । यी दुइ दलको बीच संघर्ष भएको भए शायद राज्यको स्थिति नै अर्कै हुन जाने थियो होला । तर स्वामी रणबहादुर शाहको दलले आखिरमा पछि हटिदिएबाट यो स्थिति उत्पन्न हुन पाएन । नुवाकोटतर्फबाट फौज बढ्न लागेको समाचार आएपछि, रणबहादुर शाह उर्फ स्वामी निर्वाणानन्द लड्नतर्फ नलागी संवत् १८५७ जेष्ट वदि १ रोज १ का दिन काशीतर्फ प्रस्थान गरे । उनका साथमा जेठा महारानी राजेश्वरी देवी, सर्दार भीमसेन थापा र दलभंजन पाँडे पनि गएका थिए ।

स्वामी महाराज रणबहादुरसित काशी जाने महारानीको विषयमा पनि विभिन्न इतिहासकारले गल्ती गरेको पाइन्छ । सन् १८३७ को बृटिश रेजि-

डेन्टको रिपोर्टदेखि नै स्वामी रणबहादुरको प्रथम महारानी त्रिपुरासुन्दरी हुन् तथा काशी जाने पनि उनी नै हुन् भन्ने गल्ती लेखिएबाट अधिकांश इतिहासकारहरूले हन्टरको पुस्तकमा उद्धृत उक्त रिपोर्टलाई नै सत्य ठानी गल्ती लेखेका छन्।[१] वास्तवमा स्वामी रणबहादुरकी जेठी महारानी राजेश्वरीदेवी हुन् तथा उनीसित बनारसतर्फ जाने पनि उनी नै हुन्।[२]

---

१ (i) Hunter—Life of Hodgson—p. 17.

(ii) Landon—Nepal I vol p.72

(iii) काशीप्रसाद श्रीवास्तव—नेपालकी कहानी—पृ ३८

(iv) K-C. Choudhari—Anglo-Nepalese Relations—p. 126.

(v) Tuker—Gorkha—p.65

२. इतिहास प्रकाश भाग १ पृ० ६४–६४

# प्रत्यागमन र मुख्तियारी

( सम्वत् १८६०—६३ )

स्वामी रणबहादुर शाह ( उर्फ स्वामी निर्वाणानन्द) महारानी राजेश्वरी देवी, सर्दार भीमसेन थापा र दलभंजन पाँडेहरूलाई साथमा लिई बनारसको निमित्त प्रस्थान गरेपछि राजधानीको गंभीर स्थिति साम्य भयो, र प्रशासन पूर्ववत् चल्न थाल्यो। महारानी सुवर्णप्रभाले श्री ५ गोर्वाणयुद्धविक्रम शाहको नायब भै शासन संचालन गर्न थालिन्। मुख्य चौतरिया रणोद्योत शाह थिए तथा चौतरिया शेरबहादुर शाह र विदुर शाहीहरू थिए। कीर्तिमान बस्नेत, दामोदर पाँडे, त्रिभुवन षवास, नरसिंह गुरूङ—यिनीहरूले यथा भैं काजी-परिषद्को रूपमा रही कार्य गर्न थाले। सर्वजीत पाँडे तिब्बत र चीनतर्फको काम गर्ने काजी छँदै थिए।

यसरी शासन संचालन हुँदै थियो, एक दिन अकस्मात् राजदर्बारभित्र मूल काजी कीर्तिमान बस्नेतको हत्या भयो। काजीको वास्तविक हत्यारा पत्ता लाग्न नसके तापनि यसै अभियोगमा दुइ चार जना मानिसहरूलाई सख्त सजायँ दिइएको थियो। काजीको हत्याको यो समाचार बनारस पुगेपछि, रणबहादुर शाहले यस हत्याकाण्डमा काजी दामोदर पाँडेको हात थियो भनी दोष लगाएका छन्। यसविषयमा उनले काजी कीर्तिमानका भाइ बख्तावरसिंह बस्नेत र उनकी आमा चित्रादेवीलाई पत्र पनि पठाएका थिए। उनीहरूलाई लेखेको पत्रमा उनले यहाँसम्म लेखेका थिए, कि काजी कीर्तिमान बस्नेतको हत्या दामोदर पाँडले गराएका हुन् तथा यस हत्याकाण्ड भएको उपलक्षमा दामोदर पाँडेका सहायक गजराज मिश्र, जो त्यस बखत

अंग्रेज कंपनी सरकारसित भावी संधिको वार्ता चलाउन पटना गै बसेका थिए, उनले त्यहाँ खूब हर्ष बडाइँ गरेका थिए।[१] रणबहादुर शाहले काजी कीर्तिमान बस्नेतको हत्याविषय यस प्रकार काजी दामोदर पाँडे र उनका सहयोगी गजराज मिश्रहरूलाई आरोप लगाएका छन्, तापनि यस विषय ठोस प्रमाण पाउन सकिएको छैन। तरपनि त्यस बखतको राजनैतिक स्थितिको अध्ययनबाट यो असंभव पनि देखिन आउँदैन, किन भने दामोदर पाँडेको कार्य, बहादुरी एवं पछि स्वामी महाराजलाई कैद गर्न आफै गएको कुरा इत्यादि बाट यो स्पष्ट हुन्छ कि उनी महत्वाकांक्षी थिए अवश्य। तर रणबहादुर शाहको गद्दी त्यागको समय उनी मूल काजी बनाइएन। त्यसो हुँदा शायद उनलाई आफ्नो रणबहादुर विरोधी कार्य गर्न बाधा पर्न गयो होला जसबाट काजी कीर्तिमानको हत्याको आवश्यकता पर्न गयो। कीर्तिमानको हत्याबाद बख्तावरसिंह चार काजीमा सम्मिलित गराइए र प्रशासन पुनः शान्तिसित चल्न थाल्यो।

रणबहादुर शाह उर्फ स्वामी निर्वाणानन्द काशीतर्फ प्रस्थान गरे तापनि, उनबाट अब क्यै डर उत्पन्न हुँदैन भनी तत्कालीन भारादारहरू निश्चिन्त रहन सकेनन्, तथा उनबाट भविष्यमा आइपर्ने खतराको सामना गर्न शुरू देखि नै सचेत रहन थाले। रणबहादुर शाहको काशीप्रस्थानबारे मित्र राष्ट्रलाई दिइएको समाचारमा उनलाई धर्म गर्न गएका हुन् भन्ने नलेखी राजनैतिक कारणबाट गएका हुन् भन्ने लेखिनुबाट नै तत्कालीन भारादारहरू उनको प्रस्थानप्रति सशंकित एवं सचेत थिए भन्ने स्पष्ट हुन्छ। उनको काशीप्रस्थानको समाचार चारकाजीहरूले ल्हासास्थित चीन सम्राट्का प्रतिनिधि अम्बाहरूमार्फत चीनसम्राटछेउ पठाएका थिए, जसमा उनीहरूले रणबहादुर शाह काशीमा गै अंग्रेज कंपनी सरकारसित सहायता मागी नेपालमा पुनः शासन कब्जा गर्न आउने उद्देश्यले गएका हुन् भनी लेखेका थिए। त्यस

१. इतिहास प्रकाश—अंक १पृष्ठ १६.

पत्रमा लेखिएको थियो—"……१।२ घटिया मानिसले हुँदो नहुँदो विति गरि उनै मानिसले फिलंगिको मुलुकमा गै फिलंगि उठाइ चढाउनकन बूढा महाराजालाइ मध्येस लै गया छन् ।" यस पत्रको जवाफमा अम्बाले रणबहादुरलाई विदेशमा राख्नु हुँदैन जसरी भए पनि फर्काउनु पर्छ भन्ने सल्लाह दिएका थिए[1] ।

हुनत काजी दामोदर पाँडेहरूले रणबहादुर शाहको प्रस्थानको सूचना चीनिया अम्बाहरूलाई दिंदा यस प्रकार दिएर उनी तथा उनका साथमा गएका व्यक्तिहरूलाई अंग्रेज समर्थक सिद्ध गर्न खोजेका छन्, तापनि रणबहादुर शाह एवं उनका कट्टर समर्थक भीमसेन थापाहरू पछिसम्म आजीवन नै अंग्रेजविरोधी साबीत भएकोले तथा बनारस छंदै पनि उनीहरूले अंग्रेजसमर्थक कार्य नगरेबाट दामोदर पाँडेहरूको उपर्युक्त आरोप सिद्ध हुन आउँदैन । बरु उनी स्वयंले पछि रणबहादुर शाहको खतराबाट बच्न बृटिश कंपनी सरकारसित सम्बन्ध जोडेका थिए । रणबहादुर शाहहरूले नेपाल फर्कंदा अंग्रेजलाई साथमा लिएर आएका थिएनन्, बरु उनको आगमनबाट लार्ड वेलेज्लीलाई विवश भै संधि भंग गर्नुपरेको थियो । यसबाट पनि उनी दामोदर पाँडेहरूले निम्त्याएका अंग्रेजहरूलाई निकाल्न आएका थिए भन्न सकिन्छ ।

बनारस पुगेर पनि रणबहादुर शाहले राजनीतिबाट संन्यास ग्रहण गरेनन् । राज्यत्याग उनको राजनैतिक जाल मात्र भएको हुँदा यस विषय उनी सधैं सतर्क थिए कि कतै भारादारहरूले बालक राजा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहलाई पदच्युत नगरून् । यसर्थ उनको ध्यान बनारसमा रहेर पनि सधैं नेपालतर्फ, नेपालको राजनैतिक गतिविधितर्फ थियो । अनि सधैंभरी बनारसमा मात्र रहेर आफ्नु भावी राजनैतिक कार्यक्रमलाई सफल तुल्याउन सकिंदैन भन्ने शोची उनले नेपाल फर्कने उपायहरू पनि शोच्न

---

१. पत्रको नकल परिशिष्ट नं १५ मा

थाले। यसै सिलसिलामा उनले बृटिश कंपनी सरकारबाट केही सहायता प्राप्त गर्न सकिन्छ कि भनी बनारसस्थित बृटिश अधिकारीहरूसित भेट गरे। बृटिश अधिकारीले उनलाई नेपाल फर्कन सहायत गर्ने वचन पनि दियो, तर एक शर्तमा। बृटिशले नेपालमा चार कोठी थाप्ने अधिकार अर्थात् व्यापार गर्ने पाउने अख्तियार पाएमा सहायता गर्न विचार व्यक्त गऱ्यो। रणबहादुर शाहले आफ्ना हितैषी भीमसेन थापासित सल्लाह गरे। तर भीमसेन थापाले अंग्रेज जाति खतरनाक हुन्छन्, चार कोठी पाएमा पछि समस्त मुलुक नै ढाक्नेछ भन्ने आशयको जवाफ दिई बृटिशद्वारा प्रस्तावित चार कोठीको (अर्थात् व्यापारिक संझौताको) शर्तलाई मंजूर नगर्ने सल्लाह दिए,[१] र त्यो कुरा त्यसै हरायो। यसपछि उनले नेपाल फर्कने अरू उपायहरू शोच्न थाले।

नेपालका भारादारहरू अर्थात् दामोदर पाँडेहरू पनि रणबहादुर शाह र उनका दल आफ्नु पंजाबाट उम्की बनारस पुगेबाट निश्चिन्त रहन सकेनन्। उनीहरूबाट भविष्यमा आइपर्ने खतराप्रति उनीहरू सचेत हुन थाले। रणबहादुर र उनका दल स्वच्छन्दपूर्वक बनारसमा रहुन्जेल आफ्नो पद एवं शक्ति संपूर्णतया सुरक्षित एवं अकण्टक रहँदैन भन्ने कुराको महसूस गरी भारादारहरूले पनि यसको बचावट गर्ने उपायहरू सोच्न थाले। उनीहरूले कुनै जुक्तिद्वारा रणबहादुर शाह र उनको दललाई बनारसमै नजरबंद गर्न पाए आफ्नो दाउ सफल हुने ठाने। तर बृटिश कंपनी सरकारको स्वीकृति एवं सहायताविना यो कार्य असंभव प्रायः भएबाट भारादारहरूले बृटिश कंपनी सरकारसित सम्बन्ध जोड्न संधि गर्न तयार भए। यसनिमित्त वार्ता चलाउन राजागुरु गजराज मिश्र पटना गए। यस प्रकार काजी दामोदर पाँडेहरू पनि अगाडि बहादुर शाहकै नीति अपनाएर आफ्नो पद र शक्तिको सुरक्षानिमित्त तथा रणबहादुर शाहको खतराबाट आफू निश्चिन्त हुनानिमित्त आफ्नो बृटिशविरोधी नीतिको परंपरालाई छोडी अंग्रेजसित संबन्ध जोड्न तत्पर भए।

नेपाल सरकारको तर्फबाट संधिको वार्ता चलाउन गजराज मिश्र पटना पुगेको बखत भारतमा बृटिश कम्पनी सरकारका गवर्नर-जनरल लार्ड वेलेज्ली थिए। भारतमा बृटिश साम्राज्यको जग मजबूत पार्ने बृटिश कर्णाधारहरूमध्ये एक प्रमुख कर्णाधार लार्ड वेलेज्ली पनि थिए, जसले भारतका सारा देशी राज्यहरूलाई हडप्नको निमित्त एक नयां नीति—संरक्षण नीति ( System of Protectorates, जसको अर्को नाम थियो हड़प-नीति ) भर्खरै मात्र प्रस्तुत गरेका थिए।[१] उनले नेपालद्वारा प्रस्तावित यस संझौतालाई त्यसै छोड़न चाहेनन्। उनले यसलाई नेपालभित्र पस्ने आफ्नो नीतिको निमित्त उपयुक्त अवसर ठाने। सम्वत् १८४८ ( तदनुसार ई० सन् १७९२ ) सालमा चौ० बहादुर शाहको पालामा गवर्नर-जनरल लार्ड कर्नवालिससित भएको संझौता त्यस बखतसम्ममा निष्क्रिय भै भंगप्राय: भै सकोकोले अंग्रेजी शक्तिको निमित्त नेपालभित्र पस्ने ढोका नै बन्द भएको थियो। उसमाथि रणबहादुर शाहसित राखिएको शर्त पनि मंजूर नगरिएको हुँदा, स्वयं नेपाली भारादारहरूद्वारा प्रस्तावित यस संधिलाई स्वीकार गरी नेपालभित्र खुट्टा टेक्ने यस अवसरलाई लार्ड वेलेज्ली जस्ता गवर्नर-जनरलले गुम्न नदिनु स्वाभाविकै थियो। यसर्थ, नेपाल सरकार र बृटिश कंपनी सरकारको बीच सन् १८०१ अक्टोबर ३० तारीख ( तदनुसार सम्वत् १८५८ साल कार्तिक वदि ६ ) का दिन एक संधि भयो, जुन यी दुइ देशको सम्बन्धको इतिहासमा दोस्रो थियो। त्यसपछि कप्तान नाक्स बृटिश कम्पनी सरकारका दूत, रेजिडेन्ट भै नेपाल राजधानीमा आए।[२]

१. Lord Wellessly ले यो नीति ई० स० १७९८ मा निजामसित संधि गरी चलाएका थिए र यो नीति भारतमा बृटिश साम्राज्यलाई मजबूत गराउनुमा धेरै सहायक सिद्ध भयो।

२. Aitchison—Treaties, Sanads etc.-vol II—P. 104

दामोदर पाँडेहरूले नेपालको सरकारको तर्फबाट बृटिश कम्पनी सरकारसित गरेको यो संधि साधारण मैत्रीको संधि थियो, तथा यसमा दुइ देशको मैत्री सुदृढ गर्ने कुराको उल्लेख गरिएको थियो। तरपनि यसको पृष्ठभूमिमा एक राजनैतिक जाल बिछ्याइएको थियो। वास्तवमा यो सन्धि दामोदर पाँडेहरूले बनारसस्थित रणबहादुर शाह तथा उनको दलबाट उत्पन्न हुने खतराबाट सुरक्षित हुने उपायस्वरूप गरेका थिए। यो कुरा उक्त संधिपत्रमा रहेको रणबहादुर शाहसम्बन्धी नवौं धाराले स्पष्ट गर्दछ। दुइ देशको बीच केवल मैत्री बढाउने मात्र उद्देश्यबाट यो संधि सम्पन्न हुन गएको हो भने, तथा यसको पृष्ठभूमिमा कुनै खास राजनैतिक चाल नभएको होभने यसमा स्वामी रणबहादुर शाहलाई लिएर अलग्ग धाराको सृष्टि गर्नु पर्ने आवश्यकता थिएन। संझौताको रणबहादुरसम्बन्धी नवौं धारामा दुइ देशको सम्बन्ध विषय खास उल्लेख छैन कि केवल उनीमाथि लगाइएको विभिन्न प्रतिबन्धबारे स्पष्ट गरिएको छ। त्यसमा लेखिएको छ—"………स्वामीज्यूले (अर्थात् रणबहादुर शाहले) फौज राख्न सक्ने छैन, उनको सुरक्षार्थ नेपाल सरकारको तर्फबाट २०० जवान फौजी पहरा राखिने छ। तर उनले बोलेर वा लेखेर सरकारविरोधी भावना फैलाउन सक्ने छैन र यसविषयमा उनी होशियार रहनु पर्दछ। उनले कुनै विदेशी वा फरारलाई आश्रय दिन सक्ने छैन, नत मदत नै। जनतामा कुनै किसिमको गडबडि मचाउन पनि उनले पाउने छैनन्।"[१] यसको अतिरिक्त स्वामीज्यूको खर्चनिमित्त नेपालको सरकारबाट बीजापुरको आम्दानीबाट प्रतिसाल ७२ हजार नगद र १० हजारको हातो दिने भनी गरिएको संझौतामा पनि उनले फौज आदि राख्न नसकिने कुराको उल्लेख गरिएको छ।[२] त्यसपछि बृटिश कंपनी सरकारले नेपालका भारादाहरूको इच्छाबमोजिम रणबहादुर शाहलाई बनारसमा नजरबन्द पनि गर्‍यो।

१. Aitchison–Treaties Sanads etc. vol II P. 105

२. काशीप्रसाद श्रीवास्तव——नेपाल की कहानी——पृ० २४३-४४

नेपालका अधिकांश शीर्षस्थ भारादारहरू एवं चौतरियाहरूले यस प्रकार बृटिश कम्पनीसरकारसित संझौता गरी आफूलाई बनारस मै नजरबन्द गर्ने जाल रचेको कुरा बुझ्न भीमसेन थापा जस्ता योग्य सल्लाहकार पाएका रणबहादुरलाई कत्ति गाह्रो भएन। उनले त्यस मैत्री सम्बन्धलाई तोड्ने उपाय शोच्न थाले। साथै आफ्नु नजरबन्द हटाउनेतर्फ पनि विचार गर्न थाले। हुनपनि आफूलाई नजरबन्द गर्ने उद्देश्यबाट गरिएको बृटिश कम्पनी सरकारसितको यो संझौताले राम्रो जग बसाउन नपाउँदै त्यसलाई भंग गर्न नसकिएमा आफू आजन्म बनारसमै कैदी भएर रहनुपर्ने, र साथै नेपाल फर्केर आफ्नो अंग्रेजविरोधी नीतिलाई सफलीभूत पार्ने काम अधूरो हुने भएकोले रणबहादुर शाहको निमित्त सो संझौता जतिसक्यो चाँडो भंग हुन अत्यावश्यक थियो। अनि शुरूमा व्यापार गर्ने बहानाबाट कुनै राज्यमा खुट्टा टेकेपछि, भविष्यमा समस्त राज्यलाई नै हडप्ने नीति लिएका अंग्रेज कम्पनी सरकारको "संरक्षण नीति" को वास्तविक अर्थ बनारसमा उनका सहयोगी भै बसेका भीमसेन थापाले राम्ररी बुझेका थिए, जुन कुरा "तत्कालीन देशी राजनीतिज्ञहरूमा बृटिशको संरक्षण नीतिको वास्तविक अर्थ बुझ्ने एउटै व्यक्ति भीमसेन थापा थिए" भनी स्वयं अंग्रेज लेखकले आशय व्यक्त गरेकोबाट प्रमाणित हुन्छ।[१] उसमाथि बनारस छँदैमा देशी राज्यहरू एक एक गर्दै बृटिश सरकारको जालमा फस्दै गएको पनि उनीहरूले देखेका थिए।

आफ्नो कैद खुलाउनको निमित्त रणबहादुर शाहले नेपालमा चौतरिया भै बसेका आफ्ना भाइ शेरबहादुर शाहलाई पत्र लेखी आफ्नु पक्षमा बनाउन कोशिश गरे। उनले भाइलाई लेखेको समस्त पत्रहरूमा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको संभार गर्नको निमित्त लेखेका थिए। साथै प्रत्येक पत्रमा भाइ-प्रति माया ममता पनि व्यक्ति गरिएको थियो,—जुन भाइले अन्तमा उनकै हत्या गर्‍यो। रणबहादुर शाहले आफ्ना भाइ शेरबहादुर शाहलाई

१. Hunter–Life of Hodgson—P. 91

लेखेको पत्रमा बनारसको आफ्नो कैद अर्थात् नजरबन्द हटाउनको निमित्त प्रबन्ध गर्न अनुरोध पनि गरेका थिए। त्यस पत्रको केही उद्धरण यस प्रकार छ :—"......जस प्रकारले श्री ५ को रजाइ थीर हुन्या देसका आयाका मानीस ठहर नआउन्या मेरो कयद खुलन्या तहींबाट तिमीहरूले गऱ्या हुन्याछ, त्यो काम गरी मलाइ झिकाउन्या काम गर...... ।"[१]

नेपालमा अंग्रेजी दूत आएर बसेकोमा आफ्नो प्रतिक्रिया यस प्रकार व्यक्त गरी स्वामी रणबहादुरले आफ्ना भाइलाई दामोदर पाँडेहरूले गरेको संझौता त केवल जाल मात्र हो, उनीहरू श्री ५ गीर्वाणयुद्धलाई पदच्युत गरी चौतरिया कृष्ण शाहलाई राजा बनाउने विचारमा छन्, होशियार रहनू भन्ने आशयबाट अर्को पनि पत्र लेखेका थिए। उनले लेखेका थिए—"...... घा बन्दोवस्तको निउ मात्रै छ......तंलाइ मलाई फाडी श्री कृष्णयालाई (कृष्ण शाह) राजा तुल्याउनालाई यो प्रपंच रहेछ......मिश्र र दाम्या (गजराज मिश्र र दामोदर पाँडे) ता श्री कृष्णयालाई बोकी नेपाल जाइ राजा थाप्न लाइ एकत्व भै लागिरह्याछन्...... ।"[२] यसरी नै भारादारहरूले श्री ५ गीर्वाण युद्धविक्रमलाई गोर्खातिर धपाउने जाल गर्नेछन् भनी उनले आफ्ना भाइलाई पछिसम्म पनि सचेत गराउनै लेखेका थिए।[3] चौ० शेरबहादुर शाहको अतिरिक्त उनले चौतरिया विदुर शाहीलाई पनि आफ्नो पक्षमा हुन पत्र लेखेका थिए।

यसबाहेक स्वामी रणबहादुर शाहले चार काजीमध्येका एक काजी बखताबरसिंह बस्नेत, जो कि उनका दाज्यू काजी कीर्तिमान बस्नेतको आकस्मिक हत्याबाद काजी-परिषद्का सदस्य बनेका थिए, उनलाई पनि पत्रहरू लेखेका थिए। पत्रहरूमा उनले आफ्नो कैद खोल्ने विषयमा प्रबन्ध गर्न लेख्नुको अतिरिक्त अंग्रेजसंग संझौता गर्नमा मुख्य भएका गजराज मिश्र

---

१. लेखक—जनरल भीमसेन थापा र तत्कालीन नेपाल—पृष्ठ ८

२. संपूर्ण पत्रको नकल परिशिष्ट नं १६ मा

३. हेर्नुहोस् यसै पुस्तकको पृष्ठ ३८ मा

प्रति सतर्क रहन लेखेका थिए। उनले लेखेका थिए :—"मिश्रले हाम्रो नाम ; ली जेठी रानीलाइ देषाइ तिमिहरूलाई फुलाउना पत्याउना हपकाउन्या गर्ला मिश्र मैले पठायाको छैन मलाइ मिचि गयाको छ। मेरो सल्लाहसित गयाको छ भनी तेसमा भर नपऱ्यास्"[1] भीमसेन थापाहरूले पनि बखतावरसिंह लाई स्वामी महाराजको कैदको बारेमा एवं नेपाल आएर बसेका अंग्रेजको विरोधमा आलोचना गरी पत्र लेखेका थिए,[2] किनभने त्यस बखतबृटिश रेजिडेन्टहरू जुन राज्यमा बस्तथे त्यहाँ तिनीहरूले "केवल राजदूतको मात्र काम नगरी राज्यको प्रशासन कार्यमा हस्तक्षेप गर्दछन् तथा डिक्टेटरले जस्तै निर्देशन गरी त्यहाँ आपसी कलह उत्पन्न गराउँछन् तथा आफ्ना समर्थक लाई शासक बनाउने वातावरण पैदा गर्छन् र अन्तमा समस्त राज्यलाई नै बृटिश उपनिवेशमा परिणत गराउने विचारले कार्य गर्नछन् "[3] भन्ने कुरा शायद तिनीहरूले बुझेका थिए।

तर यसरी चौतरिया र काजीहरूलाई लेखेको पत्रबाट कुनै उपयुक्त प्रतिफल ननिस्केकोले रणबहादुर शाहलाई पत्रको भरबाट मात्र कार्य सफल होला भन्ने लागेन। त्यसकारण उनले अर्कै उपाय सोचे। त्यसपछि उनले आफ्नो जेठी महारानी राजेश्वरीदेवीलाई नेपाल पठाएर बृटिश कंपनी सरकारसितको संझौता भंग गराउने बिचार गरे। निश्चय पनि शुरू मै आफू न आई महारानीलाई मात्र पठाएर उपयुक्त वातावरण तयार पार्न लगाउनु उनको कूटनैतिक कार्य थियो, किनभने आफै एकै चोटि हाम्फालेमा प्रतिकूल परिणाम उत्पन्न हुन असंभव थिएन, जुनकि महारानीको आगमनमा एवं पछि उनी आफै आएका बखत पनि भारादारहरूद्वारा रोक्नको निमित्त गरिएको प्रयत्नबाट अनुमान गर्न सकिन्छ।

---

१. इतिहास प्रकाश अंक १ पृष्ठ—१६

२. ऐ ऐं पृष्ठ ८ र २०

३. Thompson—Rise and Fulfillment of British Rule in India—p. 253

रणबहादुर शाहको योजनानुसार महारानी राजेश्वरीदेवी नेपाल आएर बृटिश कंपनी सरकारसितको संझौतामा खलबली उत्पन्न गराउनामा सफल भइन् । महारानीलाई राजधानीसम्म आउन नदी बीच बाटैमा कैद गर्नको निमित्त भारादार एवं तत्कालीन नायब महारानीले मानिस पठाएका थिए । तर महारानीको व्यक्तित्वको सामुन्ने उनीहरूको केही लागेन र उनी आएर नायबी हत्याउनमा सफल भइन् । यस काण्डमा बम शाहसमेत धेरै व्यक्ति समातिए, जसमध्ये कोही मारिए पनि ।

महारानी राजेश्वरीले नेपाल पुगी सबभन्दा पहिले बृटिश कंपनी सरकारका दूत रेजिडेन्ट नाक्सलाई फिर्ता पठाउने कार्य गर्न थालिन् । महारानीको कारवाइको फलस्वरूप अन्तमा विवश भै नाक्सले सन् १८०३ मार्च महीनामा आफ्नो कुम्लो कुटुरो बोकी फर्कनुपऱ्यो । कप्तान नाक्स जानुबाट संधिमा खलबली मच्चिन गयो । नेपाल सरकारको तर्फबाट यसरी रेजिडेन्टलाई फर्कन बाध्य गराई संझौताको उचित मर्यादा नराखेबाट बृटिश कंपनी सरकारले पनि बनारसमा रहेका रणबहादुरको कैद खुकुलो पारिदियो । त्यसपछि उनी आफ्ना दलसहित नेपालतर्फ लागे । अनि गवर्नर-जनरल लार्ड वेलेज्लीले सन् १८०४ जनवरी ४ तारेखका दिन औपचारिक ढंगबाट संधिभंगको घोषणा गरे ।[१] यसरी महारानी राजेश्वरीदेवीको आगमनको उद्देश्य सफल हुन गयो, तथा काजी दामोदर पाँडेको अवसान नजीक आउन थाल्यो । तरपनि महारानीले दामोदर पाँडेलाई नै "काजी" पत्याएर राखिन्, जुन वास्तवमा उनीको राजनैतिक गल्ती थियो, तथा जसको प्रतिफलस्वरूप रणबहादुरको आगमनपछि उनीले निर्वासनको सजाय भोग्नुपऱ्यो ।

महारानी राजेश्वरीदेवीको आगमनविषय कलम चलाउँदा उनीको आगमनमा अराजनैतिक घरेलु कारण देखाएर अधिकांश इतिहासकारहरूले गल्ती गरेको पाइन्छ । उनीहरूले, महारानी राजेश्वरीदेवी बनारसमा आफ्ना

---

१. Aitchison–Treaties Sanads etc. Vol II—P. 93

लोग्ने रणबहादुर शाहको कुकर्मले गर्दा अडन नसकी नेपाल फर्केकी हुन्, भनी लेखेका छन्।[१] तर महारानी राजेश्वरीको आगमनबाट उत्पन्न देशको राजनैतिक स्थिति एवं तत्सम्बन्धी समकालीन पत्रहरू र वंशावलीको लेखाइबाट उनीको आगमन राजनैतिक कारणबाट भएको थियो, तथा योजनायुक्त थियो भन्ने साबीत हुन्छ । यसर्थ विभिन्न इतिहासकारहरूले उनीको आगमनमा अराजनैतिक कारण दिएकोमा या त उनीहरूले तत्कालीन स्थितिलाई नबुझेका हुन् वा केवल रणबहादुर शाहलाई बदनाम गर्न मात्र तथ्यलाई बंग्याएका हुन् भनो भनेमा शायद अत्युक्ति हुने छैन होला ।

वास्तवमा दामोदर पाँडेहरूले बृटिश कंपनी सरकारसित संझौता गरी आफूलाई बनारसमा कैद गराएको हुँदा केवल पत्र व्यवहारबाट मात्र आफ्नो कैद खोलिने नदेखेकोले रणबहादुर शाहले भीमसेन थापाको सल्लाह-बमोजिम महारानी राजेश्वरीदेवीलाई नेपाल पठाएका हुन्, जुन कुरा तत्का-लीन पत्रहरूबाट प्रमाणित भएको छ ।[२] अनि स्वामी महाराजले नै महारानी-लाई नेपाल पठाएका थिए भन्ने कुरा वंशावलीहरूमा पनि पाइन्छ ।[३] नेपाल पुगिसकेपछि, रणबहादुर शाहको बनारसको कर्जा तिर्ने विषयमा महारानी राजेश्वरीदेवीले आफ्ना पतिलाई लेखेको पत्रबाट पनि उनी स्वामी महाराजको आशयमुताबिक नेपाल फर्केकी थिइन् भन्ने स्पष्ट हुन्छ ।[४] महारानी

---

१. ( i ) बालचन्द्र शर्मा—नेपालको ऐ० रूपरेखा—पृष्ठ २४६ ।
   ( ii ) P. Landon—Nepal—Vol I P. 73
   (iii) Hunter—Life of Hodgson—P. 97
   (iv) B. Northy—Land of Gorkha—P. 54
   ( v ) सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा ( हिन्दी )—पृ० २७

२. इतिहास प्रकाश अंक १ पृष्ठ ४२

३. सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा—(हिन्दी) पृष्ठ २७ (पाद टिप्पणी) ।

४. संपूर्ण पत्र परिशिष्ट नं १७ मा

राजेश्वरीदेवीको आगमनबाट बृटिशसितको संझौतामा खलबल उत्पन्न गरायो भनी रेजिडेन्ट नाक्ससित नेपाल आएका फ्रान्सिस ह्यामिल्टन एवं अन्य अंग्रेज इतिहासकारहरूले उनीको आगमनमाथि गरेको टीकाटिप्पणी बाट पनि यस आगमनमा राजनैतिक कारण थियो भन्ने प्रमाणित हुन्छ।[१]

महारानी राजेश्वरीदेवीले नेपाल पुगी राजाको नायबी हत्याएपछि, रणबहादुर शाहलाई लेखेको उपर्युक्त पत्रबाट उनको आगमनसम्बन्धी इतिहासकारहरूको भनाइ मात्र खण्डन भएको छैन कि, स्वामी महाराजले बनारसमा रहँदा अंग्रेज सरकारसित लिएको कर्जाविषयक इतिहासकारहरूको विभिन्न भनाइ पनि खण्डन हुन गएको छ। नेपालबाट स्वामी महाराज रणबहादुर शाह एवं उनका दल बनारस पुगेपछि उनीहरूले शुरूमा आफ्नु खर्चको निमित्त स्थानीय बृटिश कंपनी सरकारका अधिकारीहरूसित केही रुपियाँ लिएका थिए। तर अंग्रेजसित सापटी लिनुमा खतरा थियो भन्ने कुरा उनी तथा उनका साथमा रहेका भीमसेन थापाहरूले बुझेका थिए। यसो हुँदा उनीहरूले अंग्रेजको रुपियाँ तिर्ने निधो गरे तथा पुनः सापटी लिन इन्कार गरिदिए। त्यसपछि आफ्नो खर्च चलाउनको निमित्त स्थानीय महाजन द्वारिकादास भन्ने व्यक्तिको कोठीबाट सापटी लिने प्रबन्ध गरे। स्थानीय महाजन द्वारिकादाससित रुपियाँ सापटी लिंदा रणबहादुर शाहले गरिदिएको तमसुक यस प्रकार छः—

## श्रीदुर्गा सहाय

"स्वस्तिश्री महाराजे रणबहादुर साह आगे हमने बाबु द्वारिका दासके कोठिसे बनार्समो कर्जा लिया रुपया साठ हजार एक ६०,००१ अंकेप

---

१. ( i ) Hamilton—Account of Nepal—p 253.

( ii ) Aitchison—Treates Sanads—Vcl II. p. 93

साठ हजार एक सिका सत्रहालि बनारसका लिया तिस्का व्याज दर २ दोये रुपया सयकरा महिना लेषे देना वादा वैसाख सुदि १५ सम्वत् १८६१ का मुल ब्याज समेत रोकषजाने से चुकाये देना इसका तमसुक लिष दिया कि वषत पर काम आवै इति सम्वत् १८६० साल फागुन सुदि ५ रोज सुभम्—।"

रणबहादुर शाहले अंग्रेज कम्पनी सरकारसित सापटी लिन इन्कार गरी द्वारिकादासको कोठीबाट सापटी लिने प्रबन्ध गरेपछि सोही कुरा नेपालमा महारानी राजेश्वरीदेवीलाई लेखिपठाए तथा खर्च द्वारिकादासको कोठी मार्फत पठाउन आदेश दी पठाए, जसको उल्लेख गर्दै महारानी राजेश्वरी देवीले माथि उल्लेखित पत्रमा लेखेकी थिइन्—"……जियको माया मारि फिरंगिका रूपया षान्न भंन्या जवाफ दिञां षर्चलाई द्वारिकादासको कोठिमा ठेगान गरि पठा भंन्या मर्जि आयेछ………दैवागत कार्यकारणले कुशमयमा बनारस पुग्दा विषर्चीं हुन जानाले फिरंगिको रुपया षाइयाको जोग्य पऱ्याको होइन केहि दिन षाइयो तपनि त्यो रुपया तिरि ताहाँ षर्च पुग्न्या अंग्रजको रुपया षान नपर्न्या षडवर नहुन्या वन्धेज गर्न्या हो भनि………साहुको रुपया सप्तुरी महुतरीको आमदानी भर्ना गरि विजैपूरको आमदानि बनारस षर्चलाई ताकिता पुऱ्याउनु भनी हस्तदललाई सुवांगि दर्शन गराइ पट्टा कवुलियत बाँधि पठायाको हो……ढुकुटी बाट सापट लो पनि जमा गरि अंगरेजको रुपया तिरिपठायाथ्यौं……"। यसबाट स्पष्ट हुन्छ कि रणबहादुर शाह र उनका दलले शुरूमा मात्र केही रुपियाँ अँग्रेजसित सापटो लिएका थिए, तथा पछि अंग्रेजको रुपियाँ खानु ठीक हुँदैन भन्ने बुझी सो सापटी तिर्नेसमेत व्यवस्था गरो खर्चको निमित्त स्थानीय महाजन मार्फत प्रबन्ध मिलाएका थिए। यसर्थ, "………रणबहादुरको सारा व्यय भार कम्पनीले नै बोक्यो……" वा "…… उनको र उनको साथमा रहेका व्यक्तिहरूको खर्च पुऱ्याउन बृटिश सरकारले प्रशस्त रुपियाँ प्रदान गरे………" अथवा "……स्वामिज्यूको खर्च भारतसरकारले दिएको थियो"—

भनी[1] विभिन्न इतिहासकारहरूले जुन लेखेका छन्, सो सही थिएन भन्ने सावीत हुन्छ । यसको अतिरिक्त, रणबहादुर शाहले नेपाल आइ· पुगिसकेपछि पनि, आफू बनारस छँदाको सापटीको बाँकी रुपियाँ तिर्ने व्यवस्था गरेका थिए । उनी फर्केपछि सावीकदेखि शाहजादीहरूको बिहेमा कर्मचारी वर्गबाट गोडधुवा लिने जुन प्रथा थियो, सो गोडधुवा सम्वत् १८६२ सालमा भएको श्री शाहज्यादीको बिहेमा माफ गरी यसको सट्टा, रणबहादुर शाहको काशीको कर्जा तिर्न भनी समस्त काजी भारदारहरूबाट निश्चित रकमको चन्दा असूल गरिएको थियो ।[2]

महारानी राजेश्वरीदेवीको नेपाल आगमनबाट बृटिश रेजिडेन्ट नाक्सले कुम्लो कुटुरो बोकी नेपालबाट फर्कनुपरेको हुनाले, बृटिश सरकारले पनि स्वामी महाराजमाथिको नियन्त्रण खुकुलो पारिदियो । यसपछि रणबहादुर शाह ( उर्फ निर्वाणानन्द ) आफ्ना साथमा रहेका भारादारहरू—सर्दार भीमसेन थापा, पण्डित रंगनाथ पौड्याल, काजी दलभंजन पाँडे, प्राण शाहहरूलाई लिई नेपालतर्फ फर्के । यसरी आउँदा अंग्रेजलाई केही सुंइकोसम्म नदी उनीहरू ६ दिनमै बनारसबाट रातारात गरी सीसागढी पुगेका थिए ।[3] आफू नेपालतर्फ रवाना भएको समाचारले हडबडाएर कतै भारा- दारहरूले श्री ५ गीर्वाणयुद्धविक्रम उपर कुनै गोलमाल गर्न नपाउन् वा गोर्खा लैजान नपाउन् भन्ने विचारबाट रणबहादुर शाहले बीच बाटोबाट शेरबहादुर शाहलाई पत्र लेखी सतर्क गराएका थिए ।[4]

---

१. ( i ) Oldfield—Nipal—Vol I—p. 287
( ii ) Aitchison—Treaties etc.—Vol II—p. 92
(iii) बालचन्द्र शर्मा—नेपालको ऐ० रूपरेखा—पृष्ठ २४५
(iv) बाबुराम आचार्य—इतिहास प्रकाश—अंक १ पृ० १०३ ( टिप्पणी )

२. लालमोहरको नकल परिशिष्ट नं० १८ मा

३. इतिहास प्रकाश—अंक १—पृष्ठ ४२

४. लेखक—जनरल भीमसेन थापा—पृष्ठ ७-८

सम्वत् १८६० सालको अन्ततिर रणबहादुर शाह र उनको दल काठमाडौं आइपुगे। उनलाई रोक्नको निमित्त स्वयं काजो दामोदर पाँडे कालीबक्स, पुरानु श्रीनाथ आदि कम्पनीका जवानहरूलाई साथमा लिएर थानकोट पुगेका थिए। स्वामी महाराजलाई कैद गर्न भनी उनले आफ्नो साथमा चाँदीको नेलसमेत लिएर गएका थिए। यसरी काजी दामोदर पाँडे कैद गर्न सशस्त्र फौज लिएर थानकोट पुगेको दृश्य रणबहादुरले चन्द्रागिरिको डाँडैबाट देखे। उनले 'मलाई मार्न ल्याइस्' भनी भीमसेन थापालाई गाली गरे। तर भीमसेन थापाले, 'तल किन नजर हुन्छ, पशुपति गुह्येश्वरीतिर नजर भै सवारी होस्' भनी संझाई बुझाई तलतिर ल्याए।[१] फेदीमा पुगेपछि, दामोदरका साथमा रणबहादुर शाहलाई गिरफ्तार गर्न भनी आएका समस्त फौजले उल्टो स्वामी महाराजलाई स्वागत गरे। दामोदर पाँडे त्यहाँबाट भागे र फौजले लखेट्तै उनलाई भद्रकालीनेर काटे। उनका छोराहरू भागी बिदेशिए। काजी दामोदर पाँडेको पश्चात् रणबहादुर शाहको कोप महारानी राजेश्वरीदेवीमाथि पर्न गयो। उनले महारानीलाई हेल्मूमा निर्वासित गरे। महारानी निर्वासित भएको कारण उनीले नेपाल फर्केर दामोदर पाँडेलाई नै काजी बनाई राखेकीले 'होला भन्ने इतिहासकारहरूको भनाइ छ।[२] अनि कसैको भनाइ रणबहादुर शाहले नेपाल आई शासन संचालन गरेपछि गरेको निरंकुशतालाई सहन नसकी उनी हेल्मूमा गै बसेकी हुन्।[3] यसविषय महारानी निर्वासित भएकी होइनन् आफै गएकी हुन् भन्ने प्रमाण समसामयिक पत्र एवं वंशावलीबाट न देखिएकोले उनी निर्वासित नै भएकी थिइन् भनी मान्नुपर्दछ। उनीलाई निर्वासित गर्नुपरेको कारण इतिहासकारहरूको भनाइबमोजिम उनीले दामोदर पाँडेलाई नै काजीको पद दिइराखेकोले पनि हो भन्न सकिन्छ,

१. इतिहास प्रकाश—अंक १—पृष्ठ ४२
२. ( i ) बालचन्द्र शर्मा—नेपालको ऐ. रूपरेखा—पृ० २४७
( ii ) सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा—पृ० २३
३. ढुंडिराज भण्डारी—नेपालको ऐ. विवेचना—पृष्ठ २१८

किनभने दामोदर पाँडेलाई नहटाउनु रणबहादुरको दृष्टिकोणमा उनीको राजनैतिक गल्ती अवश्य थियो । तरपनि त्यति मात्र निर्वासनको कारण थिएन । दामोदर पाँडेले आफूलाई गिरफ्तार गर्न चाँदीको नेलसमेत लिई सशस्त्र सैन्यकोसाथ थानकोट आउनु नायब महारानीको आदेश र सहमति विना सम्भव थिएन भन्ने कुरा उनले बुझेहोलान् । हुन पनि नेपाल आएर नायबी हत्याएपछि रणबहादुर शाहलाई नेपाल नल्याउने षडयन्त्रमा महारानीले दामोदर पाँडेको साथ दिएकी थिइन्, तथा रणबहादुरलाई बनारसमै राख्ने, तर खर्चसम्म मात्र नेपालबाट पठाउने भन्ने मतोमा मिलेकी थिइन् । यसै विषयमा उनोले रणबहादुर शाहलाई पत्र पनि पठाएकी थिइन् ।[1] महारानीको यस कार्यदेखि रणबहादुर शाह क्रोधित हुनु अस्वाभाविक थिएन । यसर्थ उनको नेपाल आगमनमा दामोदर पाँडे पछि दोस्रो शिकार महारानी राजेश्वरीदेवी भइन् । अन्यथा, दामोदर पाँडे एक जनालाई सिवाय चारकाजीमध्येका अन्य काजोहरू तथा चौतरिया-हरूलाई समेत रणबहादुरबाट भीषण सजाय गरेको देखिएन भने केवल दामोदर पाँडेलाई हटाइनन् भन्ने अपराधमा मात्र महारानीलाई शायद निर्वासित गर्ने थिएनन् होला । निर्वासित रानी रणबहादुरको हत्या हुनु भन्दा अगाडिसम्म हेल्मूमा नै रहिन् तथा उनको हत्यापछि सती गइन् ।[2] + [3]

काशीबाट फर्केपछि रणबहादुर शाहले पुनः शासन-संचालनको भार आफ्नो हातमा लिए, तर सिंहासनमा बसेर होइन जस्तो कि कुनै इतिहास-

१. इतिहास प्रकाश—अंक १.—पृष्ठ ४२

२. ( i ) इतिहास प्रकाश—भाग १—पृष्ठ ६६

( ii ) रणबहादुर र राजेश्वरीको पशुपतिमा अंकित मूर्तिको लेख एवं वंशावलीमा पाइएको अज्ञात कविको कविता (सूर्यविक्रम—अमरसिंह—पृष्ठ ३२ )

३. हेल्मूमा निर्वासित महारानीको गीत भनी जुन लोकगीत प्रसिद्धिमा आएको छ, त्यसमा विद्यावती भन्ने नाम देखिएकोले सो राजेश्वरो नै भए हेल्मू गएपछि उनीले नाम बद्लिन् होला ।

कारको भनाइ छ । [१] यस्तै गरी अन्य कतिपय इतिहासकारहरूले पनि उनले शासन संचालनको भार आफ्नो हातमा लिएको विषयमा साझा भूल गरेका छन् । उनका समकालीन इतिहासकार फ्रान्सिस् ह्यामिल्टन, जो बृटिश रेजिडेन्ट कप्तान नाक्ससित नेपाल आएका थिए, उनले समेत यसबारे गल्ती लेखेको हुँदा, हुनसक्छ उनीपछि आएका अन्य इतिहासकार-हरूले उनको लेखनीलाई नै सत्य ठानी त्यस गल्तीलाई आफ्नु पुस्तकमा विनासंशोधन केवल सारि दिए । यसविषयमा, सबैजसो इतिहास-कारहरूले एकै हातले झैं यही लेखेका छन् , राज्य छाडी स्वामी निर्वाणानन्द को नामबाट संन्यास ग्रहण गरिसकेका रणबहादुर शाह काशीबाट फर्केपछि उनले आफू श्री ५ गीर्वाणयुद्धका रिजेन्ट भै दामोदर पाँडेका रिक्त स्थानमा भीमसेन थापालाई प्रधानमन्त्री ( अर्थात् मुख्तियार ) बनाए । [२] यसै कुरालाई अझ पुष्ट्याइं दिन खोज्दै डा० ओल्डफिल्डले आफ्नु नेपाल सम्बन्धी पुस्तकमा रणबहादुर शाहले रिजेन्ट भै भीमसेन थापालाई प्रधान मन्त्री पदमा बहाली गराउँदा गरिदिएको लालमोहरको अंश भनी पाद टिप्पणी गरी लेखेका छन् । [3] तर रणबहादुर शाहले आफू रिजेन्ट भै भीमसेन थापालाई प्रधान मन्त्री बनाएका थिए भनी एक क्षणलाई मानूँ

---

१. रामजी उपाध्याय—नेपाल दिग्दर्शन—पृष्ठ १६१

२. ( i ) Hamilton—Nepal—p. 175 & p. 259
( ii ) Hunter-Life of Hodgson—p. 98
( iii ) Oldfield—Nipal—vol I—p. 294
( iv ) बालचन्द्र शर्मा—नेपालको ऐ० रूपरेखा—पृष्ठ २४७
( v ) सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा—पृष्ठ २४
( vi ) काशीप्रसाद श्रीवास्तव—नेपालकी कहानी—पृष्ठ ३८
(vii) बाबुराम आचार्य—भीमसेनको पतन—प्रगति अंक १०—पृष्ठ १२२

३. Oldfield-Nipal—vol I-p. 294

भने पनि, उनको नाममा भएको लालमोहर राजाको हुनुपर्थ्यो न कि रिजेन्टको। अनि श्री ३ महाराज चन्द्रशमशेरको प्रधान मन्त्रित्वकालमा नेपाल आई विशेष सरकारी साधनको सुविधा पाई इतिहास लेख्ने पर्सिवल ल्यान्डन पनि रणबहादुरको शासन संचालनसम्बन्धी कुरामा अस्पष्ट रहेका छन्।[१]

वास्तवमा, सर्दार भीमसेन थापा र अन्य सल्लाहकारहरूको सहायताबाट नेपाल आएर शासन संचालनको भार आफ्नो हातमा लिएपछि रणबहादुर शाह आफै मुख्तियार भएका थिए। तत्कालीन महाराजाधिराज श्री ५ गीर्वाण-युद्धविक्रम शाहले आफ्ना बाबु ( रणबहादुर शाह ) लाई देशको मुख्तियारी सुम्पें भनी जारी गरेको लालमोहरले यस कुरालाई प्रमाणित गर्दछ, जुन यस प्रकार छ :—

श्री दुर्गासहाय

श्रीवुवाज्यू

छाप

"स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज गिर्वाण-युद्धविक्रम शाहबहादुर शम्सेर्जङ्ग देवानाम् सदा समर विजयिनाम्—

आगे·········लाई म जांन्या हुन्ज्याल सम्म भर मुलुकको घा घरसार न्या कटक पजनी गैरह काज कामको मुष्तेयारी बक्स्याँ भारा कम्पनि ढलेत् चारवर्ण छत्तिसै जातले·······को हुकुममा रुजु रहि मर्जि मान्नु जो·······को हुकूम मानैनन् तसलाई·······बाट सासना गर्नु इति सम्वत् १८६२ साल फागुण सुदि ८ रोज ४ शुभम्—।"

---

१. Landon—Nepal—vol I–p. 74

यस लालमोहरको पछिल्तिर मार्फत भै पुछ्रे सही गर्नेहरू :—

( १ ) भीमसेन थापा ( २ ) प्राण शाह ( ३ ) शेरबहादुर साह ( ४ ) रणजीत पाँडे ( ५ ) रंगनाथ पंडित राजजु ( ६ ) रणध्वज थापा ( ७ ) नरसिंह ।[१]

श्री ५ गीर्वाणयुद्धविक्रम शाहद्वारा जारी भएको यस लालमोहरबाट रणबहादुर शाह मुख्तियार भएका थिए भन्ने प्रमाणित हुन्छ न कि रिजेन्ट । यदि "रिजेन्ट" शब्दको नेपाली भाषामा पर्याय शब्द नै "मुख्तियारी" थियो भनी तर्क वा शंका उठाऊँभने पनि रणबहादुर शाहले श्री ५ को हैसियतबाट श्री ५ गीर्वाणयुद्धलाई गद्दी सुम्पदाखेरि गरिदिएको संवत् १८५५ सालको ताँबापत्रमा स्पष्टसंग 'नायबी' शब्दको प्रयोग गरेका थिए । साथै राजालाई देवताको प्रतिनिधि मानिने हुनाले श्री ५ महाराजाधिराजको एउटा छापमा 'नाथस्य नायबम्' भन्ने लेखी नायब शब्द नै प्रयोग गरिराखेको हुनाले त्यस बखत रिजेन्टको पर्याय 'नायब' थियो भनी मान्नुपर्दछ । अनि भीमसेन थापा, रणजंग पाँडेहरूका नाममा पछिपछि जारी भएको लालमोहरहरूमा पनि मुख्तियारी शब्दकै प्रयोग भएको पाइन्छभने रणबहादुर शाहको निमित्त मात्र कसरी यो शब्द रिजेन्टमा लगाउन सकिएला ? या त होरास विल्सनले भीमसेन थापालाई 'रिजेन्ट' भनेर गल्ती लेखे[२] जस्तै हामीले पनि मान्नु पर्‍यो, जुन सही थिएन । यसैताका, अर्थात् रणबहादुर शाह काशीबाट फर्केको समय भीमसेन थापाले काजीको पद पाएको[३] देखिनाले पनि मुख्तियार रणबहादुर शाह नै थिए भन्ने साबीत हुन्छ ।

यस वेलादेखि संवत् १८६३ साल वैशाखमा उनका विमातृक भाइ चौ० शेरबहादुर शाहले तरवारले हानी हत्या नगरेसम्म रणबहादुर शाहले

---

१. लेखक—जनरल भीमसेन थापा र तत्कालीन नेपाल—पृ० ११-१२

२. Horace Wilson-British India—Vol II p 8

३. लेखक—जनरल भीमसेन थापा०—पृष्ठ १३

मुख्तियार भै शासन संचालन गरे। मुख्तियार भएर कार्य संचालन गर्दा उनले फौजी संगठन निमित्त ब्राह्मण र देव देवताको गुठी बिर्ता हरण गरी त्यसको आम्दानी फौजमा लगाएका थिए।यसबाट उनी फेरि एक पटक ब्राह्मण-वर्गको बीचमा अप्रिय हुन थाले। यसबाट फायदा लिन शक्तिशाली भारादारा-हरूले पुनः षडयन्त्र गर्न थाले। रणबहादुरको मुख्तियारीबाट भीमसेन थापाको शक्ति बढ्न गएकोले अगाडिका काजी भारादारहरूको शक्ति क्षीण हुन गएको थियो। यसकारण पनि उनीहरूले षडयन्त्र गर्न थाले। संवत् १८६३ वैशाख सुदि ७ शनिश्चरबारका दिन रणबहादुर शाह काजी त्रिभुवनको घरमा गै मुद्दा छिन्न भनी बसेका थिए र यसैबखत उनका विमातृक भाइ शेर बहादुर शाहले, जसलाई उनले सदैव विश्वास एवं प्यार गरेका थिए, उनलाई तरवारले प्रहार गरी मारे। तर घटनास्थलमै काजी बालनरसिंह कँवरले उनलाई पनि मारेको हुनाले षडयन्त्रकारीहरूको षडयन्त्र सफल हुन सकेन।

स्वामी महाराज रणबहादुर शाहको हत्याकाण्डको विषय पनि आज सम्म प्रकाशित विभिन्न इतिहासहरूमा उचित रूपमा प्रस्तुत हुन गएको छैन। नेपालको इतिहासमा सर्वप्रथम कलम चलाउने अंग्रेज इतिहासकारहरूले नै यस घटनाबारे सत्य कुरा नभनी साधारण तर प्रशासकको रूपमा रहेका रणबहादुर शाह र उनका समर्थकहरूप्रति अयोग्यताको लांछना लगाउन सकिने किसिमबाट मात्र वर्णन गरी त्यस घटनाको पृष्ठ-भूमिको विशेष वास्ता नगरेको हुनाले पछि लेखिएको इतिहासहरूमा पनि यसबारे त्यसरी नै साधारण किसिमबाट मात्र वर्णन गरिएको पाइन्छ।

विभिन्न पुस्तकहरूमा यस घटनालाई यस प्रकार वर्णन गरिएको छ, 'चौतरिया शेरबहादुरउपर षडयन्त्रकारीको शंका थियो, यसकारण उनलाई पन्छाउन रणबहादुरले उनलाई युद्ध क्षेत्रमा जाने आज्ञा दिए। परन्तु शेर-बहादुरले यो कुरा मंजूर गरेनन्। यसकारण रिसाएका रणबहादुरले उनलाई दरबारमा बोलाए। दरबारमा पनि शेरबहादुरले उनलाई हामी दुवै एकै बाबुका छोरा हौं, तिमी स्वयं पनि युद्धमा गए म जाने छु, भनी जवाफ

दिए। रणबहादुर शाहले रिसका झोंकमा उनलाई तुरुन्त कैद गरी मार्नू भनी आज्ञा दिए। उनले तत्कालै तरवार झिकी रणबहादुरउपर प्रहार गरे। बालनरसिंह कुँवरले घटनास्थलमै शेरबहादुरलाई मारे। त्यसपछि भीमसेन थापाले राज्यका शक्तिशाली र आफ्ना विरोधीहरूलाई सखाप पार्ने यस्तो राम्रो मौकालाई छोडेनन् र चौ० विदुर शाही, काजी नरसिंह, काजी त्रिभुवन आदि मारिए।[१] अनि कुनै पुस्तकमा यस घटनालाई उपर्युक्त वार्ताको अंशसम्म झिकी प्रस्तुत गरिएको छ।[२]

यो सत्य थियो कि चौ० शेरबहादुर शाहले रणबहादुरउपर तरवारले प्रहार गरी मारेका थिए, तथा घटनास्थलमै बालनरसिंह कुंवरले उनलाई पनि मारेका थिए। अनि यो पनि सत्य थियो—उक्त हत्याकाण्डपछि भीमसेन-थापाले विदुर शाही, काजी त्रिभुवन, काजी नरसिंह आदिलाई मारेका थिए। तरपनि यस घटनाबारे उपर्युक्त वर्णन जुन प्रकारले प्रस्तुत गरिएको छ, त्यसबाट अस्पष्टरूपमा यो संकेत गर्ने कोशिश गर्दछ कि उक्त घटना केवल शेरबहादुर एक जनाको कारणले मात्र घटेको थियो, तथा यसमा अरूको हात थिएन र अरू भारादारलाई मार्नु भीमसेन थापाको व्यक्तिगत स्वार्थ मात्र थियो। अनि उक्त विवरणबाट यो पनि संकेत गर्दछ, कि षडयन्त्रकारी भनी शंका गरिएका शेरबहादुरलाई युद्ध क्षेत्रमा पठाउन खोज्नु मुख्य प्रशासक भएका रणबहादुरको कस्तो व्यवस्था हो भनी देखाउन खोजिएको हो। साथै उनीहरूको बीच भनाभन भयो र स्वामी महाराजले रीसको झोंकमा मार्ने आज्ञा दिए भनी लेखिनुबाट पनि त्यो घटना आकस्मिक मात्र हो भन्न खोजिएको स्पष्ट हुन्छ। यसबाहेक उक्त घटना दरबारमा घटेको भन्ने पनि देखाइएको छ।

---

१. (i) बालचन्द्र शर्मा—नेपालको ऐ० रूपरेखा—पृ० २४८

(ii) Tuker—GORKHA—p. p. 69-70

२. ढुण्डिराज भण्डारी—नेपालको ऐ० विवेचना—पृ० २१६

तर यस हत्याकाण्डको सद्दश्य वर्णन गरिएको एक पत्र[१] जुन बालनरसिंह कुँवर स्वयंले श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाहलाई चढाएको थियो, त्यसबाट यस हत्याकाण्डको पूर्ण विवरण र त्यसको पृष्ठभूमिका रहेको षडयन्त्रलाई स्पष्ट गरिदिएको छ। यस पत्रबाट थाहा हुन्छ, यो घटना राजदरबारमा भएको थिएन कि त्रिभुवन काजीको घरमा भएको थियो। रणबहादुर शाहले शेरबहादुर शाहलाई रीसको झोंकमा बोलाउन पठाएकोले यो घटना घट्न गएको थिएन। शेरबहादुर र काजी त्रिभुवनहरूमाथिको पुरानु अभियोग—अंग्रेजसितको संधिपत्र र अंग्रेजलाई व्यापार गर्न दिने अख्तियार प्रदान गरेको विषयको मुद्दाको छलफल हुँदाखेरि यो घटना हुन गएको थियो। उक्त पत्रबाट यो षडयन्त्रको पूर्ण तयारी थियो भन्ने पनि स्पष्ट हुन आएको छ। त्रिभुवन काजीको घरमा उक्त हत्याकाण्ड भएको बखत ढाल तलवार लिएका शेरबहादुरका साला त्रिभुवनकै घरको चोकमा तथा भित्र छिंडीभरि धनुष ठोक्रो र खुकुरी लिएका नचिन्हिने गरी आँखामा विभूत लगाएका मानिसहरू पर्खिरहेका थिए भन्ने बालनरसिंहको यस पत्रमा लेखिएको हुनाले त्यस घटनाको पछिल्तिर एक ठूलो षडयन्त्र थियो भन्ने स्पष्ट हुन आएको छ, जुन सफल हुन सकेको भए नेपालको इतिहासले कस्तो रूप लिने थियो, त्यो समकालीन भारतीय राज्य रजौटाको इतिहासबाट अनुमान लगाउन सकिन्छ होला।

यस घटना घटेको दिन त्रिभुवन काजीको घरमा बसेको कचहरीमा श्री ५ रणबहादुर, काजी भीमसेन थापा, चौ० शेरबहादुर शाह, चौ० प्राण शाह, पं० रंगनाथ, काजी रणजित पाँडे, काजी रणध्वज थापा, काजी नरसिंह, काजी दलभंजन पाँडे, काजी बालनरसिंह कुँवर, आदि भारादारहरू तथा अरू विचारी, खर्दार, सिपाही र अंगरक्षकहरूको उपस्थिति थियो। काजी त्रिभुवन पुरानु अभियोगमा मार्न लगिंदा विष्णुमतीमा पुगेपछि उनले मर्नुपर्ने अपराध मैले गरें कि अरूले गरे छानबीन होस् भनी कुंभेदान जयन्तको हात चिठी

१. पत्रको नकल परिशिष्ट १६ मा

पठाएपछि उनको आवेदनमा विचार गर्न उक्त कचहरी बसेको थियो। कचहरीको शुरूमा शेरबहादुर दुइपटक पानी खान भनी निस्के, त्यसपछि उनले रणबहादुरलाई, मैले बिराएको छ भनी अघि नै थानकोटमा विंति गरेको थिएँ माफ पनि बक्सभएको थियो, भनी भने। तर रणबहादुर-बाट, मेरो जीउमा गरेका अपराध माफ भयो, ढुँगाको ( अर्थात् मुलुक ) सम्बन्धी अपराध त मुषिया ( अर्थात् सरकारी स्तरमा ) बाट माफ भए मात्र हुन्छ मैले ( शायद व्यक्तिगत आधारमा ) माफ दिएर कहा हुन्छ" भन्ने जवाफ पाएपछि शेरबहादुरलाई उनले अपराधको दण्ड भोग्नु नै पर्ने भयो भन्ने शायद निश्चित हुन गयो होला र चिया खान भनी उठेर गए। त्यसै वेला स्वामी रणबहादुरले रंगनाथ गुरुसित नानीको (अर्थात् शेरबहादुरको) मुख सुक्यो भन्ने कुरा पनि गरे। तर शेरबहादुर तत्कालै आफ्नो स्थानमा फर्के। त्यसै बखत बारीमा श्याल कराएछ र स्वामी महाराजले सबैलाई सुन्नू भनी आफूले पनि सुन्न थाले। त्यही सन्नाटाको मौका छोपी शेर-बहादुरले उनीमाथि तरवार प्रहार गरे। लगातार तीन प्रहार छोडेपछि रणबहादुरको घटनास्थलमै मृत्यु भयो। पहिल्यै चोटमा उनले बालनरसिंह लाई बोलाए। बालनरसिंह शेरबहादुरमाथि जाइलागे र केही क्षण दुबैको बीच भिडन्त भयो। पछि उनले हत्यारालाई कलनसामा छुरीले घोचे तथा त्यही चोटले उनको मृत्यु भयो। त्यसपछि बाहिर आउँदा चोकमा रहेका शेरबहादुरका सालालाई पनि बालनरसिंहले नै मारे, तथा छिंडीमा रहेका अज्ञात व्यक्तिहरूलाई कालीबक्सका सिपाही जवानहरूले धपाए। यसरी त्यस हत्याकाण्डको षडयन्त्र असफल हुन गएको थियो।

यस हत्याकण्डको समय भीमसेन थापा घटनास्थलमा थिएनन्, कचहरी हुँदैमा रणोद्योत साहका भान्सामा भात खान भनी गएका थिए। हुनत काजी त्रिभुवनको घरमा गएर कचहरी गर्नु नै रणबहादुर शाहको गल्ती थियो, किनभने उनी शुरूदेखि नै दामोदर पाँडेका पक्षमा थिए। अनि भीमसेन थापाले यसमा शंका पनि उठाएका थिए। उनले यिनीहरूसित एकै ठाउँमा

बसी कचहरी गर्नु हुँदैन कि, आफू भयालमा बसी उनीहरूलाई चोकमा राख्नु पर्दछ ( ताकि हमला गर्न नसकोस् ) भन्ने सल्लाह पनि दिएका थिए। तर रणबहादुर शाहको स्वामीत्वले गर्दा उनले यस्तो षडयन्त्र होला भनी शायद विश्वासै गर्न सकेनन् र उल्टो भीमसेन थापालाई भात खाएर आऊ भनी अन्हाए। भीमसेन थापाले मेरा डेरा टाढा पनि छ भात पनि पाकेको हवैन भनी जान नचाहँदा पनि उनले केही धंदा छैन, रणोद्योत शाहका घर गै खाएर आउनू भनी पठाएका थिए।[1] तर उनको सज्जनता र सरलताको जवाफ यस प्रकार दिइयो। त्यसपछि भीमसेन थापालाई राज्यको मुख्तियारी सुम्पियो। भीमसेन थापाले रणबहादुर शाहका हत्याकाण्डका षडयन्त्रकारीहरूलाई मारे, जसमा विदुर शाही, नरसिंह काजी, त्रिभुवन काजी, पृथ्वीपाल सेन आदि सम्मिलित थिए।

स्वामी रणबहादुर शाहको मुख्तियारीले नेपालको इतिहासमा एक विशेष महत्वपूर्ण स्थान राख्तछ। नेपालका शाहवंशीय मात्र होइन समस्त राजाहरूमा उनी नै पहिला व्यक्ति हुन् जसले देशको निमित्त, देशलाई साम्राज्यवादी विदेशी शक्तिबाट जोगाउनाको निमित्त आफ्ना छोराको मुख्तियारी भएर काम गरेका थिए। उनीभन्दा अगाडि र पछाडि मंत्रीहरू "महाराज" भएको पाइन्छ,[2] तर राजा मंत्री भएको उनी मात्र हुन्। अनि, उनको मुख्तियारी बाट नेपालमा (विशेषतः शाहकालीन नेपालमा) मुख्तियार अर्थात् प्रधान मंत्री पदको शुरूआत हुन गै नेपाली प्रशासनको इतिहासमा नया अध्याय शुरू हुन गयो।

रणबहादुर शाहको मुख्तियारीको छोटो अवधिमा दुइ विशेष महत्वपूर्ण कार्यहरू सम्पन्न भएको थियो। पहिलो कार्य थियो—बृटिश कंपनी सरकारसितको सम्बन्ध विच्छेद। रणबहादुर शाह र उनका पार्टीलाई बनारसमा नजर बन्द गराई आफ्नु शक्तिलाई अकण्टक बनाउन गरेको

---

१. इतिहास प्रकास—प्रथम अङ्क पृष्ठ ४२

२. महासामन्त अंश, वर्मा र जंगबहादुर

संवत् १८५८ (तदनुसार १८०१ ई० सं० ) को अंग्रेज कंपनी सरकारसितको संझौतामा उनको कूटनीति पूर्ण कार्य अनुसार नेपाल आएकी जेठी महारानी राजेश्वरीदेवीद्वारा रेजिडेन्ट नाक्सलाई फर्कन बाध्य हुन गरिएको कार्यबाट जुन गड़बड़ी पैदा भएको थियो, त्यसको पूर्ण विराम रणबहादुरले नेपाल आई शासन संचालनको अभिभारा उठाएपछि बृटिश गवर्नर-जनरल लार्ड वेलेज्जीले औपचारिक ढंगबाट सम्बन्ध विच्छेदको घोषणा गरेबाट हुन गयो। त्यसपछि उनको पालोभर अंग्रेजसंग फेरि सम्बन्ध स्थापनको कुरै उठेन।

रणबहादुर शाहको मुख्तियारीकालको दोस्रो मुख्य कार्य थियो— बासट्ठी हरण।

रणबहादुर शाहले नेपाल आएर शासन सह्मालेपछि नेपालको बृटिश भारतसित मैत्री टुट्न मात्र गएन कि यी दुइ राज्यहरूका बीच अमैत्रीपूर्ण वातावरणसमेत उत्पन्न हुन गयो। सारा संसारलाई उपनिवेश बनाउने उद्देश्यले अगाडि बढेको अंग्रेजी शक्तिलाई जिस्क्याउनु बास्तवमा ठट्टा थिएन। अनि उनीहरूलाई राज्यभित्र खुट्टा टेक्न दीराख्नु पनि त्यस बखत कम खतरापूर्ण कार्य थिएन। अंग्रेजहरू सियो भैं घुसेपछि मुस्लो भैं निस्कन्छ भन्ने कुरा रणबहादुर शाह एवं भीमसेन थापाहरूले बुझेका थिए। बनारसमा छंदै अंग्रेजले संरक्षण नीतिको जालभित्र कसरी भारतीय राज्यहरूलाई फँसाएका थिए भन्ने कुरा उनीहरूले राम्ररी अध्ययन गर्ने मौका पाएका थिए। उनीहरूले निजाम, कर्नाटक एवं अन्य देशी राज्यहरू एक एक गरी जालमा फँस्दै गएको देखेका पनि थिए। यसो हुँदा उनीहरू नेपाल आए पछि अंग्रेजसितको सम्बन्ध टुट्नु अस्वाभाविक थिएन। तर यसबाट नेपाल लाई डर पनि उत्पन्न गरायो, किनभने नेपाल र बृटिश कंपनी सरकार को बीचको वैमनस्यले यति गहिरो जग बसाउन थाल्यो कि सिवाय युद्ध अंग्रेजको निमित्त नेपालभित्र हात हाल्ने अरू सबै उपायहरू बन्द प्रायः भै सकेको थियो। यसकारण बृटिश कंपनी सरकारबाट कुनै पनि बखतमा

हुन सकिने आकस्मिक हमलाको सामना गर्न नेपालले पनि तयार रहन तथा आफूलाई बलियो पार्न अत्यावश्यक हुन गएको थियो ।

रणबहादुर शाहले मुख्तियार भै शासन भार लिएपछि यस संकटको समाधान निम्ति फौजलाई संगठित गर्नेतर्फ शोच्न थाले । तर, त्यस बखतको सरकारी कोषको साधारण आयबाट मात्र फौजलाई पुनर्गठन गरी सुसंगठित गर्न तथा नया ढंगबाट तालीम दिलाउन आवश्यक खर्च पुऱ्याउन शक्तैनथ्यो । यसर्थ कुनै नया आयको स्रोत निकाल्न जरूरी हुन गएको थियो । यस निमित्त उनले बिर्ता हरण गर्ने निश्चय गरे । त्यस बखत अधिकांश जग्गा या त देवदेवताको गुठीमा या ब्राह्मणहरूको बिर्तामा दरिएको हुन्थ्यो । सोही बिर्ता हरण गर्ने उनले विचार गरे । तर त्यस बखत अरू काजी सर्दारहरूको पनि बिर्ता नभएको होइन, तरपनि फौजसम्बन्धी काममा खर्च गर्नको निमित्त हरण गर्ने जुन उद्देश्य थियो, त्यसबाट काजी सर्दार आदि फौजी उच्च पदाधिकारीहरूकै बिर्ता हरण गरेमा सो उद्देश्य पूरा हुनुको साटो उल्टो प्रतिक्रिया पर्न जाने संभावना भएकोले उनीहरूको बिर्तालाई नछोईकन केवल ब्राह्मणहरूको बिर्ता र देवदेवताको गुठी मात्र हर्ने निर्णय गरिएको होला, जुनकि वीरताको आधारमा आर्जित पनि थिएन । खुशी मनले दिन राजी नभएपछि रणबहादुर शाहले सारा ब्राह्मणहरूको बिर्ता र देवदेवताको गुठीको जग्गा हरण गरी, त्यसको आम्दानी फौजमा खर्च गर्ने व्यवस्था गरे । नेपालको इतिहासमा यस कार्यलाई नै "बासट्ठी हरण" भन्दछन् ।

रणबहादुर शाहको यस बिर्ताहरणसम्बन्धी कार्यको उल्लेख गर्दा कुनै कुनै इतिहासहरूमा यस किसिमको आशय व्यक्त गरिएको छ कि उनले यो कार्य आफ्नो पागलपनको असंतुलित दिमागबाट ब्राह्मणहरूसित बदला लिन मात्र गरेका हुन् । साथै यो कार्य गरिएको सालको विषयमा पनि कुनै कुनै इतिहासहरूमा गल्ती भएको पाइन्छ । इतिहासकार बालचन्द्र शर्माले आफ्नु पुस्तक "नेपालको ऐतिहासिक रूपरेखा" मा रणबहादुर शाहले

आफ्नी रानी कान्तिवतीको मृत्युबाट क्रोधित भएर सबै ब्राह्मणहरूका वस्तुहरू फिर्ता लिए भन्ने लेखी यस बिर्ता हरणको कार्य पनि त्यसै बखत अर्थात् रणबहादुर शाहको काशी यात्रा हुनुभन्दा अगाडि संवत् १८५६।५७ तिर भएको भन्ने आशय व्यक्त गरेका छन्।[१] डा० ओल्डफिल्डले आफ्नु पुस्तक "स्केचेस् अफ निपाल" मा यो बिर्ताहरणको कार्य सन् १८१४-१६ (तदनुसार संवत् १८७१-७३) को नेपाल-बृटिश-युद्धको समयमा खर्चको आवश्यकता परेबाट भीमसेन थापाले गरेका हुन् भनी लेखेका छन्।[२]

वास्तवमा "बिर्ता हरण" को यो कार्य संवत् १८६२ सालमा रणबहादुर शाहले गरेका थिए। बासट्ठी सालमा हरण गरिएको हुनाले नै यसलाई "बासट्ठी हरण" भन्ने चलन चलेको हो। उनले यो कार्य कान्तिवतीको मृत्युको प्रतिक्रियामा ब्राह्मणसित बदला लिनको निमित्त गरेका थिएनन् कि बनारसबाट फर्केर प्रशासन भार आफ्नु हातमा लिएपछि फौजलाई नया ढँगबाट संगठित गर्नानिमित्त खर्च पुऱ्याउनको लागि गरेका थिए। संवत् १९०३ सालमा उक्त हरण गरिएको जग्गा भर्ना दिनेबारे गरिएको लालमोहरमा यो कुरा स्पष्ट उल्लेख गरिएको थियो। त्यस लालमोहरको नकल यस प्रकार छ—

"स्वस्तश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम शाह बहादुर सम्सेर्जंग देवानाम् सदा समर विजयिनाम्—

आगे हाम्रा मुलुकका ब्राह्मण र (देव देवता) का पुजाहारी गुठीयार हरूके ६२ सालमा ब्राह्मणहरूका बिर्ता (देव देवता) का गुठीहरण हुनाले दर्बारमा कहिल्ये पनि सुविस्ता हुन्या भयेन ती गुठी फोड्ड बकस्या सर्कारको बढीया हुन्याछ भनी श्री प्रायम मिनिस्टर यान् कम्यान्डर इन्चीफ जनरल जंग बहादुर कंवर गैह्रले हाम्रा हजूरमा बिंति पार्दा ६२ सालमा जवद

१. बालचन्द्र शर्मा—नेपालको ऐ० रूपरेखा—पृष्ठ २४४
२. Oldfield—Sketches of Nipal—vol I p. 303.

भयाको विर्ता गुठि नालमा दरियाका छन् त्यो झिकि बहाल गऱ्याइ दिनलाई कंपु पल्टन कंपनि रहन्या भएन कम्पु पल्टन कंपनि नरह्या दुस्मनको प्रबल भै हिन्दुको (धर्म) कर्म रहोइन जवद भयाको गुठि विर्ता पनि सट्टा पाउन्या कंपु पल्टन कंपनि रही मुलुक थामी हिन्दुको (धर्म) कर्म पनि रहन्या कुराको तजवीज गरी षत वापत हरियाका र जाँच भै कट्टी भयाका बाहेक ६२ सालमा हरण भयाका तिमिहेरूका विर्ता र ( देव देवता ) का गुठी षेत पाषाको मध्येश पाहाडका वैरान पर्ती वाझा जमिनमा हाम्रा हुकुमले लाल मोहर भै बंद भयाका जग्गा र गौचर सन्धी सर्पन पर्न्या जगा बाहिका जगामा सट्टा लिनुभनी जगा अवाद गर्नालाई यथाशक्ति रुपैया बकसी १९०४ साल-का बाली देखि गुठि विर्ताको सट्टा बक्स्यौं षत बापत हरियाका र जाँच भै कट्टि भयाका वाहेक ६२ सालमा हरण भयाका आफना विर्ता र (देव देवता) का गुठी षेत पाषो जति जति छ षसोषास सदर दफदर षानामा लेषाइ जाँच बुझ गराइ मध्येश पहाडका वैरान पर्ति वांझो जमिनमा हाम्रा हुकुमले लाल-मोहर भै बंद भयाका जगा र गौचर सन्धो सर्पन पर्न्या वाहेकका जगामा सट्टा ली जग्गा अनुसार पायाको षर्च रूपयाले जग्गा आवाद गरी मुगलानीया रयेत ल्याई वसाउनु (नेपाल) का रयेत लैगी नवसाउनु आफ्ना षातिर ज्मा संग हाम्रो जय मनाइ गुठी विर्ता जानि भोग्य गर इति संवत् १९०३ साल मिति मार्ग वदि १२ रोज १ शुभम्—

यस प्रकार यो सिद्ध हुन्छ कि रणबहादुर शाहले यो बिर्ताहरणको कार्य सं० १८६२ सालमा फौजी संगठनको निमित्त गरेका थिए तथा यी बिर्ताहरू उनले फौजी कम्पनीका नाममा दर्ता पनि गरेका थिए। यो भारतमा बढ्दै गएको अंग्रेजी साम्राज्यवादी उपनिवेशवादी नीतिको विरोधमा नेपालले दर्शाएको प्रतिक्रिया हो।

यसबाहेक रणबहादुर शाहको मुख्तियारी कालमा विशाल नेपाललाई अझ विस्तृत पार्ने कार्य पनि भएको थियो। भीमसेन थापाका बाबु काजी अमरसिंह थापाको नेतृत्वमा पाल्पा विजय कार्य सम्पन्न भएको थियो।

# नेपाल चीन युद्ध

( सं० १८४६—४७ )

श्री ५ रणबहादुर शाहको राज्यकालमा नेपालले चीनसित पनि युद्ध गर्नु परेको थियो । नेपाल र चीनको बीच यही एक पटक मात्र युद्ध भएको थियो । तर तिब्बतसित भने नेपालले धेरै पटक लड्नुपरेको थियो । अनि चीनसित भएको यस युद्धको कारण पनि नेपाल र तिब्बतकै सम्बन्ध थियो । यो लड़ाइँ संवत् १८४८-४९ सालमा भएको थियो ।

संवत् १८२५ सालमा श्री ५ पृथ्वीनारायण शाह नेपाल अधिराज्यका राजा हुनुभन्दा अगाडिदेखि नै उपत्यकाका मल्ल राज्यहरू एवं तिब्बतको बीच व्यापारिक सम्बन्ध स्थापित भएको थियो । अनि गोर्खाका राजा राम शाहले पनि तिब्बतसित सम्बन्ध स्थापना गरेका थिए । काठमाडौं उपत्यकाका मल्ल राज्यहरूको तिब्बतसितको सम्बन्ध सत्रौं शताब्दीमा कान्तिपुरका राजा प्रताप मल्लको राज्यकालदेखि प्रारम्भ हुन गएको थियो । प्रताप मल्लका मंत्री काजी भीम मल्लले तिब्बतमाथि हमला गरेपछि यी दुइ राज्यको बीच एक संझौता हुन गएको थियो । त्यस बखत भएको संझौताको विभिन्न शर्तहरूमध्ये केही शर्त यस प्रकारका थिए :—( १ ) तिब्बतले नेपालको मुद्रा प्रचलनमा ल्याउनुपर्ने ( २ ) नेपाली नागरिकहरूले ल्हासामा कोठी खोली व्यापार गर्न पाउने । ( ३ ) तिब्बतले भारतसित व्यापार गर्दा कान्तिपुरकै बाटोबाट गर्नुपर्ने । अनि यस संझौताको समय नेपालको सिमाना कुतीतक पुगेको थियो ।[1]

---

१. लेखक —नेपाल र तिब्बत ( अप्रकाशित )

नेपाल र तिब्बतको बीच चलिआएको यस सम्बन्धमा अन्तिम मल्ल राजाहरूको समयमा केही खलबल हुन गयो। कान्तिपुर एवं भक्तपुरका अन्तिम मल्ल राजाहरू-जयप्रकाश मल्ल एवं रणजित मल्ल—को समयमा नेपालबाट जाने टक खोटो छापिएर जान थाल्यो[१]। यसले तिब्बतको व्यापारमा धक्का पुऱ्यायो, र पछि गएर यो नै युद्धको एक प्रमुख कारण बन्न गयो।

उपत्यकाका मल्ल राज्यहरू एवं गोर्खाको बीच युद्ध चलेको बखतमा तिब्बतसितको सम्बन्धमा शिथिलता आएको थियो। श्री ५ पृथ्वी नारायण शाह नेपाल अधिराज्यका राजा भएपछि उनले तिब्बतसितको सम्बन्धलाई बढाउन विशेष ठोस कदम उठाउन सकेनन्। उनले गोर्खाका राजाका हैसियतमा मात्र गोर्खाली टक तिब्बतमा चलाउने बारेमा तिब्बती अधिकारीहरूसित केही संझौताहरू गरेका थिए[२]। त्यसपछि श्री ५ प्रताप सिंह शाहको समयमा संवत् १८३२ भाद्र सुदि ६ का दिन नेपाल र तिब्बत को बीच एक संधिपत्र सम्पन्न हुन गयो। यो संधिको मुख्य उद्देश्य नेपाल र तिब्बतको बीच अगाडिदेखि चलिआएको सम्बन्धलाई पुनः नवीनी करण गरी दुइ देशको व्यापार वृद्धि गराउनु थियो। यसर्थ यसमा विभिन्न शर्तको अतिरिक्त नेपालले तिब्बतमा प्रचलनार्थ पठाउने टकहरू खोटो छापेर पठाउन नपाउने कुराको पनि उल्लेख हुन गएको थिया। यी बाहेक यसका अन्य सबै शर्त प्रायः परंपरागत सम्बन्धकै अनुसार थियो, र यसको अन्त मा संझौता गर्ने पक्षहरूमा जसले सन्धिको खलल गर्छ त्यसलाई अर्कोपक्षले ५० धार्नी सुन जरीवाना गर्ने कुरा लेखिएको थियो[३]।

---

१. Kirkpatk-icNepaul--App No I p 336

२. लेखक—नेपाल र तिब्बत ( अप्रकाशित )

३. ऐ ऐ ऐ

यो सन्धिको पश्चात् पनि नेपाल र तिब्बतको सम्बन्ध धेरै वर्ष स्वस्थ रूपमा चलन सकेन। अन्तिम मल्ल राजाहरूको खोटो टक, र पछि शाह राजाहरूको चोखो टकको विनियम एकै भाउमा गरिन थालेबाट व्यापारमा अस्वस्थ वातावरण उत्पन्न हुन गयो। नेपाली पक्षबाट यसमा विनिमय दरमा भिन्नता ल्याएर सुधार गर्नुपर्छ भन्ने सुझाव पेश गरेको थियो। तर तिब्बती पक्षले यसमा मंजूर गरेन र वार्ता चल्दै थियो। त्यसै वेला संवत् १८४१ सालतिर तिब्बतले नेपाललाई सूचनासम्म पनि नदी संबत् १८३२ को सन्धिको विपरीत पूर्वतिरको बाटो खोलिदियो। यसमा नेपालले आपत्ति उठाए र कुराकानी चलन थाल्यो। तर संवत् १८४५ सालमा तिब्बतका एक प्रमुख काजी स्यामर्पा लामा[1] आफ्ना १४ जवान अनुयायीहरू सहित तिब्बतबाट भागेर नेपालमा शरण लिन आएबाट वार्ताको वातावरण बिलकूल दूषित हुन गयो। स्यामर्पा लामा उनका १४ जवान अनुयायीहरूले नेपाल सरकारप्रति वफादार रही काम गर्नेछौं भनी धर्मपत्र गरिदिएका थिए[2]। आफ्ना वागी स्यामर्पा लामालाई शरण दिएको हुँदा तिब्बतले नेपालसितको सम्बन्धै विच्छेद गरी नेपालको बाटो नै बन्द गरिदिया। र यसको प्रतिक्रिया युद्धमा परिणत हुन गयो।

नेपाल र तिब्बतको बीच भएको यो युद्ध शाहकालीन नेपालमा पहिलो युद्ध थिया। लडाइँको प्रारम्भ नेपालबाट भयो, र नेपाली सैन्य लडाइँ शुरू

---

१. इतिहासकार बालचन्द्र शर्माले नेपालको ऐतिहासिक रूप रेखा ( पृष्ट २३८ ) मा सुमुर लामा ( अर्थात स्यामर्पा लामा ) सं० १८४६ को युद्ध पश्चात् मात्र आएका हुन् भनी ग ती लेखेका छन्। उनले नेपाल सरकारछेउ गरिदिएको धर्मपत्र एवं केरुङ सझौतामा उनले नेपालतर्फबाट भाग लिएको तथ्यबाट उनी सं० १८४५ सालमा आएको प्रमाणित हुन्छ।

२ धर्मपत्रको नकल परिशिष्ट नं० २० मा

गर्दै केरुङ्, झुंगा, आदि स्थानहरूमाथि कब्जा गर्द सिकारझोंगसम्म पुग्यो तिब्बती सैन्यले नेपाली फौजलाई कहींपनि रोक्न सकेन र हाहाकार मच्चिन थाल्यो। तिब्बत सरकारले चीन सम्राटछेउ सहायतार्थ अनुरोध पनि गर्‍यो। तर चीनबाट सहायतार्थ फौज तिब्बत आइपुगुन्जेल नेपाली सैन्य सजिलैसित ल्हासा पुगी सक्ने संभावना हुनाले डिगर्चा लामा एवं साख्या लामाहरूले सुलहको निम्ति प्रस्ताव पेश गरे।

सुलहको वार्ता चलाउने निश्चित भएपछि नेपाली सैन्य लड़ाई बन्द गरेर केरुङ्गमा आएर बस्यो। यसै बखत तिब्बतलाई सहायता गर्न आएका चीनिया सेनापति च्यानचुन ससैन्य ल्हासा आइपुगे। उनी ल्हासा पुगुन्जेलसम्ममा केरुङ्गमा सुलहको निम्ति वार्ता चल्ने निश्चित भै सकेको हुँदा उनले लड़ाइँ नै गर्नुपरेन। तरपनि उनले ल्हासामा पुगेपछि लड़ाइँको वास्तविक कारणको अध्ययन गरे। लड़ाइँको निम्ति तिब्बत सरकार एवं ल्हासास्थित चीनिया अम्बाहरूकै विशेष गल्ती देखिएको हुनाले उनले अम्बाहरूको बदला निम्ति आफ्नो सरकारसमक्ष सुझाव पठाए। फलस्वरूप अम्बाहरूको बदला पनि भयो।

त्यसपछि चीनिया सेनापतिले केरुङ्गमा हुन लागेको संझौता-वार्तामा मध्यस्थको रूपमा भाग लिनको निम्ति ल्हासास्थित चीनिया अम्बाहरूलाई पनि केरुङ्गमा पठाए। त्यस वेला वार्तामा भागलिन नेपालसरकारको तर्फबाट चौ० बम शाह, स्यामर्पा लामा आदि, तथा तिब्बतसरकारको तर्फबाट काजी धुरीन्, दैबुङ्, खंजाची आदि प्रतिनिधिहरू केरुङ्ग पुगिसकेका थिए। त्यसपछि चीनिया अम्बाहरूसहित डिगर्चालामा, र साख्यालामाहरूको मध्यस्थतामा सुलह वार्ता प्रारंभ भयो।

वार्तामा संझौता गर्ने कुरा दुवै पक्षका प्रतिनिधिहरूले मंजूर गरे। तर संझौताको शर्तविषयमा भने दुवै पक्षको बीच मतैक्य हुन सकेन।

नेपाली प्रतिनिधिहरूले युद्धको संपूर्ण व्यय तिब्बतसरकारसित दावी गरे, तथा संवत् १८३२ को सन्धिअनुसार ५० धार्नी सुन पनि मागे। तर यसमा तिब्बती प्रतिनिधिहरूले मंजूर गरेनन्। त्यसपछि एकको बाद अर्को प्रस्तावहरू पेश गरिन थाल्यो। तिब्बतले युद्धको व्यय नतिर्ने भए, नेपाली सैन्यले जितेको तिब्बती भूभाग नेपालले नै लिने, अथवा तिब्बतले नेपाललाई प्रतिवर्ष १ लाख रुपियाँ तिर्ने भन्ने विभिन्न प्रस्तावहरू पनि तिब्बती पक्षको निम्ति मान्य नभएपछि वार्ता नै असफल हुने परिस्थिति हुन गयो। अन्तमा मध्यस्थहरू विशेषतः साख्यालामाको जोडमा संवत् १८४६ श्रावण वदि १२ रोज १ का दिन दुवै पक्षको बीच एक संझौता हुन सक्यो[1]। यस संझौताबाट तिब्बतले नेपाललाई सालको पचास हजार एक मोहर तिर्ने निर्णय हुन गएको थियो। यस संझौतामा तिब्बतले १० हजार प्रतिवर्ष तिर्ने निधो भएको थियो भनी कुनै इतिहासमा गल्ती लेखिएको छ[2]।

यो संझौतामा केवल तिब्बतले पचास हजार मोहर अमुक महीना भित्र तिर्ने भन्नेसम्म उल्लेख भएको थियो, तथापि संझौतामा भाग लिन आएका प्रतिनिधिहरूको बीच मुद्राको विनिमय दरका विषयमा पनि निर्णय हुन गएको थियो। अनि यो संझौतामा सिमानाविषय केही उल्लेख नभए तापनि सिमाना साबिकबमोजिम नै कायम रहन गै कुतीसम्म नेपालको आधिपत्य यथावत् रहन गएको थियो, भन्ने कुरा तत्कालीन एक पत्रबाट[3] स्पष्ट हुन्छ।

---

१. संझौताको नकल परिशिष्ट नं० २१ मा।

२. रामजी उपाध्याय—नेपालको इतिहास ( दिग्दर्शन )—पृष्ठ १८३।

३. पत्रको नकल परिशिष्ट नं० २२ मा

यो केरुङ्ग-संझौताबाट नेपाल र चीनको बीच पुनः सौगातहरूको आदान प्रदान गर्ने प्रचलन चल्न गयो। नेपालले चीनसम्म आफ्नो प्रतिनिधि मण्डल पठाएर चीन सम्राटसमक्ष उपहारहरू पठायो। यो संझौता पछि पहिलोपल्ट चीन गएको प्रतिनिधि मण्डलको नेतृत्व हरि शाही एवं बलभद्र खवासले गरेका थिए, तथा तिनीहरू संवत् १८४९ सालको युद्ध भन्दा अगाडि नै पेकिङ्ग पुगेका थिए। श्री ५ रणबहादुर शाह एवं चौ० बहादुर शाहको तर्फबाट चीन सम्राटको निम्ति उपहारहरू लिएर गएको यो शिष्टमण्डल काठमाडौंबाट हिडेको ६ महीनामा पेकिङ्ग पुग्यो। नेपाली प्रतिनिधिहरू ४५ दिनसम्म पेकिङ्गमा बसे तथा यस अवधिभित्र उनीहरूले ४ पटक चीन बादशाहसित भेट गरे। त्यसपछि चीन सम्राटको तर्फबाट नेपाल नरेश एवं चौ० बहादुर शाहको निम्ति दिइएको उपहार हरू लिएर शिष्टमण्डल १४ महीनामा घर फर्क्यो। यो शिष्टमण्डल मार्फत पठाइएका विभिन्न उपहारमा चीन सम्राटले श्री५ रणबहादुर शाह-लाई 'वाङ' तथा चौ० बहादुर शाहलाई 'घुङ' भन्ने उपाधि पनि पठाएका थिए। यो उपाधि यस वेलादेखि चीनमा बादशाही शासन रहुन्जेल श्री५ पृथ्वी वीरविक्रम शाहको समयसम्म प्रत्येक राजाको नाममा लेखन्थ्यो[1]। यस्तै 'वाङ' को उपाधि पन्ध्रौं शताब्दीमा जब नेपाल र चीनको बीच सीधा सम्पर्क रहेको थियो, तत्कालीन चीनका मिङ्वंशीय सम्राट युंग्लोले नेपाल पलांचोकको राजा शक्तिसिंहलाई पनि पठाएको थिए[2]।

यस प्रकार यस केरुङ्ग संझौताबाट नेपाल र चीनको बीच पुनः संबन्ध स्थापना हुन गयो। यो शिष्ट मण्डल पठाउने कार्य दुवै तर्फबाट हुन्थ्यो। यस संझौतामा मध्यस्थको रूपमा भाग लिन आएका चीनिया अम्बा संझौता

---

१. लेखक—नेपाल र तिब्बत ( अप्रकाशित)

२.—ऐ—ऐ—ऐ

को पश्चात श्री ५ रणबहादुर शाहको दर्शन गर्न काठमाडौं आएका थिए[२] तरयो सम्बन्ध धेरै वर्ष शान्तिपूर्ण वातावरणमा चल्न सकेन केरुङ्ग संझौता बमोजिम तिब्बतले प्रतिवर्ष नेपाललाई तिर्नुपर्ने पचास हजार एक रुपियाँ पहिलो साल तिर्न पठायो। तर यस संझौतामा तिब्बत पूर्णतया सन्तुष्ट नभएको हुनाले दोस्रो साल उक्त रकम तिर्न पठाएन। तर नेपाललाई यसको केही सूचना पनि दिइएको थिएन। त्यसपछि, तिब्बतले तिर्नुपर्ने पचास हजार जम्मा गर्न नसकेकोले तथा यस विषय चीन बादशाहलाई केही थाहा न भएकोले[१] पनि यसबारे पुनः कुरा चलाउनु पऱ्यो भनी तिब्बत सरकार ले चीनदैबुकको नेतृत्वमा संवत् १८४७ सालको अन्ततिर एक प्रतिनिधि मण्डल नेपाल पठायो। तर नेपालको तर्फबाट कुरा चलाउन अस्वीकार गरियो। विना कुनै सूचना तिब्बतले रुपियाँ तिर्न नपठाएको हुँदा सो रुपियाँ तिरेपछि मात्र यसमा रकम घटाउने विषय विचार गरिने छ भन्ने आशय को जवाफ नेपालतर्फबाट पाएपछि तिब्बती प्रतिनिधि मण्डल असफल भै फर्क्यो।

चीनदैबुकको प्रतिनिधि मण्डल यस प्रकार असफल भै फर्केपछि युद्ध अवश्यंभावी छ भन्ने निश्चय गरी तिब्बतले लड़ाइँको तयारी गर्न थाल्यो, तथा चीनसित सहायतार्थ पत्र व्यवहार पनि शुरू गऱ्यो, यसकारण कियो चीनिया फौज आइपुग्नमा ढीला नहोस। यसै बीच तिब्बतले केरुङ संझौता को मुख्य प्रवर्तक स्यामर्पा लामा हुन् भन्ने ठानी उनलाई पक्र ने विचार

---

१. हेर्नोस् परिशिष्ट नं २१ को पत्र

२. लायन्डनले पनि यो संझौताको कुरा चीनलाई थाहा छैन भनी लेखेका छन्। हेर्नोस P. Landon-Nepal-Vol II App XXI। तर वास्तवमा यो संझौता चीनिया अम्बाहरूको आडमा भएको थियो, जुन कुरा परिशिष्ट नं० २२ को पत्रमा पनि उल्लेखित छ।

गर्‍यो। येनकेनप्रकारेण नेपालसित पुनः वार्ता चलाउन पाएमा, अगाडि जस्तै नेपालको तर्फबाट प्रतिनिधि भै स्यामर्पा लामा पनि आउनेछन् र गिरफ्तार गर्न सजिलो हुनेछ भन्ने विचार गरी तिब्बती अधिकारीहरूले वार्ता चलाउन पुनः एक पटक अनुरोध गरे। नेपाललाई तिर्नुपर्ने रुपियाँ जम्मा गर्न तिब्बत असमर्थ भएको हुँदा यसबारे छलफल नगरी भएन भन्ने किसिमको सूचना पठायो। नेपालको सरकारले पनि, तिब्बतले वार्ता चलाउन खोजेको केवल स्यामर्पा लामालाई समात्नको निम्ति हो भन्ने थाहा नपाएको हुनाले वार्ता चलाउने कुरामा प्रतिनिधिहरू पठाउन निर्णय गर्‍यो र वार्ताको निम्ति 'कुती' भन्ने स्थान उपयुक्त छ भन्ने पनि ठहर गरियो।

यस प्रकार वार्ता चलाउने नै निर्णय गरिएपछि वार्तामा भाग लिन नेपालको प्रतिनिधिस्वरूप कप्तान बम शाह, काजी दामोदर पाँडे, टकसारी नरसिंह, सर्दार परवल राना, र स्यामर्पा लामा आदि खटिए। यस बखत स्यामर्पा लामा 'लिस्ति' मा बसिरहेका थिए। उनलाई लिएर नेपाली प्रतिनिधिहरू संवत् १८४८ सालको वैशाखमा कुतीतर्फ लागे। नेपाली प्रतिनिधिहरू कुती पुग्नुअगावै तिब्बत सरकारका तर्फबाट प्रतिनिधिको रूपमा काजी धुरिन, काजी ऐतुन, काजी च्याँगलोचन, छसक लामा आदि कुती आइसकेका थिए।

लिस्तिबाट स्यामर्पा लामालाई साथमा लिएर गएका नेपाली प्रतिनिधिहरू कुती पुग्न एक वास वर रहेको छोस्याङ् भन्ने स्थानमा पुगेका मात्र थिए, तिब्बती गुप्तचरले स्यामर्पा लामालाई पक्रने प्रयास गरे। यसरी तिब्बतकै सुझावबमोजिम वार्तामा भाग लिन भनी आउँदा बाटोमा धोका दिई स्यामर्पा लामालाई पक्रने प्रयास गरेको हुँदा तिब्बती पक्षको उद्देश्य वार्ता चलाउने होइन कि स्यामर्पा लामालाई समात्ने रहेछ भन्ने कुरा नेपाली प्रतिनिधिहरूले थाहा पाए। त्यसपछि तिनीहरूले पनि युद्ध गर्ने निश्चय

गरी त्यहाँ आइरहेका तिब्बती काजीहरूलाई गिरफ्तार गरी स्यामर्पा लामाको साथ नेपाल पठाए, तथा आफूहरू त्यहींदेखि लडाइँ शुरू गर्दै अगाडि बढे।

यस प्रकार केरुङ् संझौता भएको तीनै वर्षभित्र पुनः नेपाल र तिब्बतको बीच युद्ध हुन गयो। तर यो लड़ाइँमा नेपाली सैनिकले तिब्बती सैन्यसित मात्र होइन कि चीनिया सैन्यसित पनि लड्नुपर्‍यो। छोस्याङ्देखि नै लडाइँ शुरू गर्दै नेपाली सेनापतिहरू कुती पुगे तथा त्यहाँबाट पनि अगाडि बढेर डिगर्चासम्म पुगे। नेपाली सैन्य डिगर्चा पुग्नुभन्दा केही दिनअगाडि नै त्यहाँका धर्माधिकारी डिगर्चालामा आफ्ना ३०० जति चेलाहरूलाई गुम्बाको रक्षार्थ छोडेर ल्हासातर्फ गै सकेका थिए। डिगर्चा पुगेपछि नेपाली सेनापतिहरूले डिगर्चालामाका चेलाहरूसित तिब्बतले प्रतिवर्ष ५० हजार दरबाट नेपाललाई तिर्नुपर्ने दुइ सालको (संवत् १८४७ र ४८ सालको) बाँकी हुँदा एक लाख रुपियाँ र संवत् १८३२ सालको संधि खलल गर्ने कोशिश गरेबाट ५० धार्नी सुनको माग गरे। तर तिनीहरूले सो रुपियाँ र सुन दिन असमर्थता प्रकट गरे। त्यसपछि नेपालीहरूले गुम्बामा लूट गरे, तथा एक लाख रुपियाँ र ५० धार्नी सुनबराबरको अन्दाज गरी सुना, चाँदि र नगद् ली लडाइँ बंद गरी फर्के। यस लूटमा अरू मालको अतिरिक्त चीनबादशाहले डिगर्चालामालाई ससम्मान प्रदान गरिराखेको एक पदक पनि परेको थियो।

यस प्रकार नेपाली सेनापतिहरूले एकाएक लडाइँ बंद गरी फर्केको विषयमा कुनै कुनै इतिहासकारहरूले अर्कै कारण दर्शाएका छन्। उनीहरूको भनाइअनुसार नेपालको बढाव रोक्नको निम्ति यस बीचमा नेपाल र तिब्बतको बीच एक सन्धि भएको थियो जसमा नेपालले तिब्बतसित प्रतिवर्ष ३ लाख रुपियाँ पाउने तथा तिब्बतले नेपालको मुद्रा चलाउने

निर्णय गरिएको थियो [१] । तर वास्तवमा यी दुइ देशको बीच यस प्रकार को संझौता भएको कतै देखिंदैन । यसबारे श्री ५ रणबहादुर शाहले संवत् १८४८ कार्तिक सुदि १० रोज ७ मा कुमाउँमा रहेका जगजित पाँडेलाई एक पत्र लेखेका थिए । तर यसमा पनि उक्तसंझौताको कुरा थिएन [२] । मुद्रा प्रचलनको हकमा त यो लडाइँ हुनु अगावै निर्णय भै सकेको थियो ।

यस प्रकार नेपालीहरूले तिब्बती काजीहरूलाई गिरफ्तार गरेकोले तथा डिगर्चासम्म पुगी लूटसमेत गरेको हुनाले तिब्बतले नेपालसित लड्न चीनिया सहायता माग्यो । चीनबाट पनि सेनापति च्यानचुन प्रशस्त फौज लिई सहायतार्थ ल्हासा आइपुगे । तिब्बत पुग्नासाथै चीनिया सेनापतिले नेपाल नरेशछेउ एक पत्र पठाई, तिब्बती काजीहरू गिरफ्तार गरेको एवं डिगर्चा लूट गरेको कारण सोधी पठाए । नेपालबाट पनि तिब्बतले केरुङ् संझौताबमोजिम तिर्नुपर्ने रुपियाँ नतिरेको एवं स्यामर्पा लामालाई पक्रन खोजेको आदि विवरण पठाइयो । साथै उनसित यस झगडामा अगाडि जस्तै मध्यस्थ हुन अनुरोध पनि गऱ्यो । तर चीनिया सेनापतिले यो अनुरोध स्वीकार गरेनन् तथा लडाइँको निम्ति अगाडि बढे ।

---

१. (i) बालचन्द्र शर्मा-नेपालको ऐ० रूपरेखा—पृष्ट २३८

(ii) Kirkpatrick—Account of Nepaul—App, B. p. 348.

कर्नल कर्कप्याट्रिकले आफ्नो पुस्तकको परिशिष्टमा नेपालबाट पाएको भनी दिएको लडाइको वर्णनमा यो कुरा लेखेका छन् । तर कर्कप्याट्रिकमार्फत कंपनी सरकार समक्ष पठाइएको भनी लेखिएको नेपाल चीन युद्धको वर्णन पहाड़ बन्दोबस्तमा छ, र यसको प्रतिलिपि पं० कोमलनाथको सौजन्यबाट हेर्ने मौका लेखकलाई मिलेको थियो र त्यसमा उक्त कुरा थिएन ।

२. लेखक—नेपाल र तिब्बत (अप्रकाशित)

चीनिया सेनापतिले सर्वप्रथम कुतीमा पालो बसेका नेपाली पक्षका ठानेदार इमामबक्स र केही फौजमाथि आक्रमण गरी मारे। त्यसपछि उनी अगाडि बढ्न थाले। यसरी चीनिया फौज बढ्दै आएको हुँदा त्यसलाई रोक्न नेपालबाट पनि फौज खटिएर गयो। यो फौज खासा पुग्दा घनघोर हिम वर्षा भयो र बाटा घाटो बन्द हुन गयो। यसो हुँदा नेपालीहरू खासाबाट अगाडि बढ्न सकेनन्। नत चीनिया फौज नै अगाडि बढ्न सके।

बाटो करीब दुइ महीना बन्द रह्यो। त्यसपछि चीनिया सेनापति खासा आइपुगे। नेपालबाट गएको फौजसित उनको पहिलो मुठभेट त्यहीं हुन गयो। यस लडाइँमा नेपालीहरूले नेपालमै तयार गरिएको टोटादार चापवाल बन्दूकको प्रयोग गरेका थिए। यो मुठभेटमा नेपालीहरुले बहादुरी साथ लडेका थिए। तरपनि बारुदखानामा आगलागी भएबाट उनीहरूले पछि हट्नुपर्‍यो र लिस्तिमा आएर बसे। यसै वेला काठमाडौंबाट गएको अर्को एक दल फौज पनि लिस्ति पुगेको थियो।

नेपाली फौज लिस्तिमा बलियो मोर्चाबन्दी गरेर चीनिया फौजको प्रतीक्षामा रह्यो। चीनिया फौज त्यहाँ पुगेपछि पुनः घनघोर युद्ध भयो। थोरै भएपनि नेपालीहरूले बहादुरीसाथ लडे, तथा चीनियाहरूलाई पराजित गरे। चीनियाँ सैन्यले पछि हट्नुपर्‍यो र चारकोस टाढा गै बस्यो। तर नेपालीहरूले किल्ला छोडी लखेट्न उचित ठानेनन् र त्यहीं लिस्ति मै मोर्चा बंदी गरी बसिरहे।

त्यसै ताका गरमी बढेको हुनाले चीनिया सैन्यमाथि अनेक रोग लाग्न थाल्यो। आवश्यक रसद पानी पनि पुग्न नसकेबाट तिनीहरूलाई ज्यादा कष्ट हुन थाल्यो। फलस्वरूप रोग र भोकले गर्दा धेरै चीनिया सैन्य मरे, तथा बाँचेकाहरूले पनि पुनः लड्ने साहस गर्न सकेनन र लडाइँ एक कारले बन्द प्रायः हुन गयो।

नेपाली सेनापतिहरूले पनि आफ्नो झगडा तिब्बतसित मात्र भएको हुनाले चीनसितको यो लडाइँ लम्ब्याई राख्न उचित ठानेनन्। यसरी यस तर्फको युद्ध रोकिन गयो, तथापि दुवै पक्षको बीच संझौता हुन पाएको थिएन, र चीनबाट एक अर्को फौजी दल अन्य उच्च सेनापति टुङ्थ्वाङ् र सेनापति चुन्दुनको नेतृत्वमा तिब्बतको सहायतार्थ आइपुग्यो। उनले तिब्बत पुग्नासाथ नेपाललाई तिब्बती काजीहरूलाई रिहाइ गरिदिन, डिगर्चा लूटका सामानहरू फिर्ता गर्ने तथा तिब्बतका बागी स्यामर्पा लामालाई सुपुर्द गरिदिन सूचित गरेका थिए। नेपालबाट पनि उक्त शर्तहरूमा स्यामर्पा लामालाई सुपुर्द गर्नेबाहेक अरू मंजूर गऱ्यो। तर स्यामर्पा लामालाई सुम्पने विषयमा भने शरणागतको मरण गर्ने हाम्रो धर्म सुहाउँदैन भन्ने आशयको प्रत्युत्तर पठाएको थियो।

स्यामर्पा लामालाई सुपुर्द नगरिए लडाइँ बन्द हुन सक्तैन भनी चीनिया सेनापति युद्धको निम्ति ससैन्य अगाडि बढे। उनी झुँगाको बाटो कुकुरघाट भन्ने स्थानमा आइपुगे। यो ठाउँ गोरखाका राजा राम शाहको समयदेखि गोरखा राज्यमा थियो। उनले झुँगाझोंगमा हमला गरी यस ठाउँमा कब्जा गरेका थिए। यस ठाउँको रक्षार्थ थोरै नेपाली फौज रहेको थियो। चीनिया सेनापतिले तिनीहरूलाई मारेर सो ठाउँ आफ्नु कब्जामा लिए।

यस प्रकार झुँगाको बाटोबाट पनि लडाइँ गर्दै चीनिया फौज अगाडि बढेपछि नेपालले त्यसलाई रोक्न फौज पठायो। कुकुरघाटको रक्षार्थ भनी केही फौज नेपालबाट पठाइएको थियो। तर तिनीहरू त्यहाँ पुग्नु अगावै त्यस ठाउँमा चीनी फौजले कब्जा गरिसकेको थियो। यसर्थ कुकुरघाटको रक्षा निम्ति गएको नेपाली सैन्य र सो ठाउँ जिती केरूङ् तर्फ झरेको चीनिया सैन्यको 'पाङ्सी' नामक स्थानमा जम्काभेट भयो। यस ठाउँको मुठभेटमा नेपाली फौजको नेतृत्व शत्रुभंजन मल्लले गरेका

थिए । चीनिया पक्षको फौजी संख्या अधिक भएकोले नेपालीहरू अड्न सकेनन् र केरुङ् आई बसे ।

केरुङ्मा नेपाली सैन्यको संचालन गरी बसेका सुब्बा प्यूवर लामा र पाङ्सीबाट फर्केका शत्रुभंजनले बलियो मोर्चा बनाई चीनिया फौजको स्वागत गरे । ६ दिनसम्म घनघोर युद्ध भयो । चीनिया सैनिकले नेपाली सैन्यलाई तीनतिरबाट घेरा दी लडन थाल्यो । तर नेपालीहरूले आफ्नो किल्ला छोडेनन् । आखिर केही नलागी चीनिया फौजले नेपाली फौजको किल्लाको चारैतिर आगो लगाइदियो जसबाट विवश भै नेपालीहरूले रसुवामा किल्ला सार्नुपर्‍यो । यसरी केरुङ्बाट रसुवा फर्कुन्जलेसम्ममा नेपाली सैन्य धेरै कम भै सकेको थियो ।

चीनिया फौज रसुवामा पनि आइपुग्यो । तीन दिन तीन रात रसुवामा लेण्डेखोलाको वारपार युद्ध भयो । नेपालीहरूले लेण्डे खोलामाथिको पुल कब्जा नै गरिराखे । त्यसपछि चीनिया फौजले अर्कै उपाय शोचे । नेपालीहरूलाई थाहै नहुने गरी एकदिन राती लेण्डेखोलामाथि अर्के नयाँ पुल हालेर खोला पार गरी नेपाली फौजलाई घेरा दिनथाले । त्यसो हुँदा नेपाली फौज त्यहाँबाट पनि पछि हटेर टिमुरेमा आएर बस्यो । यसरी प्रत्येक युद्धक्षेत्रमा नेपालीहरूले बहादुरीसाथ लडेर पनि फौजी संख्याको कमीले गर्दा हार खाँदै पछाडि हटनुपर्‍यो ।

केरुङ्को इलाकामा नेपाली फौज र चीनया फौजको बीच लडाइँ भै रहेछ भन्ने समाचार आएपछि थप मद्दतको निम्ति काठमाडौंबाट सर्दार प्रबल राना, रणकेशर पाँडे, भास्कर घले र जगदल शाहीहरू चार कंपनी फौजसहित केरुङ्तर्फ लागे । यी सेनापतिहरू फौजसहित 'स्याप्रु' बेसीमा पुगेका मात्र थिए, टिमुरेबाट अगाडि बढ्दै आएको चीनिया फौजसित भेट भयो र त्यसै ठाउँमा लडाइँ भयो । यहाँ पनि नेपालीहरू अडन सके-

नन् र पछि हटेर धुंचेमा आएर बसे। सर्दार प्रबल राना र भास्कर घले देउरालीको डांडामा गै बसे। यसै बखत काठमाडौंबाट अर्को एक दल फौज पनि धुंचे मै आइपुग्यो। यस दलको नेतृत्व काजी दामोदर पाँडे, सर्दार भागीरथ, रणजित कुंवर आदि मुख्य भारादारहरूले गरेका थिए। यस प्रकार नेपालले आफ्ना मुख्य सेनापतिहरूलाई समेत पठाउन आवश्यक पर्न गयो। सेनापतिहरू धुंचेबाट अगाडि बढेनन् र तिनीहरूले त्यहीं बसी चीनियाहरूसित लड्ने निश्चय गरे।

धुंचेमा दामोदर पाँडेको फौज र चीनिया फौजको बीच लडाइँ चल्दै थियो। त्यसै बेला एक दल चीनिया फौज धुंचेबाट माथि पर्ने देउराली डांडामा रहेका सुबेदार जगवल शाही र भास्कर घलेका फौजमाथि हमला गर्न पुग्यो। सुबेदारसहित धेरै सैन्य मारिए तथा देउराली चीनियाको हातमा पर्‍यो। त्यसपछि देउरालीमाथिबाट पनि चीनिया फौजले धुंचेमा रहेका नेपालीहरूमाथि खनिने संभावना भएकोले काजी दामोदर पाँडे धुंचेबाट पछि हटे।

काजी दामोदर पाँडेले समेत पनि पछि हट्नुपरेको समाचारले राजधानीमा खलबल मचायो। चीनियाहरू अब काठमाडौंसम्म नै पुग्ने हुन् कि भन्ने शंका हुन थाल्यो। दरबारमा सल्लाह हुन थाल्यो। अन्तमा एक अर्को दल फौज सहायतार्थ पठाउने निर्णय गरियो। त्यो आखिरी सैन्य दल चौतरिया कृष्ण शाह, काजी अभिमानसिंह, काजी बोलकृ सिंह, सर्दार शत्रुसालहरूको नेतृत्वमा पठाइएको थियो। आखिरीमा पठाइएको यो फौज अगाडिका फौजीदलभन्दा बढी मात्रामा हात हतियार, बन्दूक, तोप, गोला, बाण आदिले सुसज्जित थिया। यो दलले धैबुंगमा आफ्नो मुकाम बनायो। धुंचेबाट फर्केर दामोदर पांडे पनि धबुंगमा आइपुगेपछि, नेपाली सेनापतिहरूलो त्यसै ठाउँमा अन्तिम लडाइँ

लड्ने निर्णय गरे। यसै वेला लिस्तिबाट लडाइँ बन्द गरी फर्केका चीनिया सेनापति च्यानचुन आफ्नो फौजसित मिल्न धुंचेमा आइपुगे। धुंचेबाट दुवै चीनिया सेनापतिहरू संयुक्त रूपमा धैबुंगतर्फ बढ़े सर्वप्रथम हमला विजयी-सेनाले नै गऱ्यो।

अन्य विभिन्न स्थलहरूमा भएको युद्धभन्दा धैबुंगमा भएको लडाइँ ज्यादा भयानक एवं रोमांचकारी थियो। यस क्षेत्रबाट पनि हारेर फर्कन पऱ्योभने चीनिया फौज विना रोकटोक सरासर काठमाडौं पुग्ने भयो भन्ठानेर नेपालीहरूले आफ्नो सारा शक्ति एव बुद्धि लगाएर लड्न थाले। चीनिया फौज धैबुंग पुगेको समाचारबाट परिस्थिति गंभीर भएको महसूस गरी नेपालले सुदूर पश्चिमतिर लड्न बसेका आफ्ना सेनापतिहरूलाई तुरन्त काठमाडौं आउन सूचित पनि गरेको थियो[१]।

धबुंगको यस लड़ाइँमा नेपालीहरूले अत्यन्त बहादुरीसाथ लडे, तथा फलस्वरूप चीनिया फौजले पछि हटनुपऱ्यो। चीनिया सैन्यहरू पछि हटेर धैबुँगबाट चारकोस टाढा 'रामच्या' भन्ने स्थानमा गै बसे यसरी पछि हट्ता भीरबाट खसेर चीनिया सैन्यका धेरै जवान क्षति पनि भयो। चीनियाहरू धैबुंगको लड़ाइँबाट अडन नसकी पछि हटेतापनि नेपाली फौजले तिनीहरूको पीछा गरेनन्। उनीहरू धैबुंग मै मोर्चा बलियो गरी बसि रहे।

यस प्रकार धैबुंगको यस युद्धमा चीनिया फौजलाई पछि हटाउन सफल भए तापनि युद्धलाई धेरै लम्ब्याइराख्न नेपाली सेनापतिहरूले उचित ठानेनन्। काठमाडौंबाट पनि सकभर कुरा मिलाएर युद्ध बन्द गर्ने आदेश आइसकेको थियो। यसर्थ, नेपाली सेनापतिले आफूले कैद गरिराखेका एक जना चीनिया सिपाहीको हात लड़ाइँ बन्द गर्ने वार्ता चलाउने सन्देश पठाए।

१ हेर्नुहोस् पृष्ठ ६

चीनिया सैन्य पनि लड़ाइँबाट थाकिसकेको थियो। यसैले नेपाली पक्षको युद्धबन्दीको सन्देशको चीनियापक्ष द्वारा स्वागत गरियो। साथै युद्धबन्दीको वार्ता चलाउन 'रामच्या' भन्ने ठाउँ साह्रै सांगुरो हुनाले रहनै अप्ठेरो छ, धैबुङ्ग ठाउ ठूलो हुँदा त्यस ठाउमा फौज राख्न पाए दुवै पक्षले बेत्रावती नदीको वारपार बसी कुरा चलाउन सजिलो हुने थियो भनी चीनिया सेनापतिले संदेश पठाए। लड़ाइँ बन्द जति हुने भएपछि वार्ता चलाउन्जेल धैबुङ्ग मै आएर बसेमा के हुन्छ र भन्ने ठानी नेपाली सेनापतिहरूले आफ्नो फौज बेत्रावती नदीको वारि ल्याएर राखे। त्यसपछि चीनिया फौज नदीको पारि आएर बस्यो।

यसै समय तिब्बतबाट शरण लिन आइराखेका एव युद्ध हुन जानाको एक प्रमुख कारण बनेका काजी स्यामर्पा लामाको मृत्यु भयो। उनको मृत्यु भएपछि उनलाई सुपुर्द गर्ने भन्ने कुरा पनि बाँकी नरहने हुँदा युद्धबन्दीको निम्ति वातावरण अझ स्वस्थ हुन गयो। यसर्थ नेपालले युद्धको प्रारंभमा कैद गरिराखेका तिब्बती काजीहरूलाई रिहाइ पनि गरिदियो। तर बेत्रावती नदीको पारी धैबुङ्गमा आएर बसिसकेपछि चीनिया सेनापतिले मन फर्काए। उनले स्यामर्पा लामा मऱ्यो भनेर मात्र हाम्रो चित्त बुझ्दैन उनी मरेको हो होइन हाम्रो मानिसले जाँच गर्नै छ तथा युद्धबन्दीको वार्ता चलाउन धैबुंग पनि सांगुरो हुंदा नुवाकोटमा आएर बस्न चाहन्छौं भन्ने सन्देश पठाए। साथै वार्तामा भाग लिन स्वयं श्री ५ रणबहादुर शाह अथवा चौ० बहादुर शाहले आउनुपर्छ भन्ने पनि समाचार पठाए।

यसरी आफूले युद्ध बन्द गर्ने मनसुबाबाट चीनिया फौजको निम्ति ठाउँ छोड़ेर तिब्बती काजीहरूलाईसमेत रिहाइगरेपछि चीनिया पक्षबाट यस प्रकारको सन्देश प्राप्त हुन आउँदा नेपाली सेनापतिहरू क्षुब्ध भए। यो समाचार राजधानीमा पनि पठाइया। चीनिया सेनापतिको यस्तो रुख भए

बाट यिनीहरूको युद्ध बन्द गर्ने चाहना रहेन छ, नुवाकोट पुगी त्यहाँबाट काठमाडौंसम्म पुग्ने रहेछ भन्ने ठानी नेपालले पनि युद्ध जारी नै गर्ने निधो गऱ्यो। साथै बृटिश कम्पनी सरकारसित सहायतार्थ पत्र व्यवहार पनि गर्न थाल्यो। बृटिश सरकारले चीनको विरुद्ध नेपाललाई सहायता दिन इच्छा गरेन, तथापि युद्धको हाल बुझ्न भनी कर्नल विलियम कर्कप्याट्रिकय को नेतृत्वमा एक फौजी मिशन पठायो। तर उनी आउन्जेलसम्ममा युद्ध बन्द भै सकेकोले बृटिश सैनिक मिशनले धेरै दिन नेपालमा बस्नु परेन।

अन्तसम्म नै लड्ने निश्चित भएपछि नेपाली सेनापतिले चीनिया सेनापतिको उपर्युक्त सन्देशको प्रत्युत्तरमा युद्धबन्दीको वार्ता गर्ने भए धैबुङमा नै गरिनुपर्दछ, नुवाकोट छोड्न सकिदैन तथा कुराकानीमा भाग लिन पनि श्री ५ रणबहादुर शाह र चौ० बहादुर शाह दुवै आउने छैनन् भन्ने खबर पठाए। नेपाली पक्षबाट यस प्रकारको प्रत्युत्तर पाएपछि चीनिया सेनाले पुनः युद्ध जारी गऱ्यो तथा बेत्रावती नदीलाई पार गर्ने कोशिश गऱ्यो। नेपाली सेनाले पनि बहादुरीसाथ लडेर चीनियाको नदी तर्ने हर प्रयास विफल बनाइदियो।

बेत्रावतीमा शुरू भएको यस लडाइँको दोस्रो दिन देउराली डांडा कब्जा गरी बसेका एक जना चीनिया अफिसरले केही सैन्य साथ नदी पार गर्न ठूलो प्रयास गरे। नदीको साविक पुलमा नेपाली सेना जबर्जस्त तैनाथ रहेको हुँदा उनले नया पुल हालेर पार गर्न खोजेका थिए। तर नेपाली सैनिकले उनको यो नया पुल हाल्ने प्रयासलाई पनि सफल हुन दिएन। पुलको निम्ति जडान गरिएका फल्याकहरू नेपालीहरूले भाँचेर नदीमा बगाइदिए। फलस्वरूप यस पुलबाट पारी तर्न खोजेका चीनिया सैनिक जानहरू धेरै नदीमा खसेर मरे। बाँकी फौजले पछि हट्नपऱ्यो।

यसरी पछि हट्दा चीनिया अफिसर को खुट्टा भाँचियो र त्यही चोटले उनी तीन दिनपछि मरे।

अनेक प्रयास गर्दा पनि बेत्रावती नदी तर्ने योजना विफल भएबाट चीनिया सेनापतिले नुवाकोट जाने आफ्नो बिचार बदल्न कर पऱ्यो। बेत्रा-वतीमै बसी युद्ध बन्द गर्न वार्ता चलाउन उनी राजी भए, तथा वार्तामा भाग लिन श्री ५ रण बहादुर शाह अथवा चौ० बहादुर शाहले नै आउनु पर्छ भन्ने जिकिर पनि छोडे। त्यसपछि चीनिया सेनापतिले केही शर्त अनुसार लडाई बन्द गर्न नेपाली सेनापतिलाई पत्र लेखे, तथा नेपाली पक्ष-बाट त्यसमा स्वीकृतिको सूचना गरेपछि यही पत्र व्यवहारद्वारा संवत् '१८४८ साल भाद्र सुदि ३'[1] का दिन युद्ध बन्द गर्ने सुलह हुन गयो।

यो सुलह वार्तापछि नेपालले स्यामर्पा लामाको हाडखोरभनी जम्मा गरी केही हाडखोर चीनियालाई बुझाइदियो, तथा डिगर्चा लूटको सामान, जसमा चीन बादशाहले डिगर्चालामालाई दिएको सम्मानको खिल्लत पनि परेको थियो, सबै फर्काइदियो। साथै संवत् १८४६ सालको केरुङ संझौताको सकल प्रति पनि चीनिया सेनापतिले लिएर गए। यसबाहेक यो सुलहको पश्चात् नेपाल र तिब्बतको बीच सिमानाविषयमा केही परिवर्तन हुन गयो। प्रताप मल्लको समयदेखि नेपालको आधिपत्य रही आएको कुतीबाट हटेर सिमाना तातापानीमा हुन आयो र 'खासा' भन्ने जग्गा तिब्बततर्फ पर्न गयो। यस पछि चीनिया सेनापति टुङ्थ्वाङ्ले आफू चीन फर्कनुभन्दा अगाडि नेपाल र तिब्बतको परम्परागत सिमानाको सर्वेक्षण गराएर सिमानाको प्रमुख स्थलहरूमा शिलापत्र एवं स्तम्भहरू खडा गराएका थिए, जसलाई दुवै देशले परंपरागत प्रचलित सीमा रेखाको रूपमा मान्यता दिनथाल्यो। 'नेपाल चीन सिमाना संधि' हुनो अगाडिसम्म चीनिया सेनापतिद्वारा निर्धारित यही सीमा स्थलहरू प्रामाणिक मानिन्थ्यो। उनले स्थापना गराएका यस्ता शिलास्तंभ वा

---

१ एक तिथ्यावलीबाट

पत्रहरू रसुवा, भैंसेपुल, पोप्टी भंज्याङ् आदि सीमा स्थलहरूमा पछिसम्म पनि रहेका थिए।[१]

यस युद्धपश्चात् सम्वत् १८४६ को केरुङ् संझौता पछि शुरू भएका अर्थात् नेपाल र चीनको बीच शिष्टमण्डलहरू पठाएर सौगातको आदान-प्रदान गर्ने प्रथा पुनः चालु हुन गयो। यस युद्धको तत्काल पछि काजी देवदत्त थापा सौगात ली चीन गएका थिए। त्यस बखत नेपाल र पेकिङ् को बीच आवत जावत गर्ने यातायातको साधन कठिनतम हुनाले यो सौगात मण्डल प्रत्येक पाँच वर्षमा पठाउने चलन चल्न गयो, तथापि परिस्थिति अनुसारकहिले ८।१० वर्षको बीच पनि सौगातहरू पठाउने गर्दथ्यो। यो सम्बन्ध यस वेलादेखि संवत्-१९६३ साल तक चीनमा शाही शासन रहुन्जेल रह्यो, तथा चीनमा गणतंत्र स्थापित भएपछि यो सम्बन्ध टुट्न गयो। त्यसपछि श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको राज्यारोहणपछि संवत् २०१२ सालमा नेपाल र चीनको बीच पंचशीलको सिद्धान्तको आधारमा नया संझौता भै पुनः सम्बन्ध स्थापना हुन गयो[२]।

यसरी तिब्बतको कारणबाट नेपाल र चीनको बीच युद्ध हुन गएको थियो। यस युद्धलाई नेपाल र चीन दुवै देशले गौरवसाथ महत्व दिएको पाइन्छ। ल्हासास्थित् पोताला दरबारको सामुन्ने रहेको एक शिलापत्रमा चीन बादशाहले यस युद्धलाई आफ्ना दश गौरवपूर्ण विजयहरूमध्ये एक भनी अंकित गरेकाछन्[३]। साथै नेपालले पनि यस युद्धलाई एक महत्वपूर्ण विजय ठहराएको छ[४]।

---

१. लेखक—'नेपाल चीन सिमाना संधिपत्र'—( प्रकाशनार्थ प्रेसमा )

२. लेखक—नेपाल र तिब्बत ( अप्रकाशित )

३. C Bell—Tibet-Past & Present—P, 275-77.

४. भीमसेन थापाकालीन एक तिथ्यावलीमा यो युद्ध विषय यस प्रकार लेखिएको थियो—"संवत् १८४९ भाद्र शु. ३ चीनिया काटी हटाया बेत्रावतीमा बग्या।"

नेपाल र चीनको बीच भएको यस युद्ध बिषय कुनै इतिहासहरूमा केही कुरा गल्ती लेखिन गएको पाइन्छ । श्री ३ महाराज जंगबहादुरका छोरा ज० पद्मजंगले लेखेको 'जंगबहादुरको जीवनी' पुस्तकमा यो लडाइँ जितपुर फेदीमा एक सन्धिसहित अन्त भएको थियो भनी लेखिएको छ । उनले आफ्ना पुर्खाको बहादुरीको प्रशंसानिमित्त यस युद्ध बन्द भएकोमा एक काल्पनिक कथा पनि लेखेका छन्[१] । वास्तवमा यो लडाइँ बेत्रावतीमा टुंगिएको थियो, तथा यस युद्धमा नेपाली पक्षबाट मुख्य सेनापतिहरूको रूपमा चौ. कृष्ण शाह, काजी दामोदर पांडेहरूले भाग लिएका थिए । त्यसरी नै पर्सिवल लायन्डनले पनि यो लडाइँ नुवाकोटमा बन्द भएको भनी गल्ती लेखेका छन्[२]।

---

1. Padmajung—Life of Jung Bahadur—P, 6.
2. P. Landon—Nepal—Vol II P, 69.

# उपसंहार

यस प्रकार विभिन्न अध्ययनबाट यो स्पष्ट हुन्छ कि श्री ५ रणबहादुर-को स्थान नेपालको इतिहासमा अति महत्वपूर्ण हुन गएको छ। उनले देशको निमित्त, देशको स्वतंत्र अस्तित्वको निमित्त मुख्तियार भै बृटिश साम्राज्यवादी शक्तिको विरोध गरेका थिए। उनी बृटिश साम्राज्यवादी शक्तिका विरोधी थिए भन्ने कुरा उनले बनारसमा छँदा लिएको सापटी फर्काउने विषय लेखेको एवं बनारसबाट शेरबहादुर शाह, बखतावरसिंह् आदिलाई लेखेको पत्रहरू, जुन यथाक्रम माथि उल्लेख भैसकेका छन् ती पत्रहरूबाट एवं उनको प्रत्यागमनको प्रतिक्रियास्वरूप बृटिश गवर्नर-जनरल लार्ड वेलेज्लीको 'संवत् १८५८ को संझौता,' भंगको घोषणा आदिबाट स्पष्ट हुन्छ। यसको साथै उनी बनारसबाट आउन लागेको बखतमा उनका समकालीन इतिहासकार फ्रान्सिस ह्यामिल्टन, जो रेजिडेन्ट नाक्सको साथ काठमाडौं आएका थिए उनले रणबहादुर शाहको प्रत्यागमनको विरोधमा कलम चलाएकोबाट पनि उनी बृटिश नीतिका विरोधी थिए भन्ने थाहा हुन्छ। ह्यामिल्टनले लेखेका थिए, वास्तवमा उनको (अर्थात् रणबहादुर शाहको) प्रत्यागमन न नेपालको निमित्त वांछनीय छ, न त छिमेकी राष्ट्रको निमित्त नै[1]। निःसन्देह रणबहादुर शाहको प्रत्यागमन उनी तथा उनको सरकारको साम्राज्यवादी नीतिको निमित्त वांछनीय भएन। उनको प्रत्यागमनले गर्दा शायद इतिहासकार ह्यामिल्टन यति हडबडाए कि आखिर रणबहादुर शाहको हत्या गर्ने शेर-बहादुरशाहलाई बालनरसिंह कुंवरले घटनास्थल मै मारेका थिए भन्ने कुरा पनि बिर्सेर उनले भीमसेन थापाले मारे भनी लेख्न पुगे[2]।

---

1. Hamilton—Account of Nepal-P.258.
2. Ibid.—P. 260.

ब्रिटिश साम्राज्यवादी नीतिको विरोधी हुनुको अतिरिक्त रणबहादुर एक सुधारक र प्रगतिशील विचार धाराका व्यक्ति पनि थिए भन्ने कुरा उनले उठाएको जातिविरोधी कार्य एवं धार्मिक बंधनको तोडमोडबाट थाहा हुन्छ। प्राचीन परंपरालाई तोड्न सक्नु निश्चय पनि असाधारण गुण हो। तर यसै असाधारण गुणको उल्लेख गरिंदा इतिहासमा पागल, कामुक वा नास्तिकको रूपमा गरियो। कुनै पनि व्यक्तिको उपर पागल वा कामुको लांछना लगाउनु भंदा अगाडि, उनको कायको विस्तृत विश्लेषण गर्न जरूरी हुन्छ कि त्यसमा कहाँसम्मको सिलसिला रहन गएको छ। अघिल्ला अध्यायहरूमा, विभिन्न ऐतिहासिक साधनको आधारमा गरिएको विवेचनाबाट यो स्पष्ट हुन्छ कि उनका कार्यहरू सिलसिलाहीन थिएनन्, कुनै-कुनै अतिरंजितसम्म थिए। यहाँसम्म कि कलिला बच्चाहरूको निष्कासनको कार्य उनको अतिरंजनपूर्ण कार्य थियो, तापनि त्यसमा पनि एक किसिमको सिलसिला पाइन्छ। अनि केवल मूर्ति तोडेकोमा मात्र नास्तिक वा पागल भन्न पनि शायद उपयुक्त हुँदैन होला, किनभने मूर्तिपूजाविरोधी आस्तिकहरू पनि पाइन्छन्। साथै संत शशिधरको सहवास एवं उनको धर्मशास्त्रसंबंधी अनेक पुस्तकहरूको[१] अध्ययन आदिबाट उनी अध्ययनशीलका साथै वेदान्ती स्वभावका व्यक्ति थिए भन्ने पनि संकेत हुन्छ। अनि कान्तिवतीप्रति आकर्षित हुँदैमा कामी वासनायुक्त भन्न पनि कत्तिको उपयुक्त होला ? निःसन्देह उनीको अनूपम सौन्दर्यबाट युवक रणबहादुर आकर्षित भए होलान्, यो अप्राकृतिक पनि होइन। यसरी कसैसंग प्रेम हुनु मात्र नै अन्ध कामवासना होभने शायद संसारका धेरै महापुरुषहरू यस लाञ्छनाबाट मुक्त हुँदैनन् होला। अनि रणबहादुरले केवल आफ्नो कामवासनाको तृप्ति निमित्त कान्तिवतीसित गुप्त-यौन सम्बंध मात्र राखेका थिएनन् कि त्यसको उद्घाटनसमेत गरी जातपातका परंपरालाई एक हाँक दिएका थिए। त्यसमा राजा शन्तनुवाला कथा जोडिनु कमसेकम तत्कालीन नेपालको राजनैतिक अवस्थाबाट संभव थियो होला भन्ने कुरामा

१. पुस्तकको नामावली परिशिष्ट नं २३ मा

विश्वास गर्न गाह्रो हुन्छ सजले राजनैतिक कारणबाट स्वास्नीलाई छोड्ने सम्म पनि क्षमता राख्दछ, त्यसलाई कामी भन्ने कसरी ? बासट्ठी हरणमा त कमसेकम कामवासना वा पागलपन नदेखिनुपर्ने थियो, किनकि यस कार्यको पृष्ठभूमिमा ऐतिहासिक उपयुक्त कारण थियो भन्ने कुरा तत्सम्बंधी अघिल्लो अध्यायमा नै प्रमाणित भैसके को छ । यो कार्य उनको महान् राष्ट्रिय कार्य थियो भन्ने शायद यहाँ दोहराइरहन जरूरत पर्दैन होला ।

र अन्तमा आजसम्मका इतिहासहरूमध्ये प्रायः सबैजसोमा नै रणबहादुर शाह ( उर्फ स्वामी निर्वाणानंद ) लाई पागल, कामुक, नास्तिक एवं अयोग्य शासक भनी अनेक उपाधिहरू जोडिएकोमा, ऐतिहासिक प्रमाण द्वारा हुन सकिने खण्डनको अतिरिक्त पनि एउटा प्रश्न संधैं उठिरहन्छ— उनी जस्ता नास्तिक राजाको सामुन्ने पनि तत्कालीन विद्वान पंडितहरूले हार स्वीकार गर्नु पऱ्यो, उनी जस्ता पागल एवं कामुक राजासितको मुकाबिलामा पनि दामोदर पाँडे जस्ता वीर भारादारको पराजय हुन गयो । उनको विरोधमा अनेक प्रचार गरी लालमोहर जारी गरिए तापनि अन्तमा प्रजाले उनकै साथ दिए, फौजले उनकै समर्थनमा हतियार सोझ्याए र उनैलाई मुख्तियार माने । अझ रणबहादुर शाहको त्यस तथाकथित नास्तिक व्यक्तित्वले नेपाली समाज, नेपाली जनजीवनमा यस्तो प्रभाव पारेको थियो, यस्तो दायित्वपूर्ण स्थान प्राप्त गरेको थियो कि रणबहादुर शाहको मोहर घोलेर पिलायो भने विना प्रसवदर्द बच्चा पैदा हुन्छ भन्ने विश्वास यसै युगमा सम्म पनि प्रचलित छ; केटाकेटीलाई माथिको देवता अर्थात् हारतीमाईले छोप्न आयोभने 'रणबहादुर की दुहाइ' भन्नासाथ छुट्छ भन्ने आस्थापूर्ण किंवदन्ति अझ चलेकै छ ।

———

# परिशिष्ट

## नं० १ बहादुर शाहको अख्तियार विषयको पत्र

स्वस्तीश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रो श्री श्री महाराजे रण बहादुर साहबहादुर सम्सेर्जङ्ग देवानाम् सदा समर विजयिनाम्...... स्वस्तिश्री सर्वोपमायोग्यराजभारा सामर्थ श्रो योग नारायन मल्ल श्री ब्रजवासी पाँडे आसिष इहाँ कुसल ताहाँ कुसल चाहिये आगे इहाको समाचार भलो छ उप्रांत सर्वजित रानाले अकर्म गऱ्यो र काटियो मुलुकको गर्नु भंनु श्री माहिला वावालाइ बक्स्यौं इनैका मार्फत सित मामिला गर तेता पूर्वतिरको संभार बनाइ गर वाकि मध्येसतिर पनि मानिस हाल भोटतिर पनि मानिस हाल ज्याहाल हकिगत् आउछ सो विस्तार विंति गरि पठावन्या गर इति संवत् १८३५ साल भाद्र सुदि ११ रोज ४ मुकाम कांतिपुर शुभम् ।

## नं० २ चीनिया अम्बाको पत्र

स्वस्तिश्री ५ वादसाहका हुकुमले भोट लासाका काज गर्न्या कुम्पुस्यांसु श्री सुंतारिन् तथा कोस्यली पुसिलान् फु टुठुन् श्री होतारिन् २ ले पठायाको पत्रम् स्वस्तिश्री गोर्षा अर्तिनिवाङ् रणबहादुर साहकेषु प्रेमालिंगन.........उप्रांत आफु वाङ्का काकाले हामी हुकुम् अम्बालाई चिठि पठाइ दियाछन् भतीज राजाले रजाव्रीको काज काम सब हात ली काज गर्नु भयो म भन्या देउताका थानमा वसि पाठ पुजा गरि बस्याको छ. भनि विंती गरि पठायाको रहेछ तेसमा तिमिहरू आपस्त घरानाको कुरोलाइ भन्या हाँमीले विचार गर्नु पर्न्या होइनन तर पनि आफु वाङ् र काका माथि......को ठुलो मेहेर वानगी भयाकोमा आफुहरू काका भतीज प्रेम प्रीति गरि एक चित्त गरि बस्न्या हो वस्याको भया जुग भरि मेहेर हुन्या छ.

परन्तु······को मेहेरवानगी भन्या अकाशले पृथ्वी पालना गऱ्या जस्तो हुन् आफु र काका दुइलाई पनि विसेक नगरिवरावरि मेहर हुन्या छन्. बाँकि हामि हुकुम अम्बाले पनि······का हुकुम पर सिर चह्राइ आफु वाङ् र काका २ लाई एकै थानि अर्ति दिनु वाहिक अलिक पनी भिन्द विसेक् गऱ्याको छैनन्. उप्रांत आजु आफना काकालाइ पनि चिठि पठाइ अघि गऱ्याको जस्तो भतिजा काका मिली एक चित्त गरि काज काम गर्नु भनि अह्राइ पठायाको छ. तसर्थ आफु वाङ् कन यो चिठि पठाइ दियाको हो. लेष्यामाफिक गर्नु-उप्रान्त आफु वाङ् र काका दुबै संगै मिलि एक चित्त गरि छोटा बडा काज काम ज्या परि आवला काज गरि जुग जुग भरि ··· सरिया हुन्या रहन्या गर्नु होला तसो गऱ्या पछि सम्म·········को मेहेर दया बहुतै २ आफु र काका दुवैलाई हुनु हुन्या छ उप्रांत अस्ति देषि आफु वाङ् को विसन्च वात वेथाले घुंडा बहुतै दुषत छ भन्दा सुन्यौं र संदेह थियो. आज संम संचविसंच भयाको केहि थाहा पाइन निको भयो भयेन. तस्का उतरा जस्ताको तस्तो लेखि पठायाको भया हामि हुकुम अम्बा को मनमा षातिर जामा होला इति अकाश समानको छ्यांलुङ् वर्ष ६० साल एगाह्र मैना मार्ग सिर शुदि ५ रोज ४ मुकाम लाहासा यामन किल्ला शुभम्········ ।

नं० ३ चीनिया अम्बाको पत्र

स्वस्तिश्री ५ चिन बादशाहका हुकुमले भोट लासाको काम काज गर्न्या कुम्पु स्याङ् सु सुन्तारिन् तथा कोस्यली पुसिलान फुठुन् होतारिन् दुइले पठायाको इडसी पत्रम् स्वस्तिश्री ५ गोर्षा अर्तिनिवाङ् रणवहादुरशाह देवेषु·········उप्रांत आफु वाङ्ले पठाइ दियाको चिठि र·· का हजूरमा चढाइ पठायाको षुसिनामाको आर्जिमा हामि हुकुम अम्बा दुइले हेर्दा बहुतै षुसि भयौं तसर्थ आफु वाङ्ले चह्राइ पठायाको तास् थान २ लिविलिऱ्या तरवार १ व्याहा आइ पुगनि विन्ति अघि विंति गरि पठाइ···

का हजूरमा चह्राइ पठाव्यौं तेस्मा·········वाट पनि आफुलाइ बहुतै मेहेर हुन्या छ. आफु वाङ् पनि षातिर्जमा गर्नु होला उप्रांत आफना काका कु ( घु ) ङ् वाहादुर्साहले आफनै नांउको अर्जि १. चह्राइ पठायाको रहेछ. ति भन्या······को रीतमा एस्ता तह्र संग चह्राइ पठाउन्या दस्तुर छैन औ आफ्नु काकाको चिठिमा लेष्याको······को दर्शन गर्न जान्या मन्सुव छ भनि लेष्याछन् एस् कुरोलाई······को दर्श गर्न जांछु भन्या जानु छ र यस्कुराको वाट आफु वाङ्ले थाहा पायाको छ छैन वाँकि कुङ् वाहादुरसाहा भन्या आफ्ना काका भयो तपनि आफु वाङ्को भारादार हुन् परन्तु आफु वाङ्को मनमा त काका······को दर्शन गर्नुलाई पठाइ दिनु त छ भन्या छैन् पत्र देषत चांडो उतारा पठाइ दिनु होला आफ्नु काकालाइ पनि सोघनि गरि······का हजूर विस्तार गरि वस्न्यागरि जांछौ कि······को दर्शन मात्रै गरि काठमाडौं फर्कि आउनु छ भनि निस्तुक चादो पठाइ दिनु तव··· का हजुरमा विंति गरि पठाउँला र आफुहरू काका भतिजलाई चिठि पठाइ दिउँला आफुले पनि बुझनु होला उप्रांत आफु वाङ्ले काका त व्याहा पठाउनु छैन भन्या चांदै उतरा लेषनु हामि हुकुम अम्वाले पनी आउनै पर्छ भनि धेपि गर्न्या छौन, तेस्मा आफु वाङ् षातिर्जमा राषनु आफुलाई पनि प्रेम प्रीति गरि अर्ति उपदेस दियाको हो यस्तो अर्ति उपदेस दिनु वाहेक रेणु भर पनि अर्को तह्र गर्न्या छौन उप्रांत आज आफु वाङ् पनि उमीर वढी काज काम सव आफुले सामर्थ हुनु भया सब आफैने गर्नु जोग्यै हो तसर्थ सब काज काम वनाइ जस्ताको तस्तो नितिथिति संग आफु मनिका मानीस्लाई सुष आनन्द गरी······कन पनि अघि भन्दा वेस गरि बहुते २ मान भाव गरि रहनु अरू साँधका भाइ राजा सित पनि मिली आफ्नु मुलुक सह्यारीकण वस्नु भया अज जुगजुग भरि सम्म······को बहुतै बहुत ठुलो मेहेर मानगी हुन्या छ होला वाकि यस चिठिका संगमा काका कुङ लाई चिठी १ पठाइ दियाको छ आफु वाङ्ले काकालाई सोपि देउ

उपर आफ्ना चिठिमा लेष्याको शरिर्मा विसंचका कुरोलाइ अवत निको हुन्दै आयो भन्दा सुनि हामि हुकुम अम्वा २ को मन्मा बहुतै हर्ष लाग्या अभ पनि आफ्ना क्षेम शरिर को बहुतै संभार गर्नु होला इति नया साल च्याछिं ञ्त्रांङान १ प्रथम मैन्हा माघ सुदि रोज मुकाम् लासा यामन् शुभम् ।

## नं० ४ बहादुर शाहको बिराउँसम्बन्धो लालमोहर

श्री दुर्गासहाय

श्री दक्षिण काली

श्री बादसाह

स्वास्तिश्री गिरिराज चक्र चूड़ामणि नरनारायणेत्यादि विविध विरुदा वलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज रण-बहादुरसाह बहादुर सम्सेर्जङ्ग देवानाम् सदा समर विजयिनाम्—

आगे काजि रणसूर पाँडेका छोरा सर्वजोत पाँडे सर्दार जसिवन्त भंडारेका भाइ चामु भंडारी उमर अजीत षड्का ल्हासा पुगी दुई ताजोन्सा हजुरमा जाई मोठो पारि बिन्तिगरि काज पुऱ्याउनाको सवाल लेषि वक्स्यौं—

बहादुरसाहले विराउँ गऱ्याको सवालको तप्सील

प्रथम सवाल—श्री वुवाज्यु महाराज प्रतापसिंह साहलाई काटि टाउको लुकाउनु ढाड दिस्ताको भ्यालबाट षसाउनु सरुप काजिलाइ पनि काटनु अचारहरूलाई पनि काटनु भनी कान्छा चौतारा दलमर्दन साहि र अकर्मी बहादुर साही अरू वाजे आदमी समेत एकान्त वसी मतो गरी ठहरायाको रहेछ तस्ता बीचमा शत्रुसालले त्यो मतो सुनी श्री वुवाज्यु महाराज प्रतापसिंह साहका हजुरमा आई वृतान्त विंति गऱ्या छन् त्यो षवर सुनी रातमा दोहरी तरवार वांधी केटाहरू ढोकामा भ्न्याङमा बस्याछन् श्री वुवाज्यु महाराज प्रतापसिंह साह

पनि विछाउनामा दोहोरो तरवार राषि सुकुला हुन्थ्यो अब त यो षवर जाहेर भयो भनी अकर्मा बाहादुर साही कान्छा चोतारा दलमर्दन साहिका घर जाई बस्यो यो षबर सुनी श्री वुवाज्यु महाराज प्रतापसिंह साहका हुकुमले सवुज कंपनी पुराना श्रीनाथ कंपनि जाइ चौताराका घर घेऱ्या दुवै जनालाई बंद गऱ्या दुवै जना लड्न तयार भया त्यो षवर सुन्दा घर पोलना को मतो भै तैयार भयाको हो तस बीचमा जेठी मैन्या र ठुलो कान्छी मैन्या बीच पसी घर पोल्या ता स्वानिहरू मर्नन् र अपराध होला ई लड्न पावैनन् हामि साँध वाहिर निकासि दिंछौं भन्दा बढिया भनी जेठी मैन्या ठुलो कान्छी मैन्या विश्वनाथ मिस्र बलिराज मिश्र सबुज कंपनी सरदार रामकृष्ण कंवर जोग मल्ल थर घर सभै जाइ चेप्पा तारि दिया— १.

दोश्रा सवाल—श्री महतारीज्यूलाई नहुँदो वातलाई नेल हाली सर्वजीत, रानालाई पनि काट्यो श्री महतारीज्यूलाइ भोट पुऱ्याउनु मलाई मारी दाष चोकको इनारमा पुरनु भनी मतो गर्दा पाँचले श्री महाराजालाई पनि क्या पो गऱ्या भनी सब पाँच विष्णु देवलमा आई श्री महाराजाको दर्शन नगरी तम्रो अह्रायो गर्दैन भन्दा थाहा पायेछन् भनी पाँचका डरले हनुमान ढोका माथिका सुनका झ्यालबाट मलाई देषायो श्री महतारीज्यूले न्या मागदा पाँचले न्या मागदा अरू पनी पाउँछन् र श्री महाराजा का महतारी न्या क्यान पावैनन् भन्दा ठहर्न सकेन कायल भै फुन पस्यो—

तेस्रो सवाल—कोतका छिंडीमा मथुरा भन्याकी तनहुंकोट्या केटी बस्याकी थिई अकर्मा बहादुर साहीले दिन १५ सम्म उसै छिंडीमाम जाई षुसामद गरी मथुरालाई तँलाइ रानी भन्दा बडो मान गरी भित्र्यानी तुल्याइ राषुंलो. त्यस रानीलाई केही जुक्तिले

विष पुवाई मारिदे भनेछ. यति काज तैंले गर्नु रानी भन्द्या बडो मान गरी भित्र्यानी तुल्याइ राषुँला भनी कागत लेषी दियाको रहेछ. मथुराले पनी कबुल गरी एक दिन श्री मह तारीज्यूका ज्यूनारका पानीमा विष हालो ल्याइछ. दैव इच्छाले श्री महतारीज्यूले यसमा त केही कपट छ भनी थाहा पाउनु भयेछ र मथुरालाई कायल गर्दा अकर्मी बहादुर साहीले लेषि दियाको कागत देषाइ कायल भई यस्ता पापिनीलाई याहाँ राषन्या होइन भनी भोट धपाया········ ३.

चौथो सवाल—कुकर्मी बहादुर साहीको विवाह गर्न गोर्षा जाँदा बोलोङ घाटमा वास भयाका दिन अकर्मी बहादुर साहीले भित्र्या षट् संग बसी अब त व्याहा गर्छौं सन्तान होला यसलाई मान्या हो भनी मलाई बिछाउना समेत गर्न्दा भन्याको षालामा बगाउँ भनी मतो गर्दा जेठी मैञाले थाहा पायेछन् र मलाई बाहिर न सुत भित्र सुतन आ भन्या सँधैं बाहिर सुत्थ्यां आज भित्र क्यान म ता केटाहरू संग षेल्न पछ यहां सुत्छु भनी मैले झगरा गरी रोयो र बलै सित भित्र सुताइ बचाया ·····४

पाचौं सवाल—म संग षेल्न भनी तुल्याइ राष्याको पटका कम्पनी बिना-हकमा मासी जेठी मैञालाई धपाई इन्दु द्वार्‍या, जसकर्ण षवासलाइ विना अपराधै आँषा झिकि दियो, भक्तबीर र जरावर अजिटनलाई अन्या गरी बिनाताक सिरै काटी दियो. उसै समयमा मलाई कोठामा थुनो नजरबन्द राषी कबौ-लाउनु भनी मतो गर्‍याछन्. म बिहाने उठि बाहिर निष्कन षोज्दा बन्धु रानाले बहादुर साही केही बिन्ति गर्छन् भन्न आउँदा चाँडो डाकि ल्या भनी पठायाँ अकर्मी बहादुर साहीले ढील गर्‍यो र म तबेला मा जाइ छयाई छयाइ अघोर भैरव कुखुरा जुझाउँदाका बीचमा फेरि बन्दुरानाले आइ बहादुर

साही क्या बिन्ति गर्छन् भन्यो क्या हो भनी मैले सोद्धा महिष फलसम्म पाउलाग्न हवस् भनी बिन्ति गऱ्यो लौ भनी जाँदा षाली मोहर गोटा पाँच गरायो बन्दु रानालाइ आफ्ना कोठामा लैजाइ श्री महाराजा लाइ क्यान बाहिर निस्कन् दिइस् भनी सारै षै गऱ्या······ ५

छैठौं सवाल—सिकाजुंग हान्याका वर्ष·········को दर्शन गर्न जांदा मलाइ मार्नाका निमित्त मसानमा प्रयोग गर्न लाग्याको रहेछ, श्री··· ······को दर्शन गरी फर्की आउँदा बाटोमा १ बेर झारा भयो ५ बेर बमन भयो पछिबाट त मुखबाट रगत पनि आयो घडी ३ मुर्छा पनि भयो र तेस्तै विचमा मस्तराम भन्याको नाउ वैद्य आयो र कुसले र मुजुरका पुछरले झारी घडी चारमा निरो गरायो मानिस चिन्ह्या तुल्यायो दिन ६ मा निको भया— ६

सातौं सवाल—वसन्तपुरमा बैठक बनाइ वस्याका ताकमा म सुकुला गर्न भनी भित्र गयापछि १८ घडी रातका बीचमा अकर्मी बहादुर साहीले तरवार झिकी एउटा केटा साथमा लिई टोपी र मयल पोसलाई पटुका पनि नबाँधि आयेछ र राजा कहाँ छ राजा कहाँ छ भनी वसन्तपुरका तल्लो बैठक सजन्या पसटारिया केटाहरू छेउ सोधे छ केटाहरूले भित्रीहुनु भयो भन्याछन् तेस्तै बीचमा मोतीलाल भन्याको कुकुर षान गयेछ र अकर्मी बहादुर साहीले कुकुर क्यान नबाँध्याको भनेछ उसै कुकुरलाइ तरवारले हाने छ र ढुंगामा तरवार लाग्दा आगो पनि परेछ— ७

आठौं सवाल—नुलछे ( न्हुलछे ) बैठकमा मेरा कन्ढापरी आफ्नै हातले अकर्मी बहादुरसाहीले मोहोर मार्दो रहेछ एक दिन ता नुलछेका पुरानु बैठकमा मोहोर माऱ्याको मेरै नजरले देष्यां— ८

नवौं सवाल—राती सुत्यामा मलाई मार्न भनी आधारातका बीचमा कुकर्मी बहादुर साही आउदा पुनी धाइले ढोकामा चुकुल हाली सान्है थुन्याको रहेछ र तरवारले ढोकामा हानी फर्कि गयेछ— ९

दसौं सवाल—मलाइ अकर्मी बहादुर साहीले तीन सलाम गर्दैनथ्यो यो कुरा सारा दुनियाले देष्या जान्याको छ— १०

एघारौं सवाल—अघि हाम्रा पुरुषा गोर्षाका राजा रामसाह र थान्च्यो षिम्बाले घा गरी यक घर यक चित्त भै मिलि रह्यामा हिजो पुरुषाले वोल्या बाँध्याका का (म) फाली भोटसित जुझनामा पसी देउता बिगारी गुम्बा भतकाइ नासि दियो आफुले मानि आया को..........सित अफसरिया पारी देस झन्डै डुबायो थियो श्री......को ठूलो दया करुणाले हाम्रो देश थामियाको हो— ११

बाह्रौं सवाल—हाम्रो देसमा फिरंगी कैले नल्याउनु भनी पुरुषाहरूले भनि गयामा आफुले मुखपेट यकचित्त गरी मानि आयाको श्री......संग जुझन भनी फिरंगी ल्यायोथ्यो ल्यायोथ्यो तपनि आकाशसमानको श्री......को कृपाले थामी बक्सनु भयाको हो— १२

इति सम्वत् १८५४ साल वैसाष वदि रोज २ मुकाम् कान्तिपुर शुभम् ।

## नं० ५. पूर्वीय क्षेत्रको जग्गा जाँचको अख्तियारी लालमोहर

"स्वति श्री मन्महाराजाधिराज कस्यरुक्का...

आगे रामदास पंथ नारायण अर्ज्याल इच्छानन्द बराकोटि दसरथे बानिञा दल्याथापा रामचन्द्र बस्न्यात् रामचन्द्र राना प्रभृति सिंधुनालदुम पूर्व दूधकोसी पश्चिम महाभारतका डांडादेषि उत्तर लिस्ति र भोटको सांध देषि दषिन यति भित्रको जग्गा जिमि तप्सिल माफिक जाच्न तिमिहरू लाइ भारा लाञ्यूं षातिर्जमासित जाचका सवाल वमोजिम गयाका काज थामि बक्सौंला—

### तप्सील

प्रजाका किपट राजाले दियाका तावापत्र र तारपत्र भोजपत्र मोहर जाँचनु जाँचदा पक्का ठहरिया सलामि लीथामि दिन— १

औल मुरि २० के रुपैया ४, दोयम मुरि २० के रुपैञा ३, सिम् मुरि २० के रुपैञा २, जसमा पत्र छैन सिक्रिया प्रजाके मिझाऱ्याके मुरी ४० वेठ वेगार डोको बोको गन्यां कुन्र्यां कुरियाके मुरी ३० थामी छुट्याइ दिनु गाउको सेवा बिर्ताको मोहर गराइ दिनू मोहरको सलामी बीसको आठ आना दर्ले दर्सन भेट लिनू बढ़ता झिकि लिनू— २.

औलिया प्रजाके मिझाऱ्यका मुरि ६० वेठ वेगार डोको बोको गन्यां कुरियाके मुरि ४० थामि छुट्याइ दिनु गाउको सेवा बिर्ताको मोहोर गराइ दिनु मोहोरको सलामी बीसको आठ आनाका दर्ले दर्सन भेट लीनु बढता-झिकि लिनु— ३.

हाम्रा मोहोर भयामाँहा काजका जोरले कच्चा पक्का न बुझी कट्टै भयाको भया आज जाची बुझी गर्नु— ४

नेपाल्या राजाले मयावि दियामा घड्यारी वारी चाहिदो पाषा थामि दिनु बढता पाषा र षेत झिकि लिनू— ५

मोहरिया छाप जोग्य अजोग्य पऱ्याको हेर्नू मोहोरमा नलेषियाको षेत झिकिलिनू— ६

इति सम्वत् १८४८ साल मिति श्रावण सुदि २ रोज २ शुभम्—

## नं० ६. मुसेदिलको नामको हिन्दी लालमोहर

स्वस्तिश्री मन्महाराजाधिराजकस्यरुक्का—

आगे मुसेदिल पेसी ( ? ) साहेबके नञा कार्षाना तोप्वम् पल्टंका इलम सिषलावनेकौं सर्दारी मान करबकसा है तुम्हारे षायल दमाँहा मार्ग सीर सुदि ३ महिना वारि रुपैया ५०१ पान्सय येक् करबकसा हैं वारा जिल्ला का आम्दानीमध्ये सुवा मार्फत् सालवसाल् लेके भोग्य करो औ हनुमत्ध्वज कंपनी तैनाथ कर वक्सा हैं नञा कार्षाना मेग्जीनका काम नञा-नञा इलम् तोप् वम् पल्टंका कवाइत् सिषलाउना मेषज़ीन गैरह

कार्षानाका आदमी तुम्हारे तैनाथका कंपनीका आदमि ए सव्का चुकली विंति तागिरी वाहाली तंम्बीह इलम् तुम्हारे मार्फत् करवक्सौंगे लडाञी-भिडाञी सव काम्मो हाजीर रहा करो इति सम्बत् १८५० मार्ग सुदि ३ रोज ६ शुभम्—

---

## नं० ७ कारीगढहरूको विदाविषयको लालमोहर

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का—

आगे·· ·······हुकुम् ठंडाका दिनमे छव घड़ी दिन आये पर कार्षानामे सब कारिगढ हाजीर होना। गर्मिका दिनमें चार घडि दिन आये पर हाजीर होना। साम् तके काम करके घर जाना कार्षानामे हाजिर रहना पर्वत्या कारिगढ आफ्ना बाबुका श्राध्ये दसै तीहवार माध्या संक्रांति साउन्या संक्रांति आफ्नु व्याह छोरा छोरीको व्याह नेवार कारीगढी दसैं तिहवार सना गुठि देगुल पुजा विचार गुठी श्रीमुकुट जात्राको दिन १ को छुट्टी बक्सा गया हैं आफना घरमे रहना आफ्ना काम कर्ना इस् माफिक जो आदमी दीन् रहते मे जायेगा तिस्का तमीह होगा औ दर्माहा में कमी होगा।— १

हुकुम जौन आदमी अच्छि तरहसौं मेहनति करेगा अछा काम् बनावेगा जल्दि अकिल् ल्यावैगा हुकुम् रषेगा कुछ तक्सीरका काम् नकरैगा तिस्की दर्माहा बढ होगा औ इलाम होगा।— १

हुकुम् जौन आदमि षिलाफ वातका झगरा चुकलि करेगा औ चोरी करेगा बाहरका काम कार्षाना सिलागा हुकुम् वमोजिम् नकरैगा तिस्का तमहि होगा कार्षानासौ निकाल जायेगा तिन्सौं गुनहगारी ली आजायेगा। १

| पर्वत्या कारिगढका दिन मिन्हा | | नेवार कारीगढके दिन मिन्हा | |
|---|---|---|---|
| दसैको दिन | ६ | दसैं दिन् | ४ |
| माघ्यासंक्रांति को दिन् | १ | विचार गुठि दिन् | १ |
| चंडी पूर्णीमासी दिन् | १ | घोडा जात्राको दिन् | १ |
| रिषी तर्पन् दिन् | १ | माघ्या संक्रांतिको दि | १ |

| | | | |
|---|---|---|---|
| तिहार दिन | ३ | सिठी नखः दिन् | १ |
| फागुण पुर्णिमा परेबा दिन् | १ | भदौ चौठी दिन् | १ |
| हरिसैनि यकादसि | १ | हिल्या जात्राको दिन् | १ |
| कुस्या औंसी दिन् | १ | तिहवार | ३ |
| हरिबोधिनी यकादसी | १ | देगुपूजा | १ |
| चैत्र अस्टमी, नवमी दिन् | २ | आफ्ना बाबुको श्राध्या | १ |
| श्रावण संक्रांति दिन् | १ | फागुन् पुर्नमासी परेवा दिन् | २ |
| सराधको | १ | साउन् पुर्नी | १ |
| ( जम्मा २३) | | वाडा जात्रा | १ |
| | | सनागुठी | १ |
| | | जात्राको दिन् | ३ |
| | | चैतदसै | १ |
| | | घंटाको चतुर्दसी | १ |
| | | कुस्या औंसी | १ |
| | | कार्तिक पुर्निमासी | १ |
| | | | ( जम्मा २७) |

इति संवत् १८५० सालमा मार्ग सुदि ३ रोज ६ शुभम्—

---

**नं० ८ सम्वत् १८५५ सालको ताँवापत्र गर्ने भारादाहरूको नामावली**

१—गुनदेवका नाति धिर्जका छोरा डिट्ठा लक्ष्मिनारायण

२—षरिदार राम जैसी

३—प्रताप थापाका नाति अमरसिं-थापाका छोरा भक्तिथापा

४—हरिकृष्ण खड्का का नाति काली-दास खड्काका छोरा राघवसिं खड्का

५—ऐेका नाति, ऐका छोरा रवि सिं खडका

६—सरदार अमर सिंह थापा

७—श्री नरभूपाल साहका नाति श्री मोद्दान साहका छोरा चौतरिया बलभद्र शाह

८—वली पाँडेका नाति तुलाराम पांडेका छोरा रणजित पाँडे

९—सिउराम बस्न्यातका नाति नाहसिं बस्न्यातको छोरा इन्द्रसिं बस्न्यात

१०—नरभूपाल शाहका नाति दल मर्दन शाहका छोरा कुल चन्द्र शाह

११—सत्यधर खनाल

१२—नर थापाको नाति अंगत थापाको छोरा सुवा पसुराम थापा

१३—सीताराम जैसीका नाति विरंची जैसीका छोरा जेठा बुढा वेनुधर जैसी

१४—भारथ रानाका नाति लछिमन रानाको छोरा सर्दार प्रतिमन राना

१५—अैरान् कँवरका नाति जयकृष्ण कँवरका छोरा चन्द्रवीर कँवर

१६—श्री विर्वाहु शाहका नाति श्रीवम-शाहका छोरा घरशाही

१७—विस्नुधरका नाति गंगाधरका छोरा टक्सारी भीम

१८—चिन्तु गुरुंगका नाति सोभात गुरुंका छोरा काजी नरसिं

१९—शिवपति मिश्रका नाति रामचन्द्र मिश्रका छोरा नन्दु मिश्र

२०—वलि पाँडेका नाति तुलाराम पाँडेका छोरा कपर्दार भोटु पाँडे

२१—श्रीकृस्न जैसिको नाति वाला नन्द जैसीका छोरा सुवेदार नानाखंड

२२—विराज लामाका नाति जसकर्न लामाका छोरा पिहुवर लामा

२३—गंगाधर पाँडेका नाति सिरै पाँडे-का छोरा जगजित पाँडे

२४—जैराज रानाका नाति जसिवन्त रानाका छोरा जेठाबुढा अमरसिं राना

२५—जैराज बस्न्यातका नाति सिद्ध राम बस्न्यातका छोरा काजी अभिमान सिंह

२६—पुष्करनाथ थापाका नाति हरिहर थापाका छोरा देवीदत्त थापा

२७—शिवनारानका नाति हरिकृष्ण वैद्यका छोरा एकदेव वैद्य

२८—शिवराम बस्न्यातका नाति कहर्सिं बस्न्यातका छोरा जहर्सिं बस्न्यात्

२९—जगदेउ थापाका नाति अचर-थापाका छोरा अजय खवास

३०—श्री विर्वाहु शाहका नाति श्री दिलिप शाहका छोरा श्री ज्यान साह

३१—डिठ्ठा बलवन्त राना

३२—सत्यधर पंडितका नाति चक्र पंडित का छोरा पुरोहित दैवज्ञ केसरी

३३—गजसिं भंडारीका नाति पारथ भंडारीका छोरा सर्दार जसिवन्त भंडारी

३४—विर्वाहु शाहीका नाति जीवशाह-का छोरा प्राण शाह

३५—ऐंका नाति ऐंकाछोरा शमसेर शाह

३६—पादासिं थापाका नाति गजराज थापाका छोरा सर्दार इन्द्रसिं

३७—मोचेश्वर जैसीका नाति महेश्वर पंडितका छोरा पुरोहित देवीदास

३८—नरशाहका नाति शिवनारान शाहका छोरा सुब्बा पुरन शाही

३९—महेश्वर भंडारीका नाति वासुदेव भंडारीका छोरा सुवेदार कालु खवास

४०—प्रताप गुरुंका नाति बिन गुरुँका छोरा धनवर खवास

४१—शिवराम बस्न्यातका नाति केहर्सिं बस्न्यातका छोरा काजि कीर्ति-मानसिं

४२—हुत्या द्वाऱ्याको नाति वंसु द्वाऱ्याका छोरा वाकर्सी

४३—कालु पाँडेका नाति वंसराज पाँडेका छोरा रणवम पाँडे

४४—अजित शाहका नाति गिरिद्वाऱ्याका छोरा भवानन्द द्वाऱ्या

४५—जैराम बस्न्यातका नाति शिवराम बस्न्यातका छोरा नाहरसिं बस्न्यात

४६—मोक्षेश्वर जैसीका नाति लोकेश्वर जैसीका छोरा आचार्य भुवनेश्वर

४७—श्री जलाल साहका नाति श्री दानसाहका छोरा श्री बुढा दल मर्दनसाह

४८—अहिराम कंवरका नाति रामकृष्णकंवरका छोरा सुवा रनजित कंवर

४९—सुकदेव पाध्याका नाति श्रीकृष्णपाध्याका छोरा विचारी देवहरी

५०—हिरामनि खत्रीका नाति धनराज खत्रीका छोरा डम्बर षत्री

५१—डम्बर घलेका नाति कालु घलेका छोरा सर्दार अंगद

५२—श्री नरभूपाल शाहका नाति श्री पृथ्वीनारायण शाहका छोरा चौ० रनसिं शाही

५३—मुरलीधरका नाति मुकुन्द वराल का छोरा विचारी चन्द्रमुनि

५४—विक्रम थापाका नाति वीरभद्र थापाका छोरा सर्दार अमरसिं थापा

५५—श्री भीमराज पाँडेका नाति श्री कालु पाँडेका छोरा काजी दामोदर पाँडे

५६—मुरलिधर ओझाका नाति कृष्णनन्द ओझका छोरा धर्माधिकार विद्यानन्द ओझा

५७—कृष्णदेवका नाति जग्येश्वरका छोरा मेलख्रा वैद्य

५८—श्री चन्द्रुपशाहका नाति श्री विर्वाहु शाहको छोरा हस्तदल शाह

५९—ऐंका नाति ऐंका छोरा रुद्र वीर शाह

६०—ऐंका नाति ऐंका छोरा चौतारिया वम् शाह

६१—श्री पृथ्वीनारायण शाहका नाति

६२—ऐंका नाति ऐंका छोरा चौतारि

श्री प्रतापसिंह शाहका छोरा चौतरिया विदुर साह

या शेर बहादुर शाह

६३—धनवंतका नाति विन्नरसिंका छोरा काजी त्रिभुवन

६४—लछिमन अधिकारीका नाति विस्नु अधिकारीका छोरा डरोगा जस्या षवास्

६५—सुवेदार बलवंत रोका

६६—शक्ति वल्लभ

६७—कर्न बस्न्यातका नाति वांग्या बस्न्यातका छोरा नजिकि गजसिं बस्न्यात

६८—जेठा बुढा करुनाकर

६९—तुलाराम थापाका नाति धनराज थापाका छोरा सुवेदार हेमकर्न थापा

७०—बलभद्र पाध्याका नाति वैजनाथ पाध्याका छोरा खजांची जगत

७१—वालानन्द पाध्याका छोरा डरोगा दयाराम पाध्या

७२—हरिपाध्याका नाति शिवानन्द पाध्याका छोरा षनाल भानु पाध्या

७३—जै खत्रीका नाति अकबर खत्रीका छोरा सुवेदार रामचन्द्र खत्री

७४—पापखत्रीका नाति जसकर्न खत्रीका छोरा सुवेदार रनजित खत्री

७५—चन्द्रमणि रानाका नाति रामसिं रानाका छोरा बदलसिं राना

७६—शिवनारायणका नाति शिवशंकरका छोरा खरदार विस्नुशंकर

७७—जसकर्न बोहराका नाति जैभद्र बोहराका छोरा हरि बोहरा

७८—कासिराम बुढाका नाति जैराम बुढाका छोरा सुबेदार मानधर

७९—हेमकर्ण पाध्याका नाति धर्मागत पंडितका छोरा झिल्ली झंकार

८०—मलयबमका नाति रमेश मल्लका छोरा शत्रुभंजन मल्ल

८१—तुलाराम पाँडेका नाति जगजित पाँडेका छोरा दलभंजन पाँडे

८२—जैराम रानाका नाति जसिवन्त रानाका छोरा अम्बरसिं

८३—दशरथ पाध्याका नाति घनश्याम पाध्याका छोरा चन्द्रशेखर पाध्या

८४—चिकढिका नाति भिख्वालको छोरा आनन्दसिं वैद्य

८५—सवल द्वाऱ्याका नाति हंसमणि द्वाऱ्याका छोरा इन्दु द्वाऱ्या

८६—गणेश पंडितका नाति जगन्नाथका छोरा सुवेदार वालासिं

८७—मनिधर पाध्याका नाति सत्यधर पाध्याका छोरा सुब्बा दीनानाथ

८८—सिताराम पाँडेका नाति मणि पाँडेका छोरा सर्दार कालु पाँडे

८९—डम्बर भंडारीका नाति जैसिं भंडारी का छोरा जगदिड भंडारी

९०—विस्तुहरि जैसीका नाति रामेश्वर दाहालका छोरा डिट्ठा साँढ्या वैद्य ।

९१—दरोगा जैसिं खवास ।

९२—मनोहर राउतका नाति बहादुर राउतको छोरा सुबेदार वासुदेव राउत ।

९३—वीरेश्वर कार्कीका नाति जयभद्र कार्कीका छोरा सुवेदार रामसिं ।

९४—अग्निधर पाध्याका नाति दसरथ पाध्याका छोरा खजांची श्रीकांत पाध्या ।

९५—देवानन्द जैसीका नाति महेश्वर जैसीका छोरा बल्लभ वैद्य ।

---

## नं० ९ सं० १८५५ को रणबहादुर शाहको ताँब्रापत्र

"आगे गुरु प्रोहित चौतारा काजी भारा पंच थरघर प्रजा चार वर्ण छतिस जात गैह्र प्रति मैले राज्यको भोग जति गर्ना हो सो गऱ्या अब उप्रांत संसार त्याग गरि परलोक सुधारना निमित्त देवता पर भक्तिलाई तपस्या गर्दछु राज्यका संभारलाई मेरा इच्छाले श्री कान्छा रानीतिरका पुत्र श्री गिर्वाण युद्ध विक्रम साहलाई मेरा भरमुलुकको रजाञि गादि बक्स्याँ यो जांन्या बुझन्या नहुंज्याल सम्म कान्छा महारानिले राज श्री गिर्वाण विक्रम साहलाई काषमा राषि

न्यायवि गर्नाको अषतियार बक्स्याँ, श्री गुरू प्रोहित भारा थर-घर प्रजा पंच चारवर्ण छतिसै जात सबै गैह्र छोटा बडाले जस्ता तरहसंग आज सम्म मेरा हुकुममा चली मानी रह्याका थियौ आज उप्रांत तस्को द्विगुण गरि आफुले गऱ्या लेष्याको कवुल धर्म संभी निमकको भाउदो गर्नाको वन्देज सवाल लेषि बक्स्यौं चह्राञ्या—चौताराले गर्न्या काज काजिहरूको जागिरी वहाली गराउँदा जौना काजीले घा घरसार न्या कटक विगार्छ उसैलाइ श्री राजाका हजूरमा विंतिगरी हुकुम ली षोसनु निमकको सोझो बुद्धि मंत चतुर सुरो काज लायक मंत्रणामा पोषत भयाका मानिसलाई तजविज गरि थामिन्या पगरिसित मतो गरि श्रीराजाका हजुरमा विंति पारि हुकुम ली दर्शन गराउनु काजिहरूले निमक छाडी कामकाज विगार्नामा पस्या वुझी निश्चय ठहराई श्री राजाका हजुरमा विंतिगरि हुकुम ली विराया माफिकको सासना गर्नु ढुंगाको सप्रन्या वन्न्या कुरो हजूरमा पनि विंति गर्नु काजि भारालाइ पनि बन्न्या सप्रन्या कुरो भन्नु—४ काजिले गर्न्या काज चौतारालाई मतोमा राषि ४ काजिले घा घरसार न्या कटक ज्या परि आउँछ निमक र आफु आफुले लेष्याको तामापत्र संभी ढुंगाको वन्न्या सप्रन्या सव्य काम सल्लाहसित काज गर्न्या रानि छेउ विंति गरि गर्नु, पूर्व पश्चिमका संभार मुलुकका बंदोवस्तलाइ चारकाजिका लायकका भाइ २ मा यकाले सर्दार समेत भै पश्चिम येकाले सर्दार समेत भै पूर्व जाई वर्ष २।२का पालासंग वस्नु श्री राजा जांन्या नहुन्ज्याल सबैले मिलि रहनु पेटमा कति कपट नराषि सवै मिली सुमना भै काज गर्नु ढुष्या वाहिक सवैले दर्वार आइ यकै कचहरि यकै गोल भै परि आयाको कुरो गर्नु कचहरि वाहिक अंत वसी फुटफाट भै कुरा कसैले कसै संग नगर्नु वरमा काज काम नभै काज छ भनि नदुषी दुष् छु भनि ढाँटि घर नवसनु भैयादसंग मिलन्या मतो जतो गर्नु काज परि आयामा असल जातका भैयादसित लडाञीका काज वाहिक अरू काज घरसारको मतो नगर्नु सुपाव षेलन्यालाई कचहरिमा पनि राषनु काज पनि लाउनु ज्या परि आयाको काम जानि बुझि नलम्याउनु चाडो छुट्टि गर्नु जसुकैले हवस् देस वढन्या आमदानि हुन्या वढिया वन्न्या कुरा गऱ्या साना

जातिताको पनि कुरा सुन्नु चाहिंदो जाहारि गर्नु निमक्को सोझो अकल्दार मानिसलाई वढिया वढिया काम सिषाउनु कचहरिमा राषनु लेष्या वाध्याको बंदेजमा नरही विराज्यू गर्न्यालाई श्री राजाका काममा काजि सर्दारले अह्रायाको नमांन्या भैयाद भित्र पस्न्या घर-घर कुरा कागत हिडाइ राजिक गरि षेल मचाउन्या लायाको काज छोडि उल्टो काज गर्न्या आपस्मा झगडा गरि षामिद्को विगार्न्या आफ्ना देस दर्वारको छेद भेद विराना मुलुकमा लेख पढ गर्न्याहरूलाई घुस षान्या अन्याय गर्न्या विचारिलाइ लायाको काज नगर्न्या अरू-अरू भित्र पस्न्या काफर सुबेदारलाई काजिले चौतारलाइ राषि ठहराइ हजुरमा विंति पारि विराज्यू र जात विसेष हेरि काटन्यालाई काटनु धारनालाइ धारनु मुडन्यालाइ मुडनु आँषा भिकन्यालाई आँषा झिकनु देस निकाला गर्न्यालाइ देस निकालनु चौतारा काजिले पनि एति सवै कुराको समझना राषि वुझि विचार गर्दै रहनु अरू केहि नव्हा ठुला काज परिआउदा गादिको वंन्या सप्रन्या पगरिलाइ जस हुन्या भाराका सम्मतले रानिको हुकुम ली आँटि गर्नु मुलुक सब आवाद गराउनु वट्कार दि थामि काला वंजर बसाउनु कुलो लागन्या ठाउमा षेति विह्नाउन लाउनु मुलुक गुलजार गराइ रैति राजि राषि ज्मा वढाउनु चोरि ढाटि षान्यालाइ तेवर दाम पनि लिनु सासना पनि गर्नु बेजाइ बढता कलम वढाइ रैति विजाइ रकमै विगार्न्यालाई माल सवै सोषत गरि लि हात काटि नाना तरहका सासना गर्नु मोहर कारोवारि काजिले दर्वारमा आफना जिम्मा राषनु चिठिं रुक्का चारै काजिले वाँचि मोहोर गराउनु श्री राजाको वन्न्या सप्रन्या काज कुरा आफुले गर्न्यासम्म वोल त्रिति वढिया काज गर्नु जुन पगरिले ज्या काम गर्न्या अंगाकार हो उ काज उसै पगरिवाट गराउनु उसका हातवाट नपुगि आया लायकको मानिस काज पुऱ्याउन सकन्यालाई पगरि दि काज लाउनु अर्काको रकम कलम दवाउन मिचन कसैलाइ नदिनु जति वाटा वंद गऱ्याका हुन् तस्मा अरू निका मानिस राषि अघिका मोहरमा भया वमोजिमलाइ आउन जान दिनु अरुलाई जकड़-वन्द गरि थुन्नु सहि दि काजलाइ यतावाट झिकाया पठाया वाहिक कसैलाइ

आउन जान नदिनु कोहि नासि भागि जान्यालाइ जान दिया छोडन्यालाइ काटि दिनु कर्ता रानिको हुकुम ली चौतारा काजि वसि पजनि गर्दा निमकको सोझो सुरो कसै भित्र नपस्याको राजैको भाउदो गर्न्या भारालाई थामनु वषेडा गर्न्या काज नआउन्यालाइ षोसि विराउ माफिक काटनालाई काटनु, धारनालाइ धारनु सास्ति गर्नालाई सास्ति गर्नु·········सर्दारले ४ काजि चौतरियाका सल्लाहसित अघि वमोजिम थरघर उमारावको पजनि लायकको सुरो हेरि थामना लाई थामि षोसनालाई षोसनु गढगौंडा बनाइ राषनु घरानिया जान्न्या बुझन्या धर्म चिन्ह्या जातिको मानिस गौडामा राषनु परिआयाको काज चौतरिया काजिका सल्लाहले गर्नु·········बल्लभ वैद्य जग्य वल्लभ वैद्य राधा बल्लभ वैद्य एकदेव वैद्य झिलि झंकार वैद्य साढ्या वैद्य मिल्मा वैद्य ज्ञानन्द वैद्यले व्याहान वेलुका रोजिआ २ बेर सब परियारका नाडी हेरि संच विचंको बिचार गरि वेथा अँसारको औषधि शास्त्र हेरि ठहराइ बनाइ टत्राउनु भान्साकोट भंडारमा सुसाऱ्या केटाहरूलाइ पनि जिउनारलाइ एस्तोचिज टक्र्याउनु भनि उर्दि दिनु साँढ्या वैद्यले आफना कुल देवतालाइ चोषि निति भाव भक्ति गरि नषुन्स्याइ प्रसन्न राषि मेरा परिवार सबको रष रद्दया गर्दै रहनु देवता षुनसियाका छन् आउदैनन् भनि रक्षा गर्नामा कपट राषि पछि सर्न्या नगर्नु सुत्न र भात षान पालासंग जानु अघी पछी सवैले हाजिर रहनु आफुले जान्या सम्मको पेटमा कत्ति कसर नराषि तरह तरहको वढिया भारि भारि औषध बनाउनु पथ कुपथको पनि बिंति गर्दै रहनु आपुसमा कपाल हालाहाल गरि औषध ठहऱ्याउन टत्रयाउन बेर गर्न्या चित्तलाई औषध नगर्न्यालाई जात विषेक हेरि आँषा काढनालाई आँषा काढनु काटनालाई काटनु मुडना लाइ मुडनु———सुकदेव जैसि गौरिपति पाँडे श्रीराम जैसि कुबेर जैसि राजिवलोचन जैसि जयमंगल जैसि र अरु पऱ्ह्याका दर्बारमा प्रवेस भयाका सबै जैसीहरुले आफुहरुले बुझन्या जान्या सम्मको पेटमा कत्ति कसर नराषि नलुकाइ मेरा परिवार समेतको ग्रह

गोचर लागो भागो एस्ता तरहले भयाको छ यतिदिन रहला यति सम्म बढला
व्याहादेषि घटला भनि विचार गर्दा आयाको नीको ननोको जस्ताको तस्तो पेटमा
कत्ति कपट नराषि सबैले येक वाक्यता गरि विन्ति गर्नु घटिया ग्रह गोचर
ठहऱ्या ठुलो उपाइ दान जप पाठ पुजा विंति गरि गराउनु यस्तै होला भनि
नठहराइ ढाटनामा पस्या दुस्त ग्रह नटार्न्या दान मात्रै गराउन्या गर्न्या तसलाइ
आंषा झिकन्या मुडन्या सासना गर्नु———फिलषानाका र अस्तबल षानाका
दरोगा सवारि डिट्ठा साहानि चिरुवादार माहुत्या घासिहरुले गर्न्या काज
पाल्ह्याका हाति घोड़ा जति छन् तन सबैलाइ मसला घाँस दाना पानि बेला
बेलामा ष्वाउनु बस्न्या जगा पनि सैनि सोहोरि साफ गरि राषनु केहि वेथा
लाग्दा दुषदा पिर्दा काजिहरू छेउ भनि जान्न्या जान्न्या वैद्यलाइ डाकन पठाइ
ठुला औषधि झारफुक् पाठ पूजा तनमनलाइ गराउनु चाहियाको औषधि
मसला गैह्र सराजाम काजि षजांचि छेउ प्यादा लागि मागि ल्याइ काज लाउनु
सवारि सिकारिका भया हाति घोड़ा कसि तयार गरि अवसर पाया हजुरमा
विंति गरि नपाया काजिहरु छेउ सोधि देसि विदेसी घरका लायक मानिसलाई
सवारि गराउनु हुकुम काजिहरुका सल्लाह विना हारालुछ गरि जसलाइ पायो
तसलाइ चर्न्हे नदिनु हातिलाइ वनेठि भालाको हात र बस उठ् दौड सिकाइ
रत्याइ राषनु षेदामा पनि धेरै पनि बढिया ठुलाठुला मत्ता पनि सालवसाल
भरिसक्या गरि बाधनु ठुलाठुला बढिया सवारि सिकारि षेदा माफिकको
न उठाउनु सुन्दर प्रसाद जत्रा ठुला हाति गोटा १० मद चुहुन्या मत्ता गराइ
फिलषानामा राषनु दान र उठाउना माफिकका अटकलि राषिकन सिवा यी
हाती बेचीकन रुपया ल्याउनु घोडालाइ पनि जात अनसारको तरह तरहको
चाल सिकाइ सघाइ राषनु दान माफिका रंग रंगका घोड़ा बेलामा पुऱ्याउनु
अस्तबल षानामा नभयामा काज नअडकाउनु षोज मेल गरि काज चलाउनु
पछिवाट काजि षजांचि छेउ भनि रिन् तिरि मागनु दारोगा सवारि माहुत
चिरुवादार नाइक्याले फिलषाना अस्तबलषानैमा सुत्नु हाति घोडाको टहल

नगर्न्या माहुत चिरुवादार घासेलाइ मुषबाट गुहुको हकार आउन्ज्याल सम्म थिचनु ताकिति नगर्न्या काज अडकाउन्या दारोगा सवारिलाइ पनि काजि-हरुले विति गरि षोसनु तं विह गर्नु———सब सुबेदार कंपनीले दर्वारका ढोका ढोकामा सुत्नु पालासंग देसि विदेसि चोर छिनार आया गयाको विचार गरि ठहराइ तस्ता मानिस पक्रनु भैवाद भारामित्र नपस्नु माया मोलाजा डर कसैको नराषनु चौतरिया काजि सर्दारले अह्रायाको फगत सर्कारिया काज मात्रै तत्पर भैगर्नु कंपनिको ज्मादारको फारफेर गर्दा काजिहरुका सल्लाह संग लायकका सुरा मानिसलाई दिनु कमारा बांघा षेपुवालाइ नहालनु श्रीरिफ राजा भनि मात्रै रहनु जाँड भांग नषानु जुवा नषेलनु व्यर्थ डुलन्या नगर्नु भैवाद काहा जान्या एकांत वस्न्या पछे गरि बोलन्यालाइ चिवा गरि पक्रिल्याउनु पक्रन्या अवसर नपर्न्या जसले फेला पार्‍यो तसले दुबैलाइ पर्रा लाइ उडाइ दिनु तात गर्न नसकन्या सुबेदारलाइ काटि दिनु तावापत्र वमोजिम नरहन्या र गर्न नसकन्या भारालाइ परालाइ उडाइ दिनु आफ्ना व्याहिता स्वास्निलाइ अर्काले गर्न्याको जानि जार हान्न नसकन्या र जार हानि नाक काट्न नसकन्या ढाल-वंदलाइ जन्म भरि जागिर नदिनु आज उप्रांत भाउज्यू विगार्न्यालाई काटना लाइ काटनु मुडन्यालाइ मुडनु देउदेउताको पाउ छोइकन पचाउन्या र किरिया हाली किरिया पचाउन्या मानिसलाइ फलासि तताइ मुषवाट हाली कंढा परि-बाट जिब्रो झिकन्या गरि ठोकनु———टकसारिले गर्न्या काज माहाजन जतिछन् सबैलाइ मिठो मासनु गरि भोट हात लीन्या काम गरि टकसार चला-उन्या काम गर्नु आहाको चलन घटिया चालनि नगर्नु छाप मार्ने वांडालाइ पनि चासनी विगार्‍या हात काटिएला भनि उदि दि राषनु मेरा परियार सबका जियमा सच विसंचि हुंदा देवदेवताको काज सान्ति स्वस्तयन दान सौगात उठा-उनाको आफ्ना रकमको माल कत्ति नअडकाइ चाडो सरसापट गरिकन पनि दिनु आफना फाजिल पर्‍यामा वाह बुझाइ फाजिल ठहर्‍या काज षर्जाच छेउ रिए तारि मागनु छाप मार्न्या मोहरको छाप भन्दा दामको छाप अर्घ्यालो गरि मार्नु माहा-

जन र टक्सारका रकम्का मानिसलाइ वेजान्नि र अनराहासित कसैले मिचन नदिनु माहाजन्लाइ त सल्लाह गरि भोट मध्येस चलाइ महसुल वढाउन्या काम गर्नु··· दफदर षानाका डिट्ठा भैयाहरूले गर्न्या काज ५० साल युढोका कागज पत्र वेस गरि वुझि वाजविचारि रकम गर्नु ताहा उप्रांतको साल सालको वहि वुझि दाम चुक्याकालाइ डिट्ठा छेउ भनि हजुरमा विंति पारि फारषत गराइ दिनु वाजवि आउदो रुपया चाडो असुल गर्नु अत्र उप्रांत रकमदारसित मिलि मोलमा दरफेर पारि रुपैया वटाइ कागज विगारि घुस चोरि षान्या भैयाका पट्टिलाइ विराउ विसेषको सासना कतिलाइ छाला काटनु कतिलाइ हात काटनु कतिलाइ हाड पुऱ्याइ डामि निकालि दिनु सालसालको तोसाषानाको वहि चाडो नवनाया मैन्हावारि वासिलवाकि फर्स्याइ नल्याया चाहिदामा माग्याको कागज चाडो नल्याया दर्वारको लायाको काम छोडी विलंव गरि अरु कागज गऱ्या जाड भांग षाया जुवा षेल्या आज भोलि ऱ्याहा भयाका भैया वाहिक विना हुकुमले अरू कागज झिकाया वहिपत्र लुकाया ऱ्याहाको छिचरो पातलो देसमा लेष्या विराउ विसेष हात काटनु गुहु षुपाउनु हुस तुल्याइ गदाहामा चह्राइ देसफिराइ निकाला गर्नु······विचारिहरूले गर्न्या काज जो परि आयाको भै झगरा पंच राषि पित्र र पुत्र समझि निसाफका राहाले पक्ष रिस नगरि अंन्या नपारि कुरो वेस गरि केलाइ झगडा चाँडो-चाँडो तोडी वाजवि आमदानि ल्याउंदै रहनु येक पटक छिन्याको फेरि सुन्न पऱ्या अगाउको कुरा छिंन्या पंच विचारिलाइ कायल गरि अंन्याय पारि छिंन्यालाइ डंड तागिर गरि तव कुरा सुन्नु दुनिञा र रकमका कुरा आफना अम्वलमा हुंदा हुंदै च्याति ल्याउन्या नगर्नु अमिलले विजाइ गऱ्याको भनि फीराद गर्न आयाको झगरा आमिल स्मेत डाकि जोरि कायल मुकायल गर्नु र आमिलको विजाइ ठहऱ्या अमिललाइ डाडनु आमिलले त न्यायै गऱ्याको ठहऱ्या फिराद गर्नु आउन्याको कुरा पनि नसुन्नु उसलाई डाड पनि गर्नु— छेभडेलले गर्न्या काज देवल सांघु पाटी दर्वार धर्मसाला पौवा वनाउदा फर्मायस माफिकको राम्रो वलीयो पर सम्म टिकन्या चाडो गरि बनाउनेन

सर्कारिया जग्गा ज्या कहि छन् भक्त्या विग्न्या चूह्याको हेरि विचार गरि सालवसाल टालटुल गर्दै रहनु परापूर्व देषि भै आयाको छेभडेलको रकम गरि तस्का आमदानिले इटाचपलि बाट छेभडेलले दिन्या रकम जो हुनमा कत्ति नअड काइ काम चलाउनु आमदानि छैन क्याले गरौं भनी काज अटकाउन नपस्नु परि आयाका देवदेवताको सान्ति स्वस्तयनको काज षोजमेल गरि पुऱ्यावनु पछिबाट आमदानि भयामा लाग्याकोरिए तानु साल वसाल बहि बुझाइ फारषती लिन्या गर्नु नेपाल भरिका देवल धर्मसाला पाटिका गुठ गुठियार कायम छदैमा गुठको आमदानि गुठियारले षाइ जग्गा विगऱ्याको जोछन् सो षोजी हेरी ठहराई गुठियारले षायाको भया कायल मकायल गरी षायाको वालीको दोवर लीइ जगा बनाउन लाउनु आज देखि उप्रांत साल वसाल गुठका आमदानिले गर्न्या काज नगऱ्या तेरा हातबाट गुठ षोसियेला भनि चेताइ दिनु सहरमा चोरि हुंछ तसर्थ रात विरातमाहा नाइक्या सहरमा फिराइ दुइ प्रहर रात देषि युढो फिर्न्यालाइ पक्रि काज कामले हिडन्या साधुलाइ छोडिदिनु चोरलाइ र नजाना ठाउँ गै चन्द्रायण पार्न्या छिनारलाइ कायल मुकायल गरि हुकुम बमोजिमको सासना गर्नु—तावापत्र वंदेज र हुकुम लायाका साना ठुला काजमा अलिकति नमान्या डवल गऱ्या पनि काटना जातलाइ काटी उसका परिवार स्वास्नि दमाइ कामिलाइ उठाइ दिनु मुडना जाति लाइ मुडि उसका परियार समेतलाइ डोकामा हालि भेडाहा तारिदिनु काज नगर्न्या अर्कोलाइ भन्याको छ भनि टार्नामा पऱ्याको मुषमा हाड सम्म पुगन्दा गरि डामिदिनु इति सं १८५५ साल मिति फागुन सुदि २ रोज ६ शुभम्—

**नं० १० श्री ५ रणबहादुरको ले. ज. क्लार्क, कलकत्ताका नामको पत्र**

**( प्रशस्ति )**

श्री ईश्वरका अनुग्रहले र बड़ा साहबहरूका अकबालले संबत् १८३१ साल देषि संवत् १८५५ साल संम राजगद्दीमा बसी सबै प्रजा प्रानीलाइ सुष पूर्वक राषि मुलुकको थीती वंदोवस्त गरी कंपनी सरकार र नवाब अरू बडाबड़ा राजा अमीरहरू संगका दोस्ती अघी भंदा बढाइ गऱ्याको हो

हाल मेरो यो इरादा भयो कि महाराजकुमार गिरवान युद्ध विक्रम साहा बहादुर लाइ संबत् १८५५ साल फागुण सुदि २ रोजका दिन बढिया सायेतमा राजगद्दीमा वीराजमान गराइ व्याहाका भारादारहरूलाई कामकाममा थामी आफू यो संसार तुच्छे संझी ईश्वरको भजन गर्नालाई अषतियार गरें यो कुरा ठुला सर्कारका दोस्तीका लेहाजले इत्तलाये दिनुलाई मुनासिव जानी अर्ज गर्दछु की जस्तो म माथी मेहरवानीको फर्माउनु भयाको छ तस्तै कम उमेर भयाका महाराजाकुमारमाथि अघिको भंदा ज्यादा र मेरा पालामा भंदा दोवर मेहरवानगीको नीगाहा रहोस् महाराजाकुमारका तर्फबाट पनि ठूला साहेबान संग दोस्ती राखने काम हुनेछ ( संवत १८५५ फागुण वदि १३ मा ) ।

## नं० ११ श्री ५ गीर्वाणको ल्काकका नामको पत्र

(प्रसस्ति) ईश्वरका अनुग्रहले र ठुला साहेवानहरूका अकवालले संवत् १८५५ साल फागुण सुदि २ रोजका दिन म दोस्त राज गद्दीमा बसी मुलुकका वंदोवस्त भारादार कारिंदाहरूबाट गराव्या अधीदेषि अंग्रेज कंपनी सर्कारसंग म दोस्तसंग दोस्ती भै आयाको हुनाले उमेद गर्दछु की जस्ता तरहले महाराजाधिरज माथी दया मेहेरवानी गर्नु भयो उस्तै तह्रसंग अघी भंदा ज्यादा म दोस्तका पालमा हुने गरी नीगाहा गर्नु होला म दोस्तका तर्फबाट पनि दोस्तीका लेहाज राषना छु ( इति संवत् १८५५ साल फागुण सुदि ५ । )

[नोट—यी दुबै पत्र फारसीमा लेखिगएको थियो—ले०]

## नं० १२ काजी सर्वजीत पाँडेको नाम बधाइ-पत्र

श्री ५ बादशाह                                        श्री परमेश्वर

स्वस्तिश्री ५ बादशाहका हुकुमले भोटको काज गर्न्या अम्वा लुइकोस्योस च्यान्लिपु सिलान् श्री होतारिन्ले पठायाको पत्रम्······स्वतिश्री भोटगोर्षा दुइतरफ चिठि पत्रको काज गर्न्या सर्वजीत पांडेकेषु······उप्रांत आफुले चढाइ पठायोका पत्र नरीवरगुदो आए पुग्यो आफ्नु चिठिमा लेष्याका महाराजाले

द्वितीय मैन्हाका दिन २ ज्यादा बढिया साइत शुक्रवारका दिन राजाका रजाञ्चि आफ्ना छोरा साहेब श्री गीर्वाण युद्ध बिक्रम शाहलाई राज्याभिषेक वक्सी आफु……का ध्यानमा रहनु भयो तेस्मा मलाइ पनि गोर्षा भोट २ तर (फ) को चिठिपत्र आवत् जावत् काम तैंले गर्नु पर्छ भनी हुकुम भयो त तेस्मा मैले पनि सानु मन्सुव गरि काम काजमा हुकुम भया माफिक मिहिनत् गरि बनाइ काम काज गरुला भनि विंति गरि पठाया छौं बढिया उप्रांत तिमि-लाई राजाले भोट गोर्षाको चिठी र आवत् जावत्को काम वक्स्याको रहेछ तेसमा आफुले पनि एक मन एक चित गरी सोझो सेवा टहलमा मिहिनत् गरि गर्नु वाँकि हामि हुकुम अंवाहरूले आफ्ना राजालाई पठाइ दियाको चिठी र भोटषाट पठाइ दियाको चिठिपत्र सब ताहा पुगनि विन्ति चाँदो गरि राजाका हजुरमा चढाइ उत्रा पत्र काम काज नधिलाइ नबिर्सिकन चांदै जवाप वक्सनु होला भनि विंति गरि तुरंतै राजावाट निकासा गरि काज गर्नु वाँकि सर्दार चामु भंडारिले पनि काजकाम गरिसकियो र विदा गरि ताहां काठमांडौं पठाइ दियाको छ उसका हात हामि हुकुम अम्बाबाट तिमिलाइ इनाम ठैला जोडा १ पठाइ दियाको छ हेरि लेउ आफु कूशल आनंद चाहिए इति च्याछिन् ४ साल ४ महिना दिन ७ रोज ७ जादा मुकाम लासा यामन शुभम्—।"

## नं १३ (क) सप्तरी महोत्तरी जिल्ला रक्षार्थ पठाइएको आदेश

स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का—

आगे सप्तरी महुत्तरीका सुवा फौज्दार चौधरि प्रति इहाँ कसै मानिसले नभयाको कुरा कल्पित गरि (श्री बुवाज्यू) का हजुरमा विंति गर्दा त्यसै कुराको पुर्पुच्छथ निमित्त्य राल घोल परिरहेछ ताहाँ पनी गुल गलावा घेरै पुगला तस्मा कसैको चित्त हडवडाउनु नदिनु, आफुले पनी कसो होला भनी दोचित्त नमांनु ऱ्याहा विरिन पाउन्या छैन षातिर्जमासँग आफ्ना गढगौंडाको संभार गरि षबर्दार भैरहनु देसको षवर पनी बुझदै रहनु ऱ्याहा

भयाको विस्तार पछिबाट लेषौंला इति सम्वत् १८५७ साल वैसाष वदि १४ रोज ३ शुभम् ।

### (ख) मोरङ्ग जिल्ला रक्षार्थ पठाइएको आदेश

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का——

आगे मोरंका सुवा फौज्दार चौधरिप्रति ( बाँकी व्यहोरा सप्तहरी वालामा जस्तै ।)

### (ग) वारा पर्सा, र रौतहटको रक्षार्थ पठाइएको आदेश

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे वारा पर्सा रौतहटका सुवा फौजदार चौधरि प्रति ( बाँकी व्यहोरा क-र-ख जस्तै ) ।

### नं० १४ (क) फर्पिङ्का जनताका नामको लालमोहर

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे फर्पिङ् षवाटपुर टेकरका अम्बालीया द्वाऱ्या जेठा बुढा जागीऱ्या ढाक्रया चारवर्ण छतिस जात प्रति जति सिपाही छौ ततिले आफ्नु हात-हतियार लो वितावार ब्राह्मणले विसामुरि लो प्रजाले गोली सार्किले छाला ली कर्मीले आफ्नु कमाउन्या सराजाम ली जतिसक्यो चाँडो चाँडो आऊ नुवाकोट नआइ अनेत्र गया ढिल गऱ्या धन डंड जिउ सासना होला कम्पनिका सिपाही केहि काजले ताहाँ आयाको भया पनि चाँडो इहाँ पठाऊ एस्कुराको ठेगाना भया पछि तिमिहरू सबैको थिति रिति गरि बक्सौंला इति सम्वत् १८५७ साल मिति वैसाष सुदि ११ रोज ५ शुभम्—।"

### (ख) थानकोटका जनताका नामको लालमोहर

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का—

आगे दहचोक थानकोटका लगाभरका अमालीदार द्वाऱ्या जेठावुढा

जागीऱ्या ढाक्र्या चार वर्ण छत्तिस जात प्रति (बाँकि व्यहोरा नं० 'क' सरह ।)

## (ग) सिंधुलीका जनताका नामका लालमोहर

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे सिंधुलीका अम्बालीदार उम्रा द्वाऱ्या प्रति तिम्रा अम्बालका जागीऱ्या ढाक्र्या सिपाहि जातका जति छं आफ्ना हतियार लीकन नुवाकोट आइ पुग जो सिपाहिका जातमा आउँन निमक हराम ठहरियौंला रुक्का देषत नुवाकोट हाम्रा हजुरमा चाँडो आउ इति सम्वत् १८५७ साल वैसाष वदि ६ रोज ५ शुभम्—।"

## नं० १५ श्री चारकाजीको नाम अम्बाको पत्र

श्री बादशाह

स्वस्ति श्री ५ बादसाहका हुकुमले भोटको काज गर्न्या लुइकोइयो सच्याँ-लीयु सिलानपु टुशु श्री होतारिन् सेली टुचान् ताथेन् श्री इन्तारिन दुइले पठायाको सिट्टि ( चिट्ठी ) पत्रम्—

स्वस्ति श्री गोर्षा अतिनिवाङ्_गीर्वाणयुद्धविक्रम तथा······राज भाराक सामर्थ काजी श्री दामोदर पाँडे श्री त्रिभुवन श्रीनरसिं श्री कीर्तिमान सिंह केषु······उप्रान्त एसाल अधीक चतुर्थ महीनाका दिन १७ जाँदा तासमूमा आफु राजा भाराले चढाइ पठायाको चिठि आए पुग्यो चिठिमा हेर्दा······ बाट वक्सी पठाउनु भयाको सुनको पर्माना र ईनाम् जात २ का कोचीन थैला समेत् आउँदा आदर भाव गरि आफ्ना हातले उठाइ हर्षसंग लिन्यो तेस्मा·······का हजूरमा टुयो मेहेर भयो भनी उत्तरा अर्जी चाँदो गरी चढाइ पठाउँला भनी लेष्याको हामि हुकुम अम्बाहरूले देषदा आफुहरू राजा भाराले एकमन् एक चित्तले मान भाव गऱ्याको हामि हुकुम अम्बाहरूले सदेस देष्या जस्तो मानि मनमा बहुतै षुसि भऱ्यौं बाँकि आफुहरूका चिठि लेष्याको······का हजुरमा चह्राय पठाउन्या अर्जि विलंब भयाको अर्थलाइ आहा वुढा महाराजाले ध्यान धर्मको काम छोडि राजकाज

को काम गरि हुकुम चलाइ जाव्नी वेजाव्नी गरि गर्दा प्रजाप्राणिको मनमा ननिको पर्न गयो उप्रांत १।२ घटिया मानिसले हुँदो नहुँदो विंति गरि उनै मानिसले फिलंगिको मुलुकमा गै फिलंगि उठाइ चढाउनाकन वुढा माहा (राजा) लाइ मध्येस् तिर लैग्याछन् र षामिन्द हाम्रै हो वुझाइ समझाइ फिरायि ल्याउनालाई भारा भला मानिस पठाइ राष्याको छ भनि लेष्याको कुरोलाइ व्याहा हामि हुकुम अँवाले दुनियाका मुखले षवर सुन्दा रणबहादुर साहले आफना रजाव्नी आफ्ना छोरालाइ दी सक्या पछी मति भ्रमन गरि कामकाज सबै उल्तै गरि गर्दा मुलुकमा विगार हुन गयाको हो एस्तो भयाको :थाउँमा पनि तिमि चार काजिहरूले जस्ताको तस्तो भयाको कुरो विंति गरि पठाउन्याँ हो र विंति गरि पठाइन छौं आजु महाराजा भन्या वालष छन् काजकाम केहि न जान्योका हुनाले तिमि चार काजिहरूलाई अष्त्यार पत्यार गरि राष्याको हो तस्मा तिमिहरूले एक मन एक चित्तगरि महाराजाको टहल गर्नु गर्‍या पर संम·······को मेहेर हुनु हुन्याछन् उप्रान्त वुढा राजालाइ पनि आफ्ना जगा राज गराइ ध्यान धर्ममा गर्नामा लाउनु धर्मको काजलाइ र षाना पिनाको सराजाम सब चाहिन्याको पनि पुर्‍याइ चह्राउँनु अन्त मुलुकमा कटै जान नदिनु नपठाउनु आफना मुलुकको पनि संभार गर्नु तसो गर्‍या आफ्ना प्रजा प्राणि सवैलाइ बढिया आनन्द सुख होला बाँकि हुँदो नहुँदो गर्न्या १।२ मानि (स) भयाको पनि तिमि चार काजिहरूले घटिया मान्छेहरूलाइ पक्री तंविको काजकाम गरि एस्ता घटिया माँछेलाई वुढा राजाको हजुरमा पनि जान नदिनु बन्द गरि आफुहरू सबैले एस्तो बन्दोबस्त गर्‍या पछि महाराजले पनि वुढा महाराजलाइ मान भाव गर्‍याको जस्तो पर्न जाँछन् आफु चार काजिहरू पनि न्याए नितिको कर्ता मूल भारादार हुन्याछ पछि श्री महाराजा गिर्वाणयुद्धविक्रम साह उमीर भै कामकाज जाँन्या भया पछी तिमि काजि भाराले मेरा तहलमा बहुतै मिहिनत् गर्‍याको रहेछ भनि समझि हुनु हुन्या छ तसर्थ महाराजले आफना वुवाज्यूको मान भाव गर्नु आफु काजीहरूले पनि महाराजाको सेवा तहल्मा मान भाव गर्नु तसो गर्‍या

पछि दुवै तरफ वढिया हुन्या र जुग जुग सम्म·········को मेहेर हुन्या छ तिमि काजी भाराको सन्तान भरिलाइ पनि वढिया आनन्द हुन्याछन् परन्तु मुष्य एस् कुराको तिमिहरूको आपस्त घरको काम हुन् हामि हुकुम अम्बा पनि ताहै छन् तेस्मा हामिहरूले विचार गर्न्या जोग्य त होयिन भया पनि तिमि-हरूको मुलुकमा नमिल्न जाँदा सुनि हामिहरूको मन्मा बहुतै विषुसि हुन गयो बाँकि आफुहरू राजा भाराले विंति गरि पठायाको हाम्रा मुलुकमा ज्या कामकाज भै परि आवला विंति गरि पठाउँला सोहि माफिक अर्ति उपदेस दिनु होला भनि लेष्या छौ लेष्या माफिक अर्ति लेषि यो चिठि पठाइ दियाको छ उप्रांत एस्कुराको कामकाज बन्दोवस्त गरि एस्तो गर्न्यौं भनि विस्तार थीक लेषि र महाराजाबाट·········का चह्राइ पठाउन्या अर्जी र दुवै सँगै चाँदो २ गरि पठाई दिनु होला सर्वथा इति च्याछिं ५ साल अधीक चार मैन्हाको दिन २१ जाँदा शुभम्—।

## नं० १६ स्वामी निर्वाणानन्द ( उर्फ रणबहादुर शाह ) को पत्र

श्री महाराजा

७; ६; ११; १६; २०,

| केशरी मोहर |
|---|

स्वस्तिश्री समस्त योग कलाकोविद योगीन्द्रगणचिन्तनीय सच्चिानंद स्वरूप परिपूर्ण परब्रह्मानुचिंतनतदेकताधिगमैकलालस सांसारिकसकल विषया विनिर्मुक्त मानसेत्यादि विविध लोकोत्तर गुणग्रामाभिराम श्री माहा निर्वाणानन्दस्वामिनां सदा सत्कर्म शालिनाम्—

स्वस्तिश्री गिरिराजेत्यादि श्री भाइ शेरबहादुर शाह चौतरिया के आसिष शुभं कुशलंच उप्रांत कुल्याहाहरुले षेड गरि तँसित फाटो पार्दा मैले दुइ दिन टाढा वस ( ने ) हो भनि ज्याहाँ आइ वस्याका हुँ फेरि उनै कुल्याहाले····७···

का गादिको र जियको ना ( स ) गर्न षेड गर्दा तैंले···६····को गादि र जियको सँह्यार राषिस् भाइ भन्नु मेरो तैं रहेछस् मैले पनि गर्न नसकिन्या काम गरिस् विमात्रि भाइ होस् तपनि एकै भुडिका भाइले गर्न्या काम भन्दा पनि अधिक् गरिस् मैले तँलाइ एक भुडिका भाइ भंदा पनि अधिक मान्या अभ पनि पांड्याहरू श्री कृष्ण्या र मिश्रहरूलाइ बटुलिकन···११···र तेरो र ढुंगाको नास गर्न षेद गर्न्यैं छन् मिश्र र कालु पांडे तेरो वहुतै ठुला ठुला चुकलि हाल्थ्या तिनीहरूले चुगलि हाल्याको सवै झुठो रहेछ भनि मैले ठहराञ्या तँलाइ मलाइ फालि श्री कृष्ण्यालाइ राजा तुल्याउन्यालाइ यो प्रपंच रहेछ माहाअधर्मी चाण्डाल रह्याछन्। घा वंदोवस्तको ता निहुँ मात्रै छ मिश्र र दाम्या ता श्री कृष्ण्यालाइ वोकी नेपाल ली जाइ राजा थाप्नलाइ एकत्व भइरह्या छन्। वहुतै त्रहसित संह्यार राष्यास आफना भाइ छोरा पिंजरा पर्‍याको विर्स्याको होवोइन दगा राष्यैको होला तसर्थ पजनी र कम्पनी कुल्या ( को ) हात नसौंप्या···१६····को गादिको र ढुंगाको सह्यार राष मेरो घर गर कुल्याहा ( को ) भर नपर ( ज ) हाँ सम्म मेरा सन्तानको ताहाँसम्म···२० को (···) गरुंज्यानि कुकर्ममा नपसुंज्यानि तिमीहरुको चौतराइ छ निश्चय जान। पांडेहरुका मान्छेले तेरा घेरै विराउँका शोहरा पठाउँथ्यो अव त मेरा प्राण समान भइ रहेछस् तेरा विराउँ ( केहि ) रहेन छ भनि मैले जान्या तहावाट आयाका ११२ बडा मानिस ब्राह्मण छ ( अर्ति ) वक्सि पठाया वढिया होला भनि तैंले भनि पठाइछस् मैलेको (मुष्य)अर्ति येहि छ अरू जुन प्रकारले जो अर्ति मागि पठाउलास् तस् माफिकको अर्ति इहाँवाट भनि पठाउँला ताहाको वुढेवल भन्या पनि काका भन्या पनि दाज्यु भन्या पनि भाइ भन्या तैं छस् जस्ता प्रकारले···२०···को जियको गादिको ढुंगाको सह्यार गर्‍यास् जस ( अजस ) तँलाइ छ मेरो ता भाइ होस् भनि माया प्रीतिले लेषछु तैंले ता मेरो माया मारिस् भन्या झैं लाग्छ उपरका डरले चिठि पत्र लेष्न पनि छोडि होलिस् तेरो म जोहुँ सो अर्को होइन यो निश्चय जान इति सम्वत् १८५८ साल मिति फाल्गुण शुल्क ३ रोज १ मुकाम वनारस शुभम्—

## नं० १७ महारानी राजेश्वरीदेवीको पत्र

श्री ५ स्वामिज्यू श्री महाराजा

५ १

स्वस्तिश्री समस्त योग कलाकोविद योगीन्द्रगणचिन्तनीय सच्चिदानंद स्वरूप परिपूर्ण परब्रह्मानुचिंतनतदेकताधिगमैकलालस सांसारिक सकल विषयाभिलासविनिर्मुक्त मानसेत्यादि विविध लोकोत्तर गुणग्रामाभिराम श्री श्री श्री श्री श्री श्री महानिर्वाणानन्द स्वामिषु सदा सत्कर्म शालिषु--

स्वस्तिश्री गिरिराजे त्यादि श्री मन्महाराजाधिराज पट्ट राज्ञिश्री मद्राज राजेश्वरी देवीनां सदा सौभाग्य वतीनां साष्टांग डंडवत् सहस्र पूर्वक पत्रमिदं इतनिक ताहा चरणारविन्द कुशल मंगल चाहिये कृपा पत्र ३ आयो अर्थ बुझि शिर चढाञ्यू आगे इहाको समाचार प्रतापले भलो छ उप्रांत जियेको माया मारि फिरंगीको रुपया षान्न भन्या जवाप् दिन्या षर्चलाई द्वारकादासको कोठिमा गरि पठा भंन्या मर्जि आयेछ् जोग्य मर्जि आयेछ दैवागत कार्य्य कारणले कुशमयमा बनारस पुग्दा विषर्ची हुन जानाले फिरंगीको रुपया षाइयाको जोग्य पऱ्याको होइन केहि दिन षाइयो तपनि त्यो रुपया तिरि ताहाँ षर्च पुग्न्या अंग्रेजको रुपया षान नपर्न्या षडवर नहुन्या वन्देज गर्न्या हो भनि सर्कारबाट मर्जि नआवै साहुको रुपैयामा महुतरि सप्तरिको आमदानि भर्ना गरि विजैपुरको आमदानि वनारस् षर्चलाइ ताकिता पुऱ्याउनु भनि हस्तदललाइ सुवांगी दर्शन गराइ पट्टा कबुलियत् बांधि ऱ्याहाबाट पठायाको हो अंग्रेजका रुपया तिर्नाकन र जग्गाबाट तहसिल गरि तिरु भंदा अघिका गर्न्याले साठि सालको आमदानि पनि उनसट्ठी सालमा पैंचिलियाको हुँदा केह्री रुपया ढुकुटिबाट सापट लि पनि ज्मा गरि अंगरेजको रुपया तिरि पठायाथ्यौं बाँकि तिर्नाको तद्विर गरि तिर्छौं सबै सापट तिर्नु कति बाँकि छ हिसाब वकिस पठाया जाला अंगरेजको रुपया तिरि उसले भंन्या कुराको ठाउं नराष्या हजुरको घर चाँडो होला भनि सोहि

कर्तव्यमा लाग्या छौं जियको माया नराषि जवाफ दिनु भयाका अर्थकन देस्मा रहियाको अघि नचिह्नायाको आज षान्न भनि चम्काउनु सहज हुन्या होइन मर्जि भए छ त तस्को पूरण हामिले गर्न्यैं छ द्वारिकादासको कोठिमा ठेगाना गर्नाकन एति दिन संम पत्र वालालाइ थामि व्याहा रविलालसंग कुरा गरि ठेगाना पठाँउला भंथ्यू द्वारकादास परलोक हुँदा र भवानिदासलाइ व्याहाबाट षत पत्र गयाको नहुँदा नया मालिक छेउ सोधनि र सल्लाह नगरि निसा षातिरसंग लेषन्या कुरा गरेनन् तसर्थ द्वारिकादासको कोठिलाइ षत पत्र लेषि लेषाइ पठायाको छ तेस्ले अंकृत गर्‍यो भन्या चाहिया माफिक रुपैया व्याश्रा कोठिमा दाषिल गरौंला तेसै माफिक कोठिवाट हजूरमा दाषिल गर्न्या गर्नन् साठी सालको षर्च कार्तिक देषि हस्तदलले पुर्‍याउँला भनि करार गर्‍याको व्याहा कोठिमा गर्न पर्‍या सोहिं माफिक नाहिं तिलंगा साथ लाइ बनारस् पठाउनु भन्या पनि सोहि माफिक मर्जि आवस् हामि तयार छौं साहुको रुपया भर्ना नभैं प्रगन्ना तागिर नगर्नु भंन्या कुराकन तिम्रो रुपया भर्ना नहुन्ज्याल् तेस् प्रगन्नाको रुपया अरू षर्चमा लावैनु भनि तसल्लह गरि बुझायाको छ अनप्रतीत पर्ला भनि संदेह नगर्‍या जाला कामार्थीका दक्षिणा र धर्म रहन्या जश बढन्या कुरा अटकन्या होइन अघि अटकाया त पनि आज मर्जि माफिक दक्षिणा भर्ना गरि दिन्या छौं बाँकि करिजवनावाट म आउँदा मेरो वेपर्दा गरि बाटोमा आवरोह लिया······ १······भन्या बालष अरू भन्या हाम्रा सेवक चाकर हुन् ।"

(यस पत्रमा मिति छैन)

## नं० १८ रणबहादुरको कर्जा तिर्न रुपियाँ उठाएको लालमोहर

स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का—

आगे चौतरिया काजि सर्दार कपर्दार षजान्चि षर्दार जेठावुढा गैरह भारादार प्रति सम्वत् १८६० सालमा ( श्री दोदीज्यू ) का विवाहमा लाग्याको गोडधुआइ माफ गरि बक्स्यौं ( श्री वुवाज्यू ) ले चार वर्ष

बनारस रहनु पर्दा लाग्याको कर्जा तिर्नाकन वमोजिं तपसिलका दरले सलामि रूपया हाम्रा हजुरमा चह्राउन ल्याउ—

## तपसिल

| | | | |
|---|---|---|---|
| श्री चौतरिया प्राण साह— | ५५१ | सर्दार रणजीत कुँवर— | २७२। |
| श्री चौतरिया सेरवहादुर साह— | ५५१ | सर्दार अजम्मर पन्थ— | २७२। |
| काजि दलभंजन पाँडे— | ५००॥ | सर्दार बहादुर भंडारि— | २७२। |
| काजि भीमसेन थापा— | ५००॥ | सर्दार इन्द्रसिं— | २७२। |
| काजि त्रिभुवन — | ५००॥ | सर्दार मुस्या वनिञ्या— | २७२। |
| काजि जहर सिंह — | ५००॥ | सर्दार अंगद — | २७२। |
| काजी नरसिंह — | ५००॥ | कपर्दार भोटु पांडे — | २८३ |
| वाक्सी नाहसिं — | ४०० | षजान्ची उदै गिरि — | १२८ |
| काजि अमरसिंह थापा— | ५००॥ | होरील्दास नौसिंदास्मेतफीरुपया | ऽ- |
| षरदार वलभद्र पंडित्— | २० | जयेनन्द— | ७॥ |
| प्रोहीत जदुनाथ— | ७५ | डिट्ठा वीरु भंडारी— | ५२॥ |
| प्रोहीत भट्टराइ — | १७॥ | डिट्ठा दन्तराम — | ५२॥ |
| आर्ज्याल प्रोहित राधारमण— | २५ | डिट्ठा विश्राम षत्री— | ७२॥ |
| षनाल प्रोहीत सत्यधर — | १७॥ | डिट्ठा जालीम सिंह— | ५२॥ |
| अर्जाली चक्र — | १७॥ | डिट्ठा वेनुदत्त थापा— | ५२॥ |
| वंसवीर राना — | १२॥ | जेठावुढा बहादुर थापा- | २२॥ |
| वोहऱ्या हरीवंश — | १२॥ | जेठावुढा जगन्नाथ — | २२॥ |
| पंथ्याइ श्रीनाथ — | १७॥ | जेठावुढा स्यामलाल पन्थ— | २२॥ |
| पंड्यात्ती मुरारि पाँडे — | १७॥ | षरदार इन्द्रवीर — | २०। |
| षनाली भानु पाध्या — | १७॥ | सिनेहीदास नौसिंदास्मेत फी-रु० | ऽ- |
| धर्माधिकार — | ७५ | जेठा वुढा वलभद्र राना — | २२॥ |
| द्वाऱ्या भवानन्द — | ९० | दारोगा दामोदर जैसि — | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| द्वाऱ्या जगजीत | — | ६० | दारोगा सुषदेव पाध्या | — | १५ |
| भाजु धन सवारी | — | १२॥ | दारोगा वंधु षवास | — | १५ |
| वंसमनी रफरास | — | २२॥ | दारोगा जस्या षवास | — | १५ |
| चोपदार देवीदत्त पाठक | — | १२॥ | दारोगा वीरध्वज षवास् | — | १५ |
| चोपदार वंसिधर | — | १२॥ | दृदा भीमा | | ६ |
| नजिकी छिरिविऱ्या | — | १२॥ | जेठाबुढा जसधर राना | — | २२॥ |
| नजिकि नरसिंह | — | १२॥ | पुतवार नाइक्या वस्ति | — | २॥ |
| नजीकि जस्कर्न | — | १२॥ | पुतवार नाइक्या महेश्वर | — | २॥ |
| नजीकि रतन | — | १२॥ | पुतवार नाइक्या २ के | — | ५ |
| नजीकि वषतसिंह | — | १२॥ | गर्जमनी भंडाऱ्या | — | २॥ |
| नजीकि धौकल | — | १२॥ | रामधर भंडाऱ्या | — | २॥ |
| छेभडेल विधनिया | — | ७५ | नुवाकोटका अडै मोती | — | ७॥ |
| चौधरि धनवंत | — | २० | हलकारा जमदार | — | ११ |
| कोतलिंगको विचारि | — | १५॥ | देवपाटनका द्वाऱ्या | — | ७॥ |
| धनसारको विचारि | — | १५॥ | वडेगाउका द्वाऱ्या | — | ७॥ |
| टकसारि टेउंदिक | — | १०२॥ | कलस्या नीठगु | — | ५ |
| टकसारका विचारि | — | १५॥ | इटाचपलिका विचारि | — | १५॥ |
| अर्जवेगी इटाचपलि | — | १० | अडै रुद्रनारायण पाध्या | | १२॥ |
| अडैनन्द पाध्या | — | १२॥ | जसवन्तसो नौसिंदास्मेत फी रु० | | ऽ॑ |

इतिसम्बत् १८६१ साल जेष्ठ वदि १३ शुभम् ।

## नं १६ बालनरसिंह कुंवरको अर्जि-पत्र

श्री ५ महाराज वुवाज्यू श्री पसुपती श्री ईश्वर श्री स्वामिज्यू

५, ६ ८ ६ १

श्री ५ वडामहारानी

४

श्री प्राण साह
श्री बंसाह
२/७
श्री स्वामिज्यू पश्चिम तिर मुहुडा गरि
गादिमा विछाउनामा दुबै कुहुना अड्याइ
१ पाउ पसारि १ पाउ अड्याइ गादिमा
राज गर्नु भयाको थियो

| | | | | | |
|---|---|---|---|---|---|
| काजी भीमसेन थापा[1] | — | १ | चौतरिया रणद्योतसाह | — | १ |
| कर्म चंडाल[2] | — | १ | गुरुराज पंडित रंगनाथ पंडित | — | १ |
| चौतरिया बंसाह | — | १ | चौतरिया प्राण साह | — | १ |
| काजी रणजीत पांडे | — | १ | काजी रणधोज थापा | — | १ |
| काजी नरसिंह | — | १ | काजी दल भंजन पांडे | — | १ |
| साँढे बैद्य | — | १ | काजी बाल नरसिं कुँवर | — | १ |
| तेवारि विचारी | — | १ | काजी बहादुर भडारी | — | १ |
| षर्दार बलभद्र | — | १ | काजी वषतावर बस्न्यात | — | १ |
| | | | सर्दार वषत्सिं बस्न्यात् | — | १ |

त्रिभुवन्लाई पक्रि ल्याउन्या जयंत कुंभेदान र ज्मादार स्मेत ४।५ जना षड छन्—त्रिभुवन

सिपाही सुबेदार रत्नविर थापालाई मैले........१ लाई काषमा ले भंदा लियोथ्यो—

येति मानीस कचहरीमा वस्याका थिञं पहिलेको विज् त्रिभुवनलाई मार्न षोज्नु हुँदा उस्मा त्रिभुवन विस्नुमति पुग्या पछि मारिन्या र माटो षान्या काम् मैले गऱ्याको छ कि अरुले गऱ्याको रहेछ ला यो कागत पुऱ्याई दे भनि जयंत्याका हातमा कागत दियेछ र हजूरमा यो कागत आउंदा त्रिभुवन् झिकि हजूरमा आयो फिरंगिलाई कोठि दिनाको कुरा र अहदको कुरा ढुकुटिका रुपैयाका कुरामा तेस कर्मचंडालहरूको र त्रिभुवनको

१. भीमसेन थापा हत्याको समय कचहरी स्थलमा थिएनन् ।

२. शेरबहादुर शाह

पेट फुट्न जांदा यो उपद्रव भयाको हो कर्मचंडालले दुइ फेरा पानी षान जांछु भनि गयो र आइकन आफु बस्याको ठाउंमा बस्यो र हात जोड्यो मैले ता विरायको छ भनि अधिउडै कायल्भै थान्कोटमा विंति गऱ्यो थ्यां माफ बक्सनु भयोथ्यो भनि विंत गऱ्यो र ···१··· बाट मेरा जीयको भन्या माफ भयो ढुंगाका सम्बंधिका कुरामा ता मुषियाबाट माफ भया पो हुन्छ र मैले माफ दियेर काहां हुन्छ यो वाफ ज्यादाको छाला गया देषि तं क्या षाँदो होस् अरू गुलामूले ता जस्को मन् पऱ्यो उस्को चाकरि गर्नु हुंछ भनि हुकुं हुँदा चौतरिया २ र अरु भारादारहरूलाई इन्हेहरूले विराया कि विरायेनं भनि देषायो इ पाजी गुलामहरूको के लेषा छ तंता भाइ होस् भनि जवाफ वक्सनु भयो र चिया षांन जांकि भनि फेरि विंति गऱ्यो जा भनि हुकुम भयो र ५।७ कदं पर पुगिरहेथ्यो उस्वेलामा···१···वाट नानिको मुष सुक्यो अब भनी वुढा गुर्ज्यु सित हुकुं भयो र उसले पनो सुन्यो चिया षान्या ठाउंमा पुग्यो फेरि चाँडौ फर्क्यो तेसै वषतमा वारिमा जम्बू बोल्यो ···१···बाट सुन भनी हुकुं गरी वाहुलिले थामि जंबुको आवाज सुन्न लाग्नु हुँदा उस वषत्मा कर्मचंडाल चांडो कदं गरिकन आयो र तर्वारको मियान् षसायो तेरि आमा भनि चाँडो तर्वार चलायो र बाहुलि अलिक वांकि राषी छाति संम काट्यो र मलाई लौ वाल्या भनि हुकुम भयो हुकुम भयोको सुंनि विन्तिकै म पुग्दा आफ्ना हतियार तिर वाहुलि लैजानु भयो हतियार उठेन फेरि कर्मचंडालले चोट छोड्यो र काँधमा काट्यो मैले आइ पुग्या गरिप्रवर भनि विंत गर्दा गर्दै फेरि कर्मचंडालले चोट छोड्यो र दलिनमा लागीं बाहुलिमा छुरी कल्लोल र छुरी कल्ला वगी मेरो लबेदा काट्यो तेति भया पछि मैले कर्मचंडाललाई तर्वारका कवुजा माथी तर्वार समात्दा मेरो हात काट्यो फेरि मैले तर्वार छोडी घोक्रामा समात्यां र अंठ्याइ लोट्याइ घोप्ट्या पारि कर्मचंडालका कल नसामा षुकुरी रोप्यां कर्म चंडालले आफ्ना हातको तर्वार छोडी हात तनक्क तान्यो उसको तर्वार मैले हातमा लियां र म उठ्यां चौतारा ···२··· ले मऱ्यो कि मरेन भनि सोध्या।

र मैले उसै तर्वारले घोच्यां हान्या चल्नु चलमलाउनु केहि पनी गरेन तेस बेलामा मैन् बत्ति वोर्सि ढल्याको रहेछ र कोहि मानिस पनि देषिन अल्लिबेर पछि बूढा गुर्ज्यूको केटा ताल्याले चिराष ल्यायो र आफ्ना जगामा उभियाका देषिया ताहा पछि कुंभेदान रनसिं र जयेन्तसित येस कर्मचन्डाललाई, व्याहाँ नराषूं भनि सत्रंजा वाहिर ल्याई कर्म चंडालका ढाडमा कुलचि राष्याथ्यां तेसै वीचमा काजि भीमसेन थापा तलबाट भात षाई चुठिकन हात पुछतै माथी आया र कसो भयो भनी सोध्या र कर्मचण्डालले यस्तो कर्म गऱ्यो र येस्का घोक्रामा समाति लोटाइ षुकुरिले कल नसामा रोपि मारिकन व्यांहा घिच्याइ यस्को तर्वार षोसि वसि रह्याँछु व्याहा यस्तै भयो अव तिमि हजूरमा जाउ भनि काजि भीमसेन थापालाइ जवाफ दिव्याँ र उस् वेलामा कर्मचण्डालले आफ्नु सालको रूमाल झिकेर षुकुरिले रोप्याको ठाउँमा थुन्यो र लौ तिम्रो वावु ता मऱ्याको रहेनछ भनी काजि भिमसेन थापाले भंदा ताहा पछि हाँन्या भयाका जो-जो छन् हजूरमा जाहेरै छ येति भै सकिया पछि काजि भीमसेन थापाले साहि गुरु प्रोहित् पांडे वस्न्यात् थरघर तिम्हेरु सवै वसि... १....लाइ गादिमा मरायौ ता देष तिमिहरुका तमासा टेकुदोभान देषि आर्यघाटसंम सोला तुल्यांउ ता तव म भिउसिन थापा भनि ललकाऱ्या कसैले जबाफ दियेनं ताहा पछि काजि भीमसेन थापाले...१...लाई तल सारौं भन्या र लौ भनि तल साऱ्यौं माझ चोकमा कर्मचण्डालको सालो छुरी ढाल लिइ विच् चोकमा षडा भयाको रहेछ घना ठोका षुकुरी लिइ आँषामा विभूतलाई दलान् भरि मानिस् वस्याका रह्या छन् तेस कर्म चण्डालका सालालाइ मैले कर्मचण्डालको तर्वार हातैमा लियाको थीयो तेसै तर्वारले काट्याँ तर्वार पनी ३ टुकुरा गरी उसैका कपालमा भाच्याँ अरु दलान्मा वस्याका कर्म चण्डालका चोकरलाई लौ इन्हेहरुलाइ पनि कालि बक्सका तिलंगा कता गया लौ काट भनि भंदा जति भयाका सवै भागी गया तेस् रात्मा त्रिभुवनका घरमा भयाको कुरा यत्ति कै हो ताहा

पछी हामिलाइ वाहि वसालि काजी भीमसेन थापा हजूरमा[1] आया र त्रिभुवनका घरमा भयाको विस्तार विंति गऱ्या पछि मलाह हजूरबाट हुकुम छ भनी मलाइ डाकन आया र म हजूरमा जान लाग्दा कालीबक्सका तिलंगाले कर्म चण्डाललाई तर्वार चलाउन्या तिमिलाइ हामि येक छिन् पनि छोडदौंन भनि ज्मादार हुदा सिपाहिले मलाइ घेरि हजूरमा आयाँ र पंचभथाल संम तिलंगाले मलाइ छोडेनं काजी वषतवार थापा कपर्दार भोटु पाँडे आया र लौ तिम्हेरुकाका जिंमा भनि तिलंगाले भन्या र म मित्र गऱ्या मलाइ...४...वाट र...५....वाट कसो भयो भनि सोधनि भयो र मैले जति आफुले गऱ्याको यो लेषिया वमोजिमको विस्तार विंति गऱ्याँ चौतरिया...२...लाइ निधारमा घाउ लाग्याको छ उनैसित सोधनी भया कसले हान्याको रहेछ जाहेर होला भनि विंति गर्दा चौतारियालाइ वोलाहट भयो र चौतारा आइ हजूरमा विंति गऱ्याका कुरा मैले कर्मचंडालको घुट्टा समातेर घिच्याउँ भनेर जाइ पर्दा वातको सरिर हुनाले समातन वेसरि पाइन उसको तर्वार मलाइ लागि गयो कवर काजिलाइ लौ वाल्या भनि हुकुम भयो र यो पनी पुगी कर्मचण्डाल मनीवाट कवर काजि माथीवाट घोड़ा चढ्याको देष्याँ कर्मचण्डाललाई हान्याको यसै कवरले हो भनि चौतरियाले विंति गऱ्याको कुरा येहि हो इ कुरा सूंन्या साहिला नानि साहेव हुँदै हुन्छ काजी भीमसेन थापा छंदैछन् बुढा गुर्ज्यु लाई पनी कसो हो भनी सोधनी हुंदा गुर्ज्यु वाट विंति गऱ्याको कुरा गुर्ज्यु सित सोधनी भया जाहेर होला अरू भारादारहरू सोधनी हुँदा पनी कर्मचण्डाललाई हान्याको यसै कवर काजीले हो भनी विंति गऱ्याको सुंन्या काजी भीमसेन थापा छंदैछन् ताहा पछि तेस् कर्मचंडालले येस्तो काम् गऱ्या पछि तिन्का संतान्लाइ कसो गर्न्या हो भनी······४······बाट हुकुम हुँदा इन्का संतान् विदुर्साही त्रिभुवन

---

1. श्री ५ गीर्वाणयुद्धविक्रमका हजूरमा ।

नर्सिं इसवै काटिन्या हुन् भनी चौतार······२······प्रभृति सबै भारादारले विंति गर्दा उसै राती ३ काटिया चौतारा···२···ले पनी उसै राती चौतराई दर्शन गऱ्या तेस् रातिको कुरा व्याहि संम हो विर्केसर पांडेलाई र मलाइ काजी भीमसेन थापाले हजूरका···६···सित लगी यी कुरा तिमी २ जनाले धर्मसित विंति गर भनी भंदा उस वेलामा वीर्केसर पांडेले क्या कुरा विंति गऱ्याको हो मैले क्या कुरा विंति गऱ्याको हो सुंन्या काजी भीमसेन थापा छंदैछन् सोधनी भया जाहेर होला मुहुडामा पनी काजी अंम्बरसिं थापा कांजी नैनर्सिं थापा काजी रणजीत कवर भारादार कंपनी गैह्रलाई पनि···१···का गातमा कर्मचंडालले तर्वार चलाउदा तेस् कर्मचंडाललाई कवर काजीले येस् डवलसित हान्यो तिमेरूले आसौज वार भंन्या मोहर भैं गयाका छन् यो कुरा पनो सोधनी भया जाहेर होला····१····लाइ दाह गरि आया पछि चौतरिया····७···ले र काजी भीमसेन थापाले कवर काजीले तेस् कर्मचंडाललाई माऱ्या तिन्का जियमा दगा पर्ला तिन्का जियको रक्षा गर्न यौटा कंपनी····४···बाट हुकुम भयाको छ दर्सन गराउन्या हो भनी हजूरका···६···का हजूरमा विंति गर्दा लौ हुकुम भै जूठैमा दर्शन गऱ्याको विरभद्रजंग कंपनि हो हजूरका···५···बाट र···४···बाट मेरा वाफ वैरि साधि राषिछस् तलाइ षुप महेर्वान्गी गरो रोभ्फ बक्सौंला भनि हुकु हुंथ्यो उसै भरोसाका म थीयाँ आज हजूरका तिन पुस्तका गात येकै हो···८···का अंसिस् ···६···हजूर हुनु हुंछ···१···बाट महीना दीन अघि आफुसंग राष्नु भायाको जंगी तर्वार वक्सनु भयो मैले भन्याका मानिसलाइ काटनु तंलाइ माफ छ जसै म हुकुम दिंछु उसै हान्यास् भनि हुकुम भयाको थियो उस वेलामा लौ बाल्या भनि मर्जि हुदा षेर····१···प्रभु-का हुकुमले मेरा हात चल्याको हो सष पनो छ दिप पनी छ जो हुकुम उस वषतमा आंषाले देखन्या हुकुम भयाको सुंन्या मानीस कोहि मऱ्या तपनी कोही जीउदै छन् इन् सित सोधनी भया सब जाहेर हुन्या छ सहगामिनि हुन्या···४···वाट काजी भीमसेन थापालाई तेस कर्मचंडाल

लाई मान्या हान्याको कसले हो…१…कागातमा तर्वार चलायाको कुन् वेहोरा हो भनि हुकुम हुदा काजि भीमसेन थापाले जस्को नाउं लियाथ्या तिनसित सोध्या जावस् सोलामा चढन्या बषतमा पनि तैले बालनरसिंह कुवरले हो भनी विंति गरिस्ता तेस्लाइ वेस्गरि सिरोपाउ दियास् भनी काजी भीमसेन थापालाई हुकुम हुंदा मैले सुन्याथ्याँ हवस् भनि विंति गन्याथ्या मलाइ र आज भोलि गर्दै टान्या हजूर…९…का अवतार हुनु हुंछ विहोरा त्याँहि संमको हो मिहिनत् गन्याका र नगन्याको यो भुवारत देषन्या सुंन्या सबै बुढा गुर्ज्यू र काजी भीमसेन थापा जिउंदै छन् तिन्हेरूसित सोधनी गरि मेहराष्या जाला संक्षेप मात्रै लेषि चढायाको छ विस्तार हजूरमा विंतिगरूँला शुभम् ।" (मिति छैन) ।

## नं० २० स्यापर्मा लामाको धर्मपत्र

लिषितम स्यामर्पोलामाज्यू——

काजि छामारुङ्, जिङ् ढुंगोज्, जिटुङ् कर्मा तान्जे, गेलु छोजिङ्, उन्जेंमिन् डोन्, उन् जेथाचो, घेलं, आँजोम्, गाक पाछुछुङ्, झिमि-कर्माल्के, कर्माजोर्के, पेमाछाँ, करिल छोवाङ् तोर्जे छावाङ् गिमें छुंछो, हामि एतिले ल्हासा चिनिञाको माया मान्यौं गोर्षा श्री महाराजाका भञौं निमिष षाञौं गोर्षाको छिचरो पातलो लि भोट पुन्याउनामा पर्सौं त परिपंच गरि गोर्षाको काज हान्नमा पर्सौं गोर्षाका श्री महाराजाले अह्रायाको काज हामिबाट पुंगि आउन्या काज गर्नामा नपर्सौं गोर्षाका विना वुझले भोट् मानिस चिठि कुरोमा पर्सौं त श्री शिंभुको, श्री बौधको कुदृष्टि ल्हासा चिनिञाको माया मान्नमा पर्सौं गोर्षा श्री महाराजाका निमिषको सोझो गर्नामा पर्सौं गोर्षाको छिचरो पातलो भोट पुन्याउनामा नपर्सौं परिपंच गरि गोर्षाको काम हान्नमा नपर्सौं हुकुम गर्नामा पर्सौं गोर्षाका श्री महा-राजाले अह्रायाको काज हामिबाट पुगि आउन्या काज सोझो गरि गर्नामा पर्सौं विना वुझले भोट मानिस चिठि कुरो पठाउनामा नपर्सौं त श्री बौधको

सुदृष्टि हामि एतिले गोर्षाका महाराजालाई धर्म्मपत्र लेषि चह्राञ्यू सम्वत् १८४५ साल मिति जेष्ठ सुदि रोज २ मुकाम·········शुभम्।

## नं० २१ केरुङ् संझौता

स्वस्तिश्री गोर्षा महाराजाकन ल्हासाका राजाले सालिन्ना दिनाकन मितिको पत्र धर्मपत्रमा लेष्याको सालिन्ना पचास हजार एक रुपया ५०००१ वर्ष प्रति कर्कट संक्रान्ति देषि युढो सिंघ संक्रान्ति देषि ओढो एसै महिना दिन भित्र कान्तिपुरमा पुऱ्याइ चुक्ति गरिदिनु एस् बातका साछि स्वस्तिश्री गिरि राजेत्यादि, श्री मदूबड़ा वं साहदेव, श्री हरिहरो पाध्या, टकसारी स्यामलाल पण्डित, श्री दोरिन् काजी सुनामतेनजेन, पांजोछिरिङ्, षजाँचि दि वुक श्री स्यामर्पा लामाजि ध्यायवध्रम ( दामोदर ? ) पाँडे टुंडूप, साक्या झिपुन्, सुनाम इसे ढेवा, डुने डुंडुव फेंजे लिखक साछी-षरिदार विस्नु संषरका भाइ मेजर श्री धनसंषर सम्वत् १८४६ साके, १७११ श्रावण वदि १२ रोज १ मोकाम केरुंग शुभम्—

## नं० २२ केरुङ् संझौता विषयको पत्र

"स्वस्ति श्री सर्वोपमा योग्य श्री रणवीर षत्रि, श्री अम्बरसिं थापा, श्री वन्देव थापा अरु सभ कुह्‌वा थुम कंपनोका सिपाही के आशिषपूर्वक पत्र-मिदं याहा कुशल तहा कुशल चाहिये आगे इहाको समाचार भलो छ उप्रान्त चीनका बादशाहका हुकुमले चीनका अम्बा आइकन भोटको र हाम्रो घा वन्देज धर्म पत्र भयो प्रतापमल्ल राजा भीमल काजीका पालामा आधा कुतीतक भोटको र हाम्रो जो साँध हो सोही साँधको ठेगाना बाधी सालिन्ना भोटले पचास हजार रुपया कर काठमाडौं ल्याई तिर्नु गरी वन्धेज भयो अंवा समेत हाम्रा हजूरमा आया उनसंग वसउठ गरी चीन बादसाहथैं हाम्रो चिठीपत्र मानीस् सर सौगात समेत अम्वाका साथ पठाञ्यू तिमोहरू पनि गढी-गढीमा रह्याको षर्षजाना बन्दूक वारूद गोली

जजायल् गर्गोच् सभ अगाव हिडाइ जगा जगाका कुह्वा थूम समेत भै हजूर आव इति सम्वत् १८४६ भाद्र वदि २ रोज ६ मुकाम काठमाडौं शुभम्"

## नं० २३ रणबहादुरशाहका केही पुस्तकका नामावली

(१) नित्य पूजा पद्धति बाघको छालाले मोडेको ठूलो थ्यासफू— २

(२) रहस्य (मंत्र, ध्यान, न्यास, चित्र, सहस्त्रनाम आदि नेवारी अक्षरको समेत गरी) थ्या सफू जम्मा थान— करीब १००

(३) चित्रकारले लेखेको योग चक्र मथ्या सफू— २

(४) विंशांक निरूपण थ्या सफू— १

(५) श्री तलेजु दमनारोहण थ्या सफू— १

(६) प्रतापमल्लको पालामा चित्रकारले लेखिराखेको षट्चक्र योग पुस्तक र चौरासि आसनका थ्यासफू— १

(७) महाकाल संहिता ( आफैले लेखाएको समेत )— ६

(८) शैवतंत्राकाश भैरवकल्प, तंत्र राज, नीलतंत्र, षोडशनित्यातंत्र टिका समेत, कामाक्षा तंत्र, चीनाचारसार तंत्र, समयाचार तंत्र, योगिनी तंत्र, निर्वाण तंत्र, कुलावर्णव तंत्र, रुद्रयामल तंत्र, हाहाराव तंत्र, कालोन्तर तंत्र, काली तंत्र शर्भेश्वरतंत्र, आदि जम्मा— १९

(९) श्यामा कवच, काली कवच, महाकाल कवच समेतको— १

(१०) देवदेवतालाई पूजा संकल्प संग्रह र पुष्प चढाउने पद्धति— २

(११) श्री माहानारायण मंत्र, राज स्त्रोत्र, गोपाल सहस्त्रनाम, अनेक देवदेवताको चित्र सहितकोस्त्रोत्र,काशीखंडगंगासहस्त्र नाम,वक्रतुंड गणेश सहस्त्र नाम, विष्णुसहस्त्रनाम, गंगास्त्रोत्र, शरभ सहस्त्र नाम, शरभ कवच, शरभ माला मंत्र, शरभ स्त्रोत्र, शिवस्त्रोत्र आपदुद्धार वतक स्त्रोत्र, शरभ पूजा पद्धति,श्यामा स्त्रोत्र, विस्नोर्मानसी पूजा, गुप्त काली स्त्रोत्र, आदित्य हृदय, सरस्वती स्त्रोत्र, वज्रजोगिनी भुजंग प्रयात ध्यान, भुवनेश्वरी कवच, नृसिंह कवच, कर्पूरस्तुति आदि र चित्रसमेत लेखिएको विभिन्न थ्या र मथ्या सफू गरी जम्मा—करीब ६०

(१२) हिमवत् खण्डे गुह्येश्वरी स्त्रोत्र— १

(१३) छाया पुरुषलक्षण— २

(१४) काशी दीक्षित कृता लक्ष होम पद्धति— १

(१६) गीता भाष्य, यसको टीका, भागवत, शंकराचार्य विरचित वेद सिद्धान्त, बृहस्पति विरचित स्वप्नाध्याय, शंकराचार्य विरचित आत्मबोध शंकराचार्य विरचित सुधनाम प्रकर्ण, वेद, ईश्वर कार्तिकेय संवाद तत्व सार, तुलसीदास कृत चतुर्दश दंडक, आदि जम्म थान— १०

(१७) छंदोग्योपनिषद् भाष्य २, हितोपनिषद् भाष्य २, छंदोग्योपनिषद्, अथर्ववेदोपनिषद्, उपनिषद्, ब्रह्मणोपनिषद् भाष्य, मंडूक्योपनिषद् दीपिका, पारस्कर गृह सूत्र व्याख्यान, आदि जम्मा थान— १०

(१८) सुंदरदास विरचित योगको थ्यासफू, चिंतामणि विरचितायां हठयोग शास्त्र— २

(१९) वाल बुद्धि प्रकाश, बुद्ध मार्गको डाकार्नाथ तंत्र, निर्वाण संहिता, बुद्ध मार्गको प्रत्यांगिरास्त्रोत्र आदि जम्मा थान— ४


(२०) सामुद्रिक, सामुद्रिक उदित जातक, शारंगधर वैद्यशास्त्र, पाकावली, शारीरिक भाष्य २, रमल शास्त्र, आदि गरी जम्मा— १०

## सहायक ग्रन्थ


1. W. Kirkpatrick—Account of the Kingdom of Nepaul.
2. F. Hamilton—Account of Nepal.
3. W. Hunter—Life of Brain Hodgson.
4. H. Oldfield—Sketches of Nipal ( Vol I ).
5. P. Landon—Nepal ( Vol I ).
6. D. Wright—History of Nepal.
7. Aitchison—Treaties, Sanads and Engagements(Vol II)
8. H. Wilson—British India—(Vol II).
9. Thompson and Garrat—Rise and Fulfilment of British India.
10. B. Northey—Land of Gorkha.
11. D. C. Ganguly—Secrets Doccuments of the British Period of Indian History.
12. K. C. Choudhary—Anglo-Nepalese Relations.
13. F. Tuker—Gorkha.
14. सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा।
15. बालचन्द्र शर्मा—नेपालको ऐतिहासिक रूपरेखा।
16. ढुंडिराज भंडारी—नेपालको ऐतिहासिक विवेचना।
17. रामजी उपाध्याय—नेपालको दिग्दर्शन।

18. चित्तरञ्जन नेपाली—जनरल भीमसेन थापा र तत्कालीन नेपाल ।
19. ऐं. ऐं—नेपाल र तिब्बत ( अप्रकाशित ) ।
20. ऐं ऐं—नेपाल चीन सिमाना संधिपत्र ( प्रकाशनार्थ प्रेसमा )
21. इतिहास प्रकाश—भाग १
22. शारदा मासिक पत्र
23. प्रगति द्वैमासिक साहित्य संकलन

## (क) श्री ५ रणबहादुर शाहको मुख्तियारी भन्दा अगाडिको प्रशासन तालिका (मोटामाटी)



## (ख) श्री ५ रणबहादुर शाहको मुख्तियारी समयको प्रशासन तालिका ( मोटामोटी )

